इति.पु. ५०२

खण्ड-वैद्यनाथ क्षेत्र
अधाम



एक चिनारी

-सुरतब

ज्ञात. पु. ५०२

झाड़खण्ड वैद्यनाथ क्षेत्र अछाम एक चिनारी

सुरत बहादुर शाह

NEPAL SANSKRIT UNIVERSITY
पुस्तकालय

२०४४, निर्माण भेटी:- ३५।-

प्रकाशक

श्रीमती विमला शाह

कालिमाटी अछाम

श्री जगत नारायण स्थापित

८/२६६ फसिकेव, काठमाण्डौं

प्रथम संस्करण १००० प्रति

२०४४

मुद्रकः— निसा प्रेस, केलटोल काठमाडौं

"प्रत्येक देउराली, पहाडका भन्ज्याङ, नदीका तट र सङ्गम जस्ता सर्वत्र ठाउँहरूमा सार्वभौम दैवी सत्ताको आभास पाउने नेपालीहरूको सफा र सुग्घर बातावरणमा दिव्य भावको अनुभूति गर्न मन पराउछन्। त्यसैले नयाँ मन्दिरको निर्माण गर्नु भन्दा परापूर्वकाल देखि पूजिंदै आएका हाम्रो देवस्थलहरूलाई हाम्रो आभ्यन्तरिक दैवी भाव र भक्तिको बाहिरी रूप सुहाउँदो किसिमले संभार गरी राख्नु हाम्रो आजको कर्तव्य हो जस्तो हामीलाई लाग्छ। मन्दिरहरूको स्वच्छपन र जिर्णोद्धार गर्ने गराउने काममा पञ्च कार्यकर्ताहरू समेत अग्रसर हुनेछन् भन्ने आशा पनि हामीले राखेकाछौं।"

- श्री ५ वीरेन्द्र

भूमिका

प्रकृतिको अलौकिक रचना मध्येको बुढीयपुं नजिकको पाट-तोलोमा तिनमूलको पानी माटो नछोई ढुङ्गा फोरेर निस्किएको हुनाले यसलाई लिएर राज्यको नाम नै अस्माम्बु हुन गै कालान्तरमा अस्माम्बु, अच्चाम्ब अच्छाम हुदै हाल अछामको नामबाट चिनिने यो जिल्ला नेपाल अधिराज्यको सुदूर पश्चिम क्षेत्रको सेती अञ्चलमा पर्छ। यसलाई नौखुवा अछाम पनि भनिन्छ । पञ्चायती दर्शन अन्तर्गत यस जिल्लालाई ७१ गा. पं मा विभक्त गरेझैं तत्कालको शासन पद्धति अनुसार नौखुवा अर्थात आठ सय, पन्द्र बिस, पाँच सय आठबिस, छबिस, सातसय, नौबिस, मल्लो भैसोले र तल्लो भैसोले नामक ९ दरामा बाँडिएको थियो । जुन यो दराउदरा भन्ने प्रचलन अद्यावधि छँदैछ ।

खप्तडको सहस्त्र लिंग पर्वत र मालिकाको छहारीमा अवस्थित बाह्रखण्ड अठार खण्डको नामद्वारा प्रख्यात सुरम्य एवं पवित्र स्थल रामारोशन, हरियालीले भरिएका एवं थुम्कयाईला डाँडा र पवित्र बुढी गङ्गा, कैलाश लगाएत ईकरी, आदर्थालो, भिजेरी, गोदावरी (पर्वाली), सरस्वती (लुंग्रेली), पद्मजा (पायले), बिमकोटी, अर्पणा (छिपे), चाईरवा, कुईकेली, बिरवती, बारलागाड आदि नदी खोला-द्वारा बनाईएका एवं तिनीद्वारा नै सिञ्चित उब्जाउशील, उपत्यका, बेसी र टारहरू भएको अछाम सुदूर-पश्चिमानञ्चलका पहाडी जिल्लामा सबै भन्दा रमाईलो जिल्ला हो । पहिलेको धार्मिक समाजिक, स्थिति एवं यसले उत्पादन गरी राणाकालमा डांटीको पल्टनलाई चामल र पाल्पाको पल्टनको लागि उर्दिको कपडा आफ्नो मालपोतको रूपमा बुझाउने गरेको दृष्टान्तबाट समेत प्रभावित भै योगी नरहरि नाथ ज्यूले स्वयम रची २०२७ साल फाल्गुणमा मगलसेनमा आयोजित सभामा पाठ गर्नु भएको निम्न श्लोकबाट पनि यस जिल्लाको दिग्दर्शन हुन्छ ।

नाना शिल्पकला नयैं मिनभैंन्यायन गैयदिभि–
विद्याबुद्धि वलैर नत्यविम बैघनिन्यनैन घेन्वादिभि: ।
अक्षाम: सकलात्मनास कृतिनाभाच्छाम देशो महान
क्षाम: सम्प्रतिलक्ष्येत भिलषति स्वाक्षाम्ता पञ्चमि: ।

भावार्थ :- नौला शिल्पकला, न्याय, विद्याबुद्धि, बल र सम्पतीले परिपूर्ण हुनाको साथैं बैरिलाई पनि सहैं पार्ने शक्ति भएको अछाम झन पंचहरूको खुबिले धेरै शान्त देखिन्छ।

यहि सुन्दर अछामको धेरै कालसम्म राजधानी हुने सौभाग्य पाएका बान्नीगढी, थर्पु काठ्या, बुढीथपुं, कौवालेख, सुजौलिकोट (जिञ्चारी), बिनायक, श्रीकोट, वैद्यनाथ कालीमाटीगढी र मोतिपुरकोट लगायत दर्ना, बिमकोट, घुघुरकोट सल्लिकोट, सुरैंकोट, आदि ऐतिहासिक पुरातात्विकस्थल छन् भने स्कन्द पुराणमा "कैलाश र बिन्ध्याचल भन्दा पनि महादेवको प्रिय स्थल" भन ीवर्णन गरिएको तथा सोमवंशी राजाहरूको करिव २ सयवर्ष सम्म राजधानी रहेको र हरेक धार्मिक एवं पितृ कार्य गर्दा सर्व प्रथम वैद्यनाथ क्षेत्रे भनी पुकारिने वैद्यनाथ क्षेत्र काल क्रमले अपभ्रंश हुँदै हाल बैजनाथ हुन गएको प्रशिद्ध "वैद्यनाथ शिवलिङ्ग" पवित्र बुढी गङ्गा र पूण्यदायिनी सरस्वती नदी (लुम्रेलीगाड) को संगममा अवस्थित छ। श्री वैद्यनाथ शिवलिंग लगायत सिद्ध मण्डपनाथ, महाकाल भैरव, षडानन् स्वामी कार्तिक महाकाली आदि देव देविका ऐतिहासीक एवं सुन्दर मन्दिर, देवल पौवापाटी थिए। दुर्भाग्यवस वि. सं. १९८६ र १९९० को महाडोलबाट नष्ट भ्रष्ट भएको यस क्षेत्रमा अझै पनि प्रतिकको रूपमा देवालयहरू बनाई पूजा संचालन भैरहेको छ।

श्री वैद्यनाथ शिवलिङ्गको उत्पत्ती उहाँको महिमाको साथै नेपाल एकिकरणमा यसको भूमिका सम्बन्धमा कुनै पुस्तक नभई "बुढो मर्दैं कुरो सर्दैं आउने" परंपरागतज्ञान अनुकूल मात्र जानकारी हुँदै आएकोले कालान्तरमा यसमा अनेक बिकृति आई

वास्तविकताको लोप हुँन जाने हुँदा आफ्नो धर्म ईतिहास सम्बन्धमा हाम्रा सन्तानहरू अन्योलमा नपरून् र यस धार्मिक संस्था प्रति सबैको पुस्तौनी श्रद्धा कायम मात्र होइन आफ्नो जिम्मेवारीको महशुस पनि होस् भन्ने उद्देश्यले एक पुस्तिका प्रकाशमा आवोस् भन्ने सबैको चाहना थियो। बाल्यकालमा श्री बैद्यनाथको दर्शन गर्न जाँदा पुराना चिन्ह र हालको दुरावस्था देख्दा अन्तरात्मा पिरोलिन्थ्यो। त्यसैले यसबारे बढि जान्ने जिज्ञासा राखी त्यहाँ छरिएका पुराना चिन्ह देखाई सोधनी गर्दा मेरा पूज्य जिजु बुबा फुल बहादुर तथा जिजुमुमा पद्मावती शाह ज्यूले सुनाउनु भएको वर्णन, गाउँघरका बुढा पाकाको मुखारबिन्दबाट सुनिएका र चर्चित आख्यान तथा बंशावलीबाट साररूपमा भए पनि यसमा समेट्ने प्रयास सम्म गरिएको छ।

बास्तवमा यो झाड्खण्ड बैद्यनाथ क्षेत्र सम्वन्धित पुस्तक पहिले नै प्रकाशित हुनु पर्ने थियो। तर ईच्छा हुँदा हुँदै पनि प्रहरी सेवाको व्यस्तताले गर्दा लिपिवद्ध गर्न नै सकिएको थिएन। सौभाग्यबस प्रहरी बिभागको सदासयबाट काठमाडौंमा कार्यरत रहने मौका पाएँ। यही मौकामा मैले मृगस्थलीका महन्त श्री छिप्रानाथज्यू सँग सम्पर्क राखें। स्व. पीर श्री सुकदेवनाथ योगी ज्यूले उहाँका जिम्मामा राख्न दिएका श्री बैद्यनाथका लालमोहरहरू किराका गास बनि सकेकाले हो वा बृद्ध अवस्थाको कारणले राखेको ठाउँ सम्झन नसकेर हो दिन नसकेता पनि श्रद्धेय योगी नरहरि नाथज्यूको इतिहास प्रकाशमा भाग १ अध्ययन गर्न पाएँ। यसको अतिरिक्त मेरो कान्छा बुबाहरू स्व. तिल बिक्रम र उजित बहादुर शाहज्यूहरू-बाट प्राप्त लालमोहरका प्रतिलिपीहरू उक्त पुस्तकबाट पनि प्रमाणित गर्ने अवसर मिल्यो। बि. सं. १९२७ का लालमोहरको पूर्ण व्यहोरा छापिएको रहेनछ। यसलाई मैले पाएकै रूपमा राखेको छु। यस प्रकार (१) यसको धार्मिक एवं ऐतिहासिक महिमा देशभर प्रचार प्रसार गर्नु र (२) श्रद्धालु महानुभावहरूमा पुस्तक टक्रयाई भेटी

स्वरूप आर्थिक संकलन गरि वैद्यनाथ क्षेत्रको बिकासमा सघाउ पुऱ्याउने मूल उद्देश्यवाट "झाडखण्ड बैद्यनाथ क्षेत्र एक चिनारी' नामक यो पुस्तक तयार पारिएको कुरा श्रद्धेय पाठकहरूमा निवेदन गर्दछु ।

विश्वका एक मात्र हिन्दु सम्राट राष्ट्र प्राण श्री ५ महाराजाधिराज वीरेन्द्र वीरबिक्रम शहादेव सरकार तथा श्री ५ वडामहारानी ऐश्वर्य राज्य लक्ष्मीदेवी शाह सरकारको क्षेत्रीय भ्रमणको सिलसिलामा ०४३ साल माघ १५ गते देखि फागुन ११ गते सम्म दूसुर पश्चिमाञ्चल क्षेत्रको केन्द्र दीपायल नगरीमा सवारी भएको शुभ-अवसरमा चढाउने लक्ष राखी हतारमा यो पुस्तिका तयार पारी प्रेसमा दिइएको थियो । विभिन्न कारणले समयमा प्रेसबाट निकाल्न सकिएन । तैपनि यस महाक्षेत्रको धार्मिक एवं ऐतिहासिक महत्व र हालको दुरावस्था सम्बन्धमा बिन्तिपत्र सहित स्थानिय जनप्रतिनिधिहरूले बिन्ति चढाउँदा धर्मावतार मौसुफ सरकारबाट यस पुण्य स्थलको महत्वलाई हृदयंगम गरी बक्सी अशिम निगाहका साथ मन्दिरको पूनः निर्माणको लागि रु. १ लाख बक्स भएको जान्न पाउँदा मौसुफ सरकारमा सभक्ति हार्दिक कृतज्ञता चढाउँदछु । यसबाट स्थानीय जनतामा नयाँ हौसला र जागरणको प्रस्फुटन भै रहेको वेहोरा पनि यसै द्वारा पाठक वृन्दमा सहर्ष अवगत गराउन चाहन्छु ।

न त म कुनै साहित्यकार हुँ न त यो पुस्तक साहित्यका दृष्टिले प्रकाशित गरिएको हो । त्यसैले यसमा मीठो शैली एवं शुद्धाशुद्धिको दृष्टिले आँकने प्रयास नगरी श्री वैद्यनाथ क्षेत्रको ऐतिहासिक एवं धार्मिक महत्व सम्बन्धी जानकारी लिने प्रयास मात्र भएबाट हुनेछ भन्ने आशा लिएको छु । यस पुस्तिकामा पर्न नसकेका कुनै ऐतिहासिक कुरा अथवा उल्लेखित तथ्य बारे पनि शंका छ भने आफुले तथ्य सम्बन्धमा सुने जानेको कुरा उपलब्ध गराई दिनु भएमा त्यसको छानबिन गरी उपयुक्त ठहरिएमा अर्को संस्करणमा स्थान दिने

एवं सच्याउने प्रयास गर्नेछु ।

मान्यवर प्रहरी वरिष्ठ उपरीक्षक श्री मोतीलाल बोहराज्यूमा हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । जसले आफ्नो व्यस्तताबाट केही समय बचाई यो पुस्तकको पाण्डुलिपिलाई अद्योपान्त पढि प्रकाशनको लागि जुन प्रेरणा पाएँ त्यसबाट नै मलाई यस कार्यमा अघि बढ्न उत्प्रेरित गऱ्यो । साथै पाण्डुलिपि प्रकाशन व्यवस्था देखि प्रुफ सम्म हेरी मिलाउने सम्मका कार्यमा वेला कुवेला छुट्टि अमूल्य सहयोग गर्नु हुने मित्र जस्को प्रयासले नै यो पुस्तकाकारमा आउन सफल भयो । त्यो सिर्जनशिल व्यक्तित्व भू. पू. प्र. नि. श्री हरीभक्त बुढाथोकी (सम्पादक- सवारी संसार त्रैमासिक पत्रिका एव उपन्यासकार) ज्यूमा पनि हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

विशेषतः महाक्षेत्र सम्वन्धि यथार्थ विवरण जुट उनमा सहयोग गर्ने प्र. नि झंकार व्हादुर खड्का (अछाम), प्र नि. चन्द्र कुमार सि, प्र. नि. राम चन्द्र खनाल ज्यू स्थानिय प्रविन शाह, कल्याण नाथ, पु. गोवर्धन नाथ, दिपायलको महादेव नाथ, भाई दीपेन्द्र र कमल, छोरा महेश शाह, पाण्डुलिपि टाइप गरी दिनु हुने म क्षे प्र. का काठमाडौंका प्र. ह उमेश कार्की (स्याङजाली) र काठमाडौं वालाजु निवासी भू. पू प्र. स. नि. राम व्हादुर लामा लगायत यस सम्वन्धि हरेक प्रकारबाट अमूल्य सहयोग गर्ने साथीहरू धन्यबादका पात्र छन् ।

श्रद्धेय योगी नरहरि नाथ ज्यू द्वारा संकलीत एवं प्रकाशित इतिहास प्रकास र हाम्रो देश दर्शन तथा मान्यबर पूर्ण प्रकाश "यात्री ज्यू को "सेतो अञ्चल दिग्दर्शन" बाट पाएको सहयोगको लागि र स्वयमले खोज गरी अनुवाद गराई प्रकाशित गराउनु भएको "श्री स्कन्द पुराणे मानस खण्डान्तरगत केदाद्री महात्म्य" नामका दुर्लभ पुस्तिकाको 'वैद्यनाथ क्षेत्र' सम्वन्धि अंशको फोटोकपी उपलब्ध गराई सहयोग गर्नु हुने सिलगढीसेलगाउँ निवासी श्रद्धेय वयोवृद्ध प उमाकान्त भट्टज्यू तथा पुनर्निर्माण गरिने कार्तिक स्वामी

श्री बैद्यनाथ शिवको मन्दिर र सिद्ध मण्डपनायको देवल समेतको नक्सा तयार पारी सहयोग गर्नु हुने भवन विभागको आर्कटेक्चर ईन्जिनियर श्री मिन प्रसाद राई ज्यू र आवरण ब्लक तयार पार्नु हुने कलाकार प्र. नि. श्री मोहन सिं आले ज्यू हरूमा हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

यो पुस्तक प्रकाशनको अभिभारा लिगि दिनु हुने अछाम कालीमाटी निवासी श्रीमती बिमला शाह र ८।२६६ फसिकेव काठमाडौं निवासी श्री जगत नारायण स्थापित तथा मुद्रणमा सहयोग गर्ने निसा प्रेस केलटोलका प्रो. श्री मणिरत्न कंशाकार लगायत प्रेस परिवार पनि मुरी-मुरी धन्यबादका पात्र हुनु हुन्छ ।

यो पुस्तिका श्रद्धालु, सहयोगी एवं विकास प्रेमी महानुभावहरूका करकमलमा टक्र्याई आउने भेटी श्री बैद्यनाथ क्षेत्रको विकासमा लागोस भनि यो श्रद्धा सुमन अर्पण गर्दछ ।

– सुरत बहादुर शाह

२०४४।५।११ कालिमाटी गढी (अछाम) सेती

हरितालिका

विषय सूची

		पृष्ठ
१ –	श्री वैद्यनाथको उत्पत्ति	१
२ –	पूजाको व्यवस्था	५
३ –	महा शिवरात्री	८
४ –	पर्गलो (ध्वजा) चढाउने परम्परा	१३
५ –	होरीको देउडा	१८
६ –	मन्दिरको स्थाप्यकाल र 'पीर' पदको अभ्यूदय	२१
७ –	धामको व्यवस्था	२६
८ –	मेलमिलापको प्रतिक जमानी मठ	३०
९ –	पीर र उहाँहरूको अलौकिक कार्य	३३
१० –	देव न्याय प्रति विश्वास	३६
११ –	नेपाल एकिकरणमा श्री वैद्यनाथको आशिर्वाद	३८
१२ –	श्री वैद्यनाथकै कारणले विद्रोही राजासँग मैत्रि सन्धि	४४
१३ –	राजगुठीमा परिणत	४६
१४ –	श्री वैद्यनाथको अक्षता मालिकामा	४८
१५ –	श्री वैद्यनाथ मन्दिरको निर्माण र त्यस्को सेरो फेरो	५०
१६ –	श्री वैद्यनाथ धामको अवनितिको कारक तत्व	५५
१७ –	परम्परागत पूजा संचालनको लागि गर्नु पर्ने व्यवस्था	६१
१८ –	श्री वैद्यनाथ धामको पुनर्निर्माणको आवश्यकता	६६
१९ –	लालमोहरहरू	७०
२० –	गोरक्षाधीशले जाजरकोटी राजालाई लेखेको सामरिक पत्र सम्वत् १८४८ र ४९	८०
२१ –	होमारा पूजाराको व्यवस्था सम्बन्धिसनदपत्र	८४

२२ – आम्दानी खर्चको पंजिल ८६
२३ – पुर्ननिर्माणका प्रयासहरू ११०
२४ – श्री वैद्यनाथ महात्म्य ११३
२५ – अछामका सोमवंसी राजाहरू १३७
२६ – कालीमाटीगढीको एक शाखा १५९
२७ – प्रजातन्त्रपछि अछामको नेतृत्व १६०
२८ – योगी नरहरि नाथज्यूको दृष्टिमा हाम्रो संस्कृति र वैद्यनाथ १६१
२९ – छाप्ता छाप्तै १६३

"हिन्दु भन्नाले बैदिक, बौद्ध, जैन, सिख, नागा, लिङ्गायत समेत समस्त सनातन आर्य परिवारको बोध हुन्छ। ॐकार हाम्रो मूलमन्त्र हो। गाई हाम्री आमा हुन। संस्कृतमा हाम्रा नाम हुन्छन्। ॐ गौ. संस्कृतमा यी तीन प्रतिक मान्ने प्रत्येक मानव हिन्दु हो।

गुरुपूर्णिमा — योग नरहरिनाथः
२०४४

श्री वैद्यनाथको उत्पत्ति

परापूर्वकालमा रोगव्याधिको प्रकोप तथा अन्याय अत्याचारको बोलबाला हुँदा शान्ति सभनको लागि जवानदी (पर्वाली गाड) तिला नदी (लुँग्रेली गाड) बुढीगंगामा मिली शंख जस्तै आकारको घनघोर जङ्गलयुक्त त्रिवेणीमा ९ नाथ ८४ सिद्धहरू र ग्वालेश्वर महात्माले अघोर तपस्या गरिरहेको कुरा शिवजीमा अन्तरज्ञान भएछ । के को तपस्या हो भनी शिवजीलाई हेर्ने मनसाय भ माछाको रूपलिई बुढीगंगाको दाहिने किनार नजिक आई जल क्रिडा गर्न थालेछन् । सबै सिद्धहरू एकाग्रचित भै कठोर तपस्यामा लिन भएको देखेर मुग्ध भै प्रकट हुने इच्छा भएछ ।

त्यसबेला नदीमा बैजु कुमाल र बैजु घटाला माछा मार्न जाल खेलिरहेका रहेछन् । फागुनमास चौदशिको विहान २/३ प्रहर भएको बेला जालमा माछा नलागी निराश भै रहेकाले बढी जाडो भएको रहेछ । तैपनि १/२ वटा माछा त पर्ला भन्ने आशाले जाल हान्दै जाडोले थुरथुर कांप्दै शिव शिव भनी आफ्नो नाम लिएको सुन्दा तिनीहरूमाथि प्रभुलाई दया लागेर आएछ । प्रभुलाई

उनीहरूको जालबाटै प्रकट हुने इच्छा भै बैजु कुमालको जालमा फस्नु भएछ। ठूलो माछा फँस्यो भनी दुवै मितहरू हर्षित भै जाल खिच्न थालेछन् । जति खिच्ता पनि जाल नखिचिने हुँदा आफै माछालाई अंठ्याउन जाँदा, देदिप्यमान अजङ्गको अनौठो शरीर देखी कुमाल डराई जाल छोडेर भागौं कि भन्ने मनमा विचार उठेको बेला त्यसै ठाउँमा पानीबाट मनमोहक ज्योतिपुन्जका झिल्का क्रमशः निस्कन थालेछन् । यस्तो अकल्पनिय दृश्य देखी झन त्रसित भएका अवस्थामा "लोकको रोग व्याध हरी मनोइच्छा पूर्ति गर्न म (शिवजी) बैद्यनाथको नामबाट प्रकट हुँदैछु । नडराई मलाई उठाएर किनारमा राख" भन्ने आकाशबाणी भएछ। यो सुनी बैंजुकुमालले उक्त माछालाई समाती उठाई किनारमा राख्नासाथ माछा शिवलिंगमा परिणत भएछ र तत्कालै नागले शिवलिंगलाई बेरी आफ्नो फणाद्धारा शिवलिंगलाई छाएछ।

त्यस बेला निस्केको देदिप्यमान प्रकाश र अदृश्य बाजागाजा सुनी सबै सिद्धहरू त्यतै लागेछन् । त्याहाँ पुगी हर्षका साथ सिद्धहरूले ध्यान गर्दा शिवजी प्रकट हुनु भै "यस त्रिबेणीमा अवस्थित ४ कुण्ड माथि सुरम्य थुम्को छ, त्यसैमा लगी यो शिवलिंगलाई बैद्यनाथको नामबाट प्रतिस्ठापित गरी नित्यनैमित्य एवं पर्ब पर्बमामा विशेष पूजा चलाएमा रोगव्याधि, अनिकाल, अत्याचार समुल नष्ट हुनाको साथै कहिं कतै कुनै अनिष्ट आएमा जुन दिशाबाट आउँछ त्यसै दिशामा यसका पुजारीले भुक्कुर (कर्नाल) फर्काई बजाई दिएमा सबै नाश हुनेछ। मेरो भक्ति गर्ने राजालाई

विजयी पताका मिल्ला भन्ने अन्य भक्तको पनि मनोइच्छा पूर्ण भै यो ठाउँ "झाडखण्ड-वैद्यनाथधामधाम"को नामले जगत प्रशिद्ध होला। मलाई यस वैजु कुमालले प्रकट गराएकोले यसका दरसन्तानहरू मेरो मन्दिरको द्वारपाले भै बसेमा पहिला यसका सन्तानलाई भेटी दिएर मेरो दर्शन गरे मात्र फल मिल्ला" भन्ने वरदान समेत दिनु भै अन्तरध्यान हुनु भएछ।

आज्ञा मुताविक शिवलिंग स्थापना गरी "तपती कुण्ड" नजिक बडिकोटमा तपस्या गरी रहेका राहुल नामका योगीलाई सिद्ध समाजले पूजारी तोकी त्यसै बाट नित्यनैमित्य पूजाको थालनी गरेका हुन्।

अर्को जनश्रुति के छ भने परापूर्वकालमा माथि उल्लेख गरिएको थुम्कोमा बेल, ढांक, असुरो र दायाँ बायाँ, साल, बर, पिपल आदिको घरघोर जङ्गल थियो। फागुन चौदशिको विहान पनि सदा झैं वैजु घटाला बुढीगंगामा जाल खेलि रहेका थिए। त्यसैबेला एउटा स्याल नदीमा टाउको डुबाई कानमा पानी लिंदै त्यस थुम्कोमा जाने आउने गरेको देख्दा अचम्म मानी त्यस स्याललाई पछ्याई हेर्दा थुम्कोमा अवस्थित शिवलिंगमा पानी चढाई रहेको देखेछन्। निज वैजुले पनि शिवलिंगको चारैतिर सफाई गरी जल ल्याई चढाएछन्। त्यसै बेला "म वैद्यनाथ शिव हुँ। तिमिले मलाई पाई सेवा गरेकोमा खुशी भएँ। जसले यहाँ भक्तिभावले पूजा गर्ला त्यसको मनोइच्छा पूर्ति हुनेछ" भन्दै वर माग भन्दा वैजु कुमालले "प्रभुको मन्दिरमा द्वारे बस्न पाउँ"

भनी बिन्ति गरेछन् । प्रभुले पनि "तिम्रो सन्तान सम्मले मेरो द्वारे बसुन्जेल मेरो दर्शन गर्न आउनेले सबैले सर्व प्रथम द्वारमा तिमिलाई भेटी दिएर मेरो दर्शन गरे मात्र फल पाउलाव्" भन्ने आकाशवाणी भएछ ।

त्यतिखेर नै नाग आई शिवलिंगलाई घेरेर बसेछ । यसरी शिवलिंग प्रकट भएको खबर निज बैजु कुमालेले तपती कुण्ड नजिकै बडिकोटमा खबर गर्दा त्यहाँ रहेका ९ नाथ ८४ सिद्धहरू आई ठूलो तपस्या गरी राहुल नाथ योगीलाई नित्यनैमित्य पूजाको लागि तोकेछन् । यिनै बैजु कुमालका सन्तान रिडीकोट कुमाल गाउँमा बस्दछन् । उनीहरू अझै पनि शिवरात्रीको मन्दिरको द्वारपाल बस्छन । तिनिहरूलाई दर्शनार्थीहरूले १ देखि ५ पैसा सम्म भेटी दिएर मात्र मन्दिरमा प्रवेश गरी वैद्यनाथ शिवको दर्शन गर्ने प्रचलन अद्यापि छँदैछ ।

कतैतिर हुरी–बतास, असिना आएमा अझै पनि जतातिरबाट आउँछ त्यतैतिर मुवकुर भैरव नाथ (कर्नाल) फर्काएर पूजारीले फुकि दिएमा बन्द हुन्छ भन्ने जनधारणा कायम नै छ । यसरी जुन प्रकारले भए पनि तिलानदी र बूढीगंगाको त्रिवेणीमा अनादि कालमा श्री वैद्यनाथ शिवजी प्रकट हुनु भै रोगव्याधि, अन्याय, अत्याचारको नाश भै सुख शान्तिको अभिवृद्धि भएको कुरामा आधारित विभिन्न लोक कथाहरू गाउँ घरमा प्रचलित नै छन । भक्ति गर्दा फल पाएको हुनाले नै उक्त शिव मन्दिर झारखण्ड वैद्यनाथ धामको नामले प्रख्यात भएको कुरा स्कन्द पुराणको वैद्यनाथ महात्यले पनि दर्शाउँदछ ।

★☐★

पूजाको व्यवस्था

श्री वैद्यनाथ प्रकट भै साक्षात दर्शन समेत पाउने सिद्ध महात्माहरूको निर्देशन र तत्कालिन राजाहरूको सम्मतिमा परापूर्वकाल देखिनै नित्यनैमित्यका साथै पर्व पर्वमा विशेष पूजाको व्यवस्था मिलाइएको पाइएको छ।

जस अनुसार निम्न पर्वहरूमा विशेष पूजा गरिन्छ। यी पूजाको विधि र परम्परा वि. सं. १९७६ मा खडा गरिएको पंजिललाई डोटी गौडाका तत्कालिन ज. बहादुर शमशेर ज. व. रा. द्वारा बि. सं. १९८६ मा सदर गरिएको विवरण यसैको अन्तमा सविस्तार उल्लेख भएकै छ। (१) वैशाखको विस्पति संक्रान्ति २) वैशाख शुक्ल एकादशी देखि पंचमी ५ दिन सम्म। (३) श्रावण सुदि गणेश चौथी (४) श्रावणना मालिका चौदशी, (५) भाद्र श्री कृष्णाष्टमी (६) १६ श्राद्ध पर्व १६ दिन सम्म (७) वडा दशैंका ८ दिन सम्म (८) कार्तिक एकादशी देखि पूर्णिमा सम्म (९) मकर संक्रान्ति (१०) फागुन सुदि शिवरात्री पर्व ३ दिन सम्म (११) चैत्राष्टामी र रामनवमी पर्व २ दिन सम्म।

माथिका पर्वहरूमा शास्त्रीय विधि अनुसार पूजा गरिन्छ। नित्यनैमित्यको पूजा, कला पूजारीले विहान नित्य स्नान गरी पूजा विधिमा चाहिने बेलपत्र, चन्दन, कटौरी, अक्षता कटोरी, पूजादानी धुपिया र घंट लिई बुढीगंगामा गै गंगाजीको पूजा गरी जल ल्याई वैद्यनाथको मन्दिरमा रहेका शिवलिंग लगायत सम्पूर्ण मूर्तिहरूको स्नान गराई विधिपूर्वक पूजा गर्ने चलन अद्यावधि भैरहेकोछ।

बिधिपूर्वक विशेष पूजा गरेमा अथवा कुनै कामको लागि वैद्यनाथलाई संझी यस्तो चढाउँला अथवा पूजा गरौंला भन्ने कबुल गरेमा मनोच्छा पूरा हुन्छ भन्ने जन विश्वास भएकोंले पर्व पर्वमा पाठपूजा लगायत कबुल गरे अनुसार मूर्ति, छत्र, ध्वजा आदि चढाउने गर्दछन। खास गरी यहाँको शिबरात्री नैं मूख्य पर्व मानिन्छ। यो दिन मन्दिरमा १० औं हजार मानिसहरूको मेला लाग्दछ। पछि यसबारे बेग्लै वर्णन गरिनेछ।

पूजाको लागि खर्चको व्यवस्थाः- परापूर्वकालमा पिर मण्डप नाथले बसाल्नु भएको वस्ती र आबाद गरेको जग्गाबाट आएको आम्दानीवाट विधियूर्वक पूजा गर्नुको साथै स्थानीय गरीव जनतालाई पनि सहयोग गर्ने गरिन्थ्यो।

वि. सं. १९८५ को महाँ जाँचमा गुठीको जग्गा पनि रैकर सरह गुठियारकै नाममा नापी भै मालपोतको रूपमा आउने नगदवाट पूजा संचालनको लागि यसैको खर्चको विवरण रहेको पानामा उल्लेख गरिएको पंजिल बमोजिम रू. ९५०।५६।१ को आम्दानी खर्चको व्यवस्था गरियो।

देव भूमि, देव सम्पत्तिको नाप तौल गर्नु हुन्न भन्ने पुरानो विश्वासलाई नै साकार रूप दिन हो वा संयोगले हो वि. सं. १९८६ को भाद्रमा छ्पिखोला फुटी बूढीगंगामा आएको डोलले गुठमा रहेका खेत तथा वैद्यनाथ मन्दिरको शिवलिंग र अन्य मूर्ति बाहेक सबै मूल्यवान वस्तु तथा धामको नाममा रहेको खेतहरूलाई नदीले आफ्नो गोदमा लिइन ।

तैपनि धर्मपरायण जनताहरू र मन्दिरमा आउने माना पाथीबाट एनकेन प्रकारेण पूजा संचालन हुँदै आएको थियो ।

२०२३ सालमा रैकर सरह गुठीमा पनि मालपोत लिने भन्ने निर्णय अनुसार गुठीमा जम्मा रू. २४४।- को आम्दानी थियो भने रू. २८।- साविक झैं गुठी संस्थानको नाममा जिल्ला मालपोत कार्यालयमा बुझाउनु पर्थ्यो । महंगाईको मार बढी उक्त रकम अपर्याप्त भैरहेको अवस्थामा वि. स. २०३७ सालमा पुनः रैकर सरह गुठीमा पनि २० रोपनी सम्मको मोहीलाई मालपोत मिनाहा भएकोले हाल रू. २४।- मात्र मालपोत आउँछ । यस अवस्थामा परम्परा कसरी जोगाउने भन्ने बारे सबै श्रद्धालु भक्तजन, विद्वान एवं यसको जिम्मेवारी लिएका व्यक्ति तथा गुठी संस्थानले गम्भिरताका साथ सोच्नु पर्ने बेला आएको छ । ☆☆☆

"धर्मले ब्रम्हाण्डको परम सत्यको खोजी गर्दछ, दर्शनले यसको व्याख्या गर्छ र संस्कृतिले यी दुवैलाई जीवन पद्धतिमा आत्मसाथ गर्छ ।"

–श्री ५ वीरेन्द्र

०३३।१२।१७

महा शिवरात्री

पूर्ण सृष्टि पछि जगतमाता पार्वतीलाई आफ्नो सबै भन्दा मन पर्ने दिन "फागुन कृष्ण चर्तुदशी हो" भनी शिबजीले बताउनु भएकोले शियरात्रीको आरम्भ भएको मानिन्छ। प्रत्येक महिनाको कृष्ण चर्तुदशीको स्वामी एउटा रूद्र हुने हुँदा प्रत्येक महिनाको उक्त तिथिनै शिवरात्री हो। तर फागुन महिनाका स्वामी एघारौं रूद्र देवाधिदेव महादेव आफै भएकोमा यसको सर्बाधिक महत्व हुन गै यस दिनलाई महाशिवरात्री भन्ने प्रचलन भएको हो। शिव रहश्यमा पनि "चतुर्दश्यांतु कृष्णायां फाल्गुणं शिव पूजनम्" भनेर फागुन महिनाको कृष्ण चतुर्दशी शिवरात्री ब्रतको महिमा गाउँदै यस दिनमा गरिएको साधना सदा सर्वदा सफलीभूत हुन्छ। सबैलाई मुक्ति र भुक्ति दिने यो तिथिनै महादेवलाई अति प्यारो हुन्छ भनिन्छ।

"शिवरात्री व्रतं नाम सर्व पाप प्रणाशनम्।
आचाण्डाल मनुष्याणां मुक्ति मुक्ति प्रदायकम्।

सबै जात, लिंग, वर्ण अथवा चण्डाल देखि ब्राम्हण सम्मले शिवरात्रीको व्रत गर्न पाउँछन् भनी इशान संहितामा मार्ग दर्शन गरेकोले सबैमा समता, एकता तथा आत्मीयताको सिद्धान्त यस व्रतले स्थापित गरेको छ। साथै हाम्रो धर्म जातपातको संकीर्णताबाट माथि उठी विश्वका आदि पिता माता शिव पार्वतीलाई मानेको छ। संसारका सबै उनैको सन्तती मानी एक सूत्रमा आवद्ध हुन शिवभक्त शंकराचार्यले पनि निम्न श्लोकबाट शिक्षा दिएकाछन्।

"माता पार्बती देवी पिता देवी महेश्वर:।

बान्धवा: शिव भक्ताश्च स्वदेशी भुवनत्रयम्।"

यस प्रकार फागुन कृष्ण चतुर्दशीको दिनभर उपवास र रातभर जागरण बसी शिव र शिवलिंगको पूजा, उपाशना र साधना गर्ने व्याधालाई पनि भुक्ति मूक्ति एवं ज्ञान मिलेको आख्यानवाट शिवरात्री व्रत सर्वाधिक लोकप्रिय हुन गै त्यस दिन विश्वभरका शिवालय, मठ मन्दिरमा शिवको आराधना, उपासना र साधना गर्न शिव मेला लाग्ने प्रचलन छ।

यसै अनुरुप यस दिन नेपाल अधिराज्यमा पशुपतिनाथ पछि विशाल शिवरात्री मेला श्री वैद्यनाथ शिव मन्दिर अछाममा लाग्छ। शिवरात्रीलाई यस धामकोसबै भन्दा विशाल एवं पवित्र धार्मिक पर्वको रूपमा मानिन्छ। यो दिन चारै दिशाबाट नाथ, सन्यासी बाबा र माताहरूका साथै असंख्य तीर्थ यात्रीहरूले श्री वैद्यनाथ रूपि शिवजीको दर्शन गरी आराधना, उपाशना र साधना गर्ने मेला भर्छन। ग्वालेश्वर महात्माले तपस्या गरेको बूढीगंगा

र तिला नदीको संगम ग्वाले भन्ने ठाउँनेर स्नान गरेर मन्दिरमा दर्शन गरे उत्तम हुन्छ भन्ने जनधारणा छ। दर्शन गर्दा आफूले भाकल गरेका चिज वस्तु चढाउने रूद्री पाठ आदि गराउने, छोरा, अन्न, गाई, गोरू, धन आदिको बर माग्ने भक्तजनहरूको घुँइचो पनि बेग्लै प्रकारको हुन्छ।

श्री वैद्यनाथमा महा शिवरात्रीको लागि झण्डै एक महिना अघिबाट धामको साफ सफाई लगायत अन्य तयारी गर्न शुरू गरिन्छ। माघे मौनी औंसीमा श्री वैद्यनाथ मन्दिरमा चढाउनको लागि गुठीकै जङ्गलमा सालको ३२ हात लामो टांगो (ध्वजा फहराउने, खम्बा वा पोल) काटिन्छ। स्वस्थानी पूर्निमाको दिन मन्दिर अगाडि टांगो ठड्याउने ठाउँबाट पुरानो टांगो उखाली नयाँ टांगो विधिपूर्वक ठड्याउने प्रचलन छ। साथसाथै सिद्ध मण्डप नाथको देवल, दटुक नाथ, गौडी बाग, महाकालीका, महाकाल भैरब र बडिकोठ भैरबको स्थानमा पनि टाँगो गाडी ध्वजा फहराईन्छ। श्री वैद्यनाथ र श्री मण्डपनाथको ध्वजास्थम्भमा क्रमशः सेतो र गेरुवा रङ्गको १२।१२ हात लामो नेजा (ध्वजा) फहराइन्छ भने महाकाल र बडिकोट भैरबकोमा ५।५ हात र अन्यमा ५।५ बेत लामो नेजा चढाई फहराउने प्रचलन छ। यस ध्वजारोहणलाई स्थानीय जनता महाशिवरात्रीको शुभारम्भ मान्दछन्। मेलाको लागि नयाँ लुगाहरूको जोडजाम गर्न थाल्दछन्।

चतुर्दशीको २ दिन अघिबाट वैद्यनाथधाममा अनेक प्रकारका पसलेहरू पसल थाप्न शुरू गर्दछन्। झट्ट हेर्दा ठूलो मण्डिबजार

होकि भन्ने भान पर्दछ। पहिले पहिले पसलहरू सिलगडी डोटीबाट आउँथे र स्थानीय बासीहरू पनि साल भरको लागि चाहिने सामानको पनि किनमेल गर्थे । तर हाल ठाउँ ठाउँमा बजार बसेकोले त्यस प्रकारको किनबेच नभए पनि खुद्रा सामानको पनि निकै ठूलो व्यापार हुन्छ। शिवरात्रीको रातभरि टाढा टाढाबाट आएका दर्शनार्थीहरू अस्थायी बजार घुम्ने अलख जगाउने र नव युवक तथा नव युवतीहरू भक्तिभाव र आदर्श प्रेम प्रदर्शन हुने प्रतिस्प्रधात्मक गीतहरूका साथ स्थानीय देउडा खेली रात कटाउँछन्। यसै रातको देउडा गितमा विजयी हुने युवा वा युवती नयाँ गिताउडे (त्यो सालको प्रवल आशुकवि) को रूपमा अछाम लगायत छिमेकी जिल्लाहरूमा परिचित हुन्छन्।

शिवरात्रीको सबै भन्दा रमाइलो दृश्य मन्दिरमा पर्गलो (ध्वजा) चडाउनु हो। परंपरागत रूपमा पर्गलो चढाउने गाउँघरको साथै आफूले कबुल गरे अनुसार काम सम्पन्न भएको उपलक्ष्यमा पनि पर्गलो चढाइन्छ।

पर्गलो भनेको विभिन्न रंगकौ कपडाको ध्वजा बनाई बाँसको ठानाको (घनाको) टुप्पोमा झुण्ड्याई बनाएकी ध्वजा हो। आ–आफ्नो गाउँबाट पर्गलो ल्याउँदा सबैभन्दा अगाडि पञ्चै बाजा, त्यस पछि सिगारिएको बलिष्ट युवकहरूद्वारा समातिएको ध्वजा र अन्तिम पंक्तिमा सजधजले परिपूर्ण गाउँलेहरू लाग्दछन्। तिनिहरू बाजाको तालमा रमाउँदै साँझतिर वैद्यनाथ धाममा पुगी मन्दिरको

परिक्रमा गरी सकेपछि आ-आफूले ल्याएको पर्गेलो त्यहाँ रहेको मूलध्वजा फहराएको १२ हाते वालको डाँगाको चारैतिर ठड्याई बलियो डोरीले बाँधी चढाउँछन् । यी पर्गेलाहरू पनि परम्परा अनुसार क्रमशः लुंग्रेल, पर्बाल, गंज्ेल र त्यसपछि जो पहिला आएको हो क्रमानुसार चढाउने गर्दछन् । अन्तःमा सिद्ध मण्डपनाथको गादी रहने भण्डार गृहबाट गुठियारहरू पीर पूजारीका साथ बाजागाजा सहितको एक भव्य जुलुसले चँदयो वैद्यनाथमन्दिरमा ल्याउने प्रचलन छ । चंदयो भनेको मन्दिरमा पुजा गर्ने सामान चाँदीका झ्यारी आसा गुर्जे आदि सजयग्रका साथ ल्याहनुलाई भन्दछन् । यो पवित्र एवं मूल्यवान सामान मन्दिरमा भित्र्याई सकेपछि मन्दिरमा रात्रीको पूजा गरिन्छ । संभवतः पीर मण्डपनाथलाई मन्दिरमा ल्याउने प्रचलन नै चंदयोको रूपमा भएको हुन सक्छ ।

★☸★

"हाम्रो धर्म मेटिए हाम्रो संस्कृति मेटिन्छ ।
हाम्रो संस्कृति मेटिए हाम्रो सभ्यताको
मूल नै सुक्दछ अनि हाम्रो
संस्कृति र सभ्यता मेटिए
हामी पनि मेटिन्छौं ।"

–श्री ५ वीरेन्द्र
२०३७।१२।३०

पर्गलो (ध्वजा) चढाउने परम्परा

श्री वैद्यनाथ प्रकट हुँदा यो लोकमा कुन राजा थिए। कस्तो शासन व्यवस्था थियो ? भन्ने बारे कुनै प्रमाण वा जनश्रुति फेला परेको छैन। तैपनि आफूलाई संसारकै जेठो राजा भनी विभिन्न शिलालेख, ताम्रपत्रमा घोषित गरेका सिजापति महाराजको पालामा पनि आफ्नो स्थायित्व एवं सुख समृद्धिको लागि श्री वैद्यनाथको पूजा अर्चनाका साथै पर्गलो चढाउने गरेको कुरा हाम्रो समाजमा प्रचलित बंशावलीबाट पनि प्रमाणित हुन आएको छ।

राजाहरूद्वारा चढाइने पर्गलो:- खप्तडी खड्काको बंशावलीमा छ भोजराजले जुम्लालाई जुम्ली महाराजकी माइली पद्मावति मैंया लाई बिबाह गरी ल्याया १२ आला बाहुन्न पाला बक्साया. . . . खप्यतड थान घंट चढाया, देवी थुमका पूजा लगाया, हाडासेन खम्ब रोकाया, झारखण्ड बैंजिनाथ नेजा (ध्वजा पर्गलो) चढायाँ'' आदि उल्लेख छ। जसबाट भोजराजलाई छोरीको साथ १२ आला ५२ पाला दाईजो दिँदा सिजापतिको तर्फबाट खप्तडमा घण्ट चढाउन, देवी थुमाईको पूजाको व्यवस्था मिलाउनुको साथै बैजनाथमा ध्वजा चढाउने अभिभारा सुम्पेको देखिन्छ।

कालबस घटनाक्रम बदलिंदै जाँदा अर्थात् विशाल सिजा साम्राज्य टुक्रिंदै गै अछाम राज्य भैसकेपछि डोटीमा रैका राज रिपुमल्ल हुँदा उनले पनि वैद्यनाथमा ध्वजा चढाएको कुरा "टाटु गोर्खामारी माझपाल आई साँझ सजनियाघाट जाई खाँडो पखाल्या। बैशन्द्र जाई राजु कराया बैजनाथ जाई ध्वजा चढायाँ" भन्ने डोटी राजवंशको बंशावलीमा उल्लेख गरेको पाइन्छ। यसबाट पनि श्री वैद्यनाथ प्रभु दुःखी पीडितको मात्र नभै राजाहरूको विजययताका फहराउने शक्ति दाताको रूपमा पनि प्रतिष्ठित हुनु हुन्थ्या भन्ने प्रष्टिन्छ।

यसरी राजाहरूद्वारा धार्मिक एवं ऐतिहासिक महत्वको पर्गलो चढाउने थिती बाध्नको कारण के रहेछ भनी घोत्लिदां सिजापतो समुन्द्रबंशी महाराजले "पूर्व राखम देखि लालु लोखाडा लगायत बुल्लु मध्य स्यू बागदेवी समेत, पश्चिम सेती नदी चौखुट्या" उत्तर खप्तड त्रिवेणी हेमयेको भगवती ढुंगो (बाजुरा) देखि मालिका सम्म र दक्षिण मलबाराका बाउन्न गाउँ देखि निगालीबोट" समेत चार किल्ला भएको राज्य आफ्नी छोरी हारमता मैयाव ट अवतरित सोमवंशी राजा देवचन्द्र शाहलाई बक्सी अछाम स्वतन्त्र राज्य कायम भएको कारणले नै जुम्ली महाराजले आफ्ना माईला ज्वाई भोजराजलाई १२ आला जमिन दिई वैद्यनाथमा ध्वजा (पर्गलो) समेत चढाउने जिम्मेवारी सुम्पेका हुन् भन्ने बूढापाकाको अर्ति छ।

कालान्तरमा के कसरी हो (अनुसन्धेय छ) डोटेल राजाहरूले पनि आफ्नो तर्फबाट बैजनाथमा चढाउने पर्गलोको अभिभारा पनि

तिनै भोजराजका सन्तानलाई सुम्पेछन् । त्यति बेला लुँग्रेली जनसंख्या कम भएको र अछामी राजाका तर्फबाट पर्गलो चढाउने बूढाथापा (मुख्य कजाई चलाउने) का सगोत्री धेरै कम र शक्तिमा पनि क्षीण भएकाले पर्गलो चढाउँदा हुने हुलमा आफ्नो पक्ष सधैं कमजोर पर्ने हुँदा लुँग्रेलका बाजेले डोटी राजासंग थप मद्धतको माग गर्दा सोगठ र आसपासका गाउँलेले लुँग्रेललाई पर्गला चढाउँन थप मद्धत दिऐका थिए । अर्को जनचर्चा अनुसार डोट्याल राजाकी छोरी अछामी राजाकी रानी थिइन्, माईत जाँदा सोगठमा बास पर्न गएकोमा त्याँहाका जनताले उचित सम्मान नगरेकोले दाईजो मागेर सोगठलाई अछाममा गाभेकी हुन् । यसरी दाईजो दिदा त्यहाँका जनतालाई पर्गलो चढाउँदा लुँग्रेल तर्फ लाग्नु भनी अहाय अनुसार लाग्ने गरेका हुन । त्यसै परम्परा अनुसार पर्गलो चढाउँदा लुँग्रेललाई सोगठीले सहयोग गर्ने गरेको छ ।

राजामा जेष्ठ हुँ भन्ने दावी गरेको नाताले हो वा अतिथि पुज्ने परम्पराले हो । उहाँहरूको प्रतिनिधित्व गर्ने लुँग्रेलद्वारा नै अनादीकाल देखि सर्व प्रथम पर्गलो चढाउने परम्परा चल्दै आएको छ । त्यस पछि अछामी राजाको तर्फबाट प्रजाल भाकल गर्ने अन्यले क्रमशः पर्गलो चढाउँदै जाने परम्परा छ ।

पर्गलाको निजीकरणः- कालान्तरमा शुरूवात विसिन्दै जाँदा राजारजौटाको पतन भएकोले ती कसैका नभै आ-आफ्नो गाउँवासीको तर्फबाट पारम्परिक रूपमा पर्गलो चढाउने चलन कायम भै यसबाट कैले काहीं जातिकरण भै खड्का हामी पनि हो भनी गंजेलले लुँग्रेल

संग पर्गलो चढाउन खोज्ने र हाम्रो पूर्खाको प्रतिनिधित्व गर्ने गरेकोमा पर्वालहरूले आफ्नो निजीरूपमा चढाउने गरेकाले उनीहरू भन्दा अघि हामी चढाउँछौं'' भनी सोमवंशी ठकुरीहरू अग्रसर हुने र कंले काहीं पर्वाल पनि अधामीकै नाताले पहिला चढाउँन अग्रसर हुने हुँदा पर्गलो चढाउने बेला आपसमा मारामार भएका घटना अनगिन्ती छन् । तर यहाँ भएको झगडा सम्बन्धमा कुनै अड्डा अदालत लाने प्रचलन नभएकोले झगडा कहिल्यै पनि लम्बिएन ।

वि.सं. २०२० को महाशिवरात्रीमा पर्वाल भन्दा अघि गर्ज्यलले पर्गलो चढाउन खोज्दा दुबै पक्षको नराम्रो कुटामार भएको थियो । त्यतिबेला यसका संकलन कर्ता कालिमाटी प्राथमिक विद्यालयका प्रधानाध्यापक भएको नाताले पदेन गा. पं. सचिव र निमित्त प्र. पं. गगनसिंह धामीको प्रयासबाट लुंग्रेल पर्वाल गर्ज्येल लगायत छिमेकी पंचायतका पंच भलादमीलाई भोलिपल्ट बिहान वैद्यनाथ मन्दिरमा मेला गराइएको थियो । त्याहाँ ऐतिहासिक परम्परा सम्बन्धमा छलफल हुँदा बेलखेत अप्रेशन पछि मात्र गर्ज्यलले पर्गलो चढाउने गरेकोले जातीको हैन परम्पराको जगेर्ना गर्ने शर्तमा सहमति भै "क्रमशः लुंग्रेल, पर्वाल गर्ज्येल र त्यसपछि जसको पहिला आउँछ त्यसैले चढाउदै लाने परम्परा कायम राख्ने छौं, जसले अर्गलो गर्ला श्री वैद्यनाथ शिवले नाश गरून ।" भनि उपस्थित सबैले ३ पटकमन्दिर परिक्रमा गरेका थिए । त्यस पछि सम्बन्धित कुनै घट्ना घटेको छैन । यो व्यवस्था मिलाउनेको लागि प्रवाका मु. दर्बिसिंह बूढा थापाको स्मरणीय भूमिका रहेको थियो ।

महाशिवरात्रीमा यसरी ध्वजारोहण गर्ने परम्परा सम्भवतः यही नै हो । महाशिवरात्रीमा धार्मिक दृष्टिले मात्र होइन बाजा गाजाको प्रदर्शनवाट विजेताको उत्सव जस्तो लाग्ने यो ध्वजारोहण (पर्गला चढाउने)समारोह वैद्यनाथमा हुने सबै समारोह भन्दा रमाइलो भव्य एवं आकर्षक मानिन्छ ।

होरी:- शिवरात्रीकै भोलिपल्ट बिहान यहिंबाट होरी जगाई लाने छिमेकी ग्रामवासीको परम्परा छ । यसरी होरी आ-आफ्नो गाउँमा ढोलको तालमा होरी पूर्णिमासम्म रमाइलो होरी खेली भोलिपल्ट अर्थात् परेवाको दिनमा सबै गाउँहरूबाट बाजागाजाका साथ वैद्यनाथ धाम आई पीरको पटाङनिमा विशाल होरी खेलिन्छ । त्यसबेला पीरद्वारा विभिन्न रङ्ग प्रदान गरी होरी खेल्नेहरूमा छिट्ने परम्परा छ । त्यसपछि मन्दिरमा गएर एक देउडा होरी खेली होरीलाई यहिं समापन गर्ने प्रचलन छ । त्यसबेला होरी हेर्न आसपासका गाउँहरूबाट नरनारीको ठूलो घुँइचो लागेको हुन्छ । शिवरात्री पछि होरी यस धामको दोश्रा ठूलो मेला हो ।

श्री वैद्यनाथ सम्बन्धमा कालिमाटीका स्व० श्री महाजीत शाहद्वारा तत्काल रचिएको निम्न होरीका देउडाले पनि मन्दिर निर्माण आदिको ऐतिहासिक एबम् धार्मिक महत्व झल्काउँछ । होरीको उद्‌गम स्थल कुमाउ गठवाल हो । त्यहाँकी मैयाँ अछामी राजा भानशाहले विवाह गरी ल्याएकाले उनीले (कालिम-त्यालकी वजै) नै अछाममा होरीको चलन चलाएकी थिइन् । त्यसैले होरीको गीत वा देउडा हिन्दी गठवाली कै लयमा बनाईएको हुँदा मिश्रित भाषाको देउडा जस्तो देखिन गएको छ ।

हौरोको देउडा

ऐसो देवल बन्यो शिव शङ्करको २

एकसुका राजमै देवल बन्यो ?

कसको नाम चलाउनको ऐसो देवल बन्यो शिव शङ्करको

ए राजा ! राजेन्द्रको राज–तखत है ।

पुस्कर शाहको नाम चलाउनको ऐसो देवल बन्यो शिव शङ्करको ।

देवल गादी अनेक बन्यो है,

बेनी समुद्र वहाउनको ऐसो देवल बन्यो शिव शङ्करको ।

गङ्गा निकट मै भारी तखत है,

श्री बैद्यनाथ रमाउनको ऐसो देवल बन्यो शिव शङ्करको ।

कालभैरव दूत चौकी करत है,

रक्षा करे नरनामनाको ऐसो देवल बन्यो शिव शङ्करको ।

श्री पुस्कर शाहको त्याग वहुतै है,

सोना गजुर चहाउनको ऐसो देवल बन्यो शिव शङ्करको ।

पौवा पाटी अनेक बन्यो है,

तखत लोग रमाउनको ऐसो देवल बन्यो शिव शङ्करको ।

तखत गादी अनित्य बन्यो है,

पोर जी सेवा नाथनको ऐसो देवल बन्यो शिव शङ्करको ।
देवलको दक्षिण रजपुत बैठे,
होरी फागुन रमाउनको ऐसो देवल बन्यो शिव शङ्करको ।

श्री वैद्यनाथ मन्दिरको झिंगटीको छानालाई वि. सं. १९२४-४० मा आफ्नो खर्चबाट ताम्रपत्रले छाउने कप्तान भवान सिं स्वांरले माथिकै शैलीमा स्वरचित होरीको देउडा ।

ऐसो देवल बन्यो शिव शङ्करको -२-
ए कप्तानका मनमा लहर चल्यो है,
तामा देवल बनाउनको ऐसो देवल बन्यो शिव शङ्करको ।
उत्तर बिराज मालिका देवी,
चैनी ग्वालेश्वर महात्माको ऐसो देवल बन्यो शिव शङ्करको ।
ए कालभैरव दूत चौकी करत है,
रक्षाकरे नर नामनाको ऐसो देवल बन्यो शिव शङ्करको ।
ए कलकता शहरसे ताम्रपत्र भिकाया,
देवलको पाखो बनाउन्को ऐसो देवल बन्यो शिव शङ्करको ।
पौवा पाटी अनेक बन्यो है,
सखत लोग रमाउनको ऐसो देवल बन्यो शिव शङ्करको ।
भवान सिं स्वाँरको जुग जुग नाम रहे,
सोना गजुर चढाउनको ऐसो देवल बन्यो शिव शङ्करको ।
देवल गादी अनित्य बन्यो है,
पौरजी नरिमान नाथको ऐसो देवल बन्यो शिव शङ्करको ।
देवल दक्षिण रजपुत बैठे,
जुग जुग फागु खेलनको ऐसो देवल बन्यो शिव शङ्करको ।

तल उल्लेख गरिएका चार जिल्ला भित्रको स्थान श्री वैद्यनाथ धाम हो र यहि नै पाप हर्ने पवित्र ठाउँ हो भन्ने इंकित गर्दै भण्डै ६० वर्ष अघि कालिमाटीका डि. रघुवीर शाहद्वारा रचित होरीको देउडा ।

फागुन मास खेले होरी फागुन मास खेले होरी ।
ए उत्तर बिराजे मालीका देवी,
कालिका देवी रक्षा करी फागुन मास खेले होरी ।
ए दक्षिण बिराजै कालीका देवी,
त्रिपुरा सुन्दरी रक्षा करी फागुन मास खेले होरी ।
ए पूर्व बिराजै बरदा देवी,
चण्डिका देवी रक्षा करी फागुन मास होरी खेलै ।
ए पश्चिम बिराजै जाल्पा देवी,
अम्बिका देवी रक्षा करी फागुन मास होरी खेलै ।
जवानदी तिलानदी कण्ठेश्वरी,
बिचमे श्री वैद्यनाथ धाम फागुन मास होरी खेलै ।
ए सरस्वती गङ्गा मैं तप्ति कुण्ड,
श्री वैद्यनाथ पाप हरि फागुन मास होरी खेलै ।
ए कर्णाली गङ्गा मैं जल बहुत है,
कैलाश नदी पाप हरि फागुन मास होरी खेलै ।
ए भेरी पूर्व महाकाली पश्चिम्,
बिच बृद्ध गङ्गा उत्तम जलहै फागुन मास होरी खेलै ।
श्री वैद्यनाथ पीर सिहांसन बैठे,
रक्षा करे नरनामनाको फागुन मास होरी खेलै ।
ए शाही रघुवीर शिवजीका द्वार,
होरी खेलै चौ जुग भरि फागुन मास होरी खेलै । ★

मन्दिरको स्थापयकाल र 'पिर' पदको अभ्युदय

श्री वैद्यनाथको उत्पत्ति भएको समयबाटै पूजा सञ्चालन गर्ने राउल योगी पनि ठूला सिद्ध थिए । धेरै वर्ष पछि नटेश्वरी पंथालीको जमातसँग सिद्ध मण्डल (मण्डप) नाथ पनि श्री वैद्यनाथको दर्शन गर्न आउनु भएछ । अर्को बिहान दर्शन गर्न जाँदा शिवलिंगमा सर्प बेरिएको देखदा अचम्भित भएछन् । अन्तरज्ञानबाट उक्त छल योगी राउलले गरेको पत्ता लगाई स्वयमले गरूडको रूप लिई झम्टन खोज्दा सर्प राउलको रूपमा प्रकट भै मैले २०० वर्ष देखि श्री वैद्यनाथको पूजा सञ्चालन गर्दै आएको थिएँ । योग्य सिद्ध पाँए, मेरो चोला फेर्ने समय आयो भनी मण्डप नाथलाई "पीर" बनाई स्वयमले समाधि लिएका थिए भन्ने पनि कसैको मत छ ।

तर आफूलाई जगतका जेष्ठ राजा घोषित गर्ने अभय मल्ल आदि राजाले आपनो शिलालेख, कनक ताम्रपत्र आदि शासन पत्रमा

"संसार व्याधि विध्वंसपटीयान यत्र विश्रुतः ।
श्री वैद्यनाथ गिरीशष्तमास्मिन श्रीकोट सत्पुर ।,,

भावार्थः– संसारको रोगरूपि अन्यायलाई नाश गर्ने भन्ने कुरा वहाँको बारेमा सुनिएको थियो । त्यही नै सुन्दर शहर, श्रीकोट नजिकै श्री वैद्यनाथ शिवजी बिराजमान छन् । साथै श्रीकोटका श्रीपाली राजा मदन सिंहले महिषमर्दिनीको मूर्ति खण्डित हुँदा आजभन्दा १५११ वर्ष अघि अर्थात् शाके ३९७ मा उक्त मूर्तिको जिर्णोद्धार गरी–

मग्नाकालवशेनैव मूर्ति रेषा मनोरमा ।
श्रीमन्दन सिंहेन उद्धता पुण्यकारिगा ॥

घटिता सुत्रधाररामेण । भन्ने श्रीकोट नवाहाटकी माईको स्थान (जालपादेवीको भग्न मन्दिर)मा अवस्थित शिलाको मास्तिर श्रीकृष्ण र अरिष्ठ बृषमासुरको मल्ल युद्ध चित्रांकित गरी तलतिर उत्कीर्ण गरिएको छ । त्यहाँ धरिएका हजारौं वर्ष पहिलेका पुरातात्त्विक पावण स्मारकहरू विद्यमान छन् । यस सम्बन्धमा श्री पूर्ण प्रकाश नेपालज्यूले सेती अञ्चल विदर्शन पुस्तिकामा "यथार्थताको खोज भएको खण्डमा श्रीकोटको भग्नावशेषले निकै ठूलो नाम कमाउनेछ, साथै बिक्रम सम्बत् पूर्वका प्रागतैहासिक तथ्य समेतको ज्योति छर्नेछ ।" भन्ने निर्क्योल निकाल्नु भएको छ ।

यसबाट मदन सिहका पूर्वाहरूबाट नै श्रीकोटलाई राजधानीको रूपमा विकसित गरेको र यस राजधानीसँग श्री वैद्यनाथ

मन्दिरको निकटतम सम्बध रहेको प्रष्ट हुन्छ। राजा मदन सिंह अघि कस्को कति पुस्ताले त्यहाँ शासन गरे भन्ने हाल एकिन गर्न सकिन्न तर घट्ना क्रम र प्राप्त सामग्रीको बिवेचना गर्दा समय अनुसार मन्दिरको स्वरूप बदलिंदै गए पनि **श्री वैद्यनाथ मन्दिरको स्थाप्य काल बिक्रम सम्बतको चौथो शताब्दी भन्दा अघिको मानिन्छ ।**

स्कन्द पुराणको मानस खण्डमा श्री वैद्यनाथको महिमा वर्णित भएबाट प्रभुको उत्पत्ति काल पाठकवृन्द स्वयं अनुमान गर्नु हुने नै छ।

श्री वैद्यनाथ शिव प्रकट हुनु भएको धेरै काल सम्म सिद्ध महात्माहरूकै निर्देशनमा शिवलिंगको नित्यनैमित्य पूजा भै रहेको थियो । कालान्तरमा सिद्ध माहात्माले पूजा अर्चनाको स्थायित्वको लागि समयानुकूल कसैलाई जिम्मेवारी दिनु पर्ने महसुस गरी नाथ संप्रदायको बालब्रह्मचारी एवं सिद्ध पुरूषलाई जिम्मेवारी दिने निर्णय गरी "पीर" पदको पदस्थापना गरे।

पीरको शेषपछि उसको जेष्ठ शिष्य पीर हुने र कथं-कदाचित उनी योग्य नभए उनको शिष्य मध्येका सबैभन्दा योग्यलाई छानी पीर बनाई राजपरम्परा झैं गादीमा बसाल्ने थिति बाँधे । जस अनुसार त्यसबेलाका सुप्रसिद्ध शिद्ध मण्डपनाथलाई प्रथम पीरको पदद्वारा बिभूषित गरेको जनश्रुति छ ।

आजको विश्वमा "पीर" शब्द प्रयोग गर्दा अफगानिस्तान र बेलुचिस्तानको मठाधीशलाई नै सम्झिने धेरै होलान् । पीर शब्दले मठाधीशलाई नै संकेत गरेको भए तापनि यो

शब्दले हाम्रो हिन्दू धर्ममा पनि यथास्थान पाएको देखिन्छ। पीर शब्दको उत्पति प्रथम पटक कहाँ र कैले भएको हो भन्ने अझै अनुसन्ध्येय नै छ । तर सवम्त् १०१३ सालमा छत्याल राजा पिक्खे ब्रह्म राउलाले महामण्डलेश्वर जसुभाटलाई "पीर" भनी संवोधन गरेको व्यहोरा छत्याल, विष्ट र मुडभरीको बंशावलीवाट देखिन्छ । यसैलाई पीर शब्दको उत्पत्ति माने पनि आज १०३० वर्ष भैसकेको छ । अनेत्र पीरलाई महन्त गरेको भन्ने पाइएता पनि स्थानीय जन जिब्रोमा यहि पीर शब्द सम्मानका साथ प्रयोग गर्दछन् ।

पीर मण्डपनाथ त्रिकालका ज्ञाता इच्छानुसार रूप वदलन सक्ने अति ठूला सिद्ध पुरुष हुनु हुन्थ्यो । उहाँले आशिष दिंदा सबैको फलीफाप हुन्थ्यो भने श्राप दिंदा नाश हुन्थ्यो । यस किसिमका सिद्ध महात्मा भएकोले तत्काल सबै राजाहरू उहाँ देखि निकै प्रभावित थिएँ । फलस्वरूप उनले त्यस बेलाका राजाहरूद्वारा गुठी सञ्चालन व्यवस्था मात्र होइन अछाम भरको मण्डल्याँई अर्थात् अक्षताको लागि मानापाथी उठाउने अधिकार समेत पाएका थिए । यो सम्वन्धमा यसैको लालमोहरको महलमा उल्लेख गरिएको श्री ५ रण वहादुर शाहबाट वक्सेको लालमोहरबाट पनि प्रष्ट हुन्छ ।

यस प्रकार पीरको पद स्थापना भैसकेपछि श्री वैद्यनाथ गुठको व्यवस्थापन, गुठीयारको न्याय निसाफ लगायत सम्पूर्ण कार्य आपनो क्षेत्रको स्वतन्त्र निकायको रूपमा पीरबाट

सञ्चालन हुन थाल्यो । आजको युरोपको भेटिकन सिटीको पोप झैं त्यसबेलाको पीरको स्थिति थियो भन्ने कसैको मत छ । किनभने सबैभन्दा माथि धर्माधिकारी पीर अथवा सिद्धलाई प्रभु शिवको मनुष्य रूपमा मान्ने भएकोले त्यहाँ कुनै राजाले हस्तक्षेप नगर्न सक्थे न त गर्थे । बरू पीरबाटनै निर्देशित हुन्थे ।

पीर मण्डपनाथ पछि गरूडनाथ, सर्पनाथ जस्ता सिद्ध पुरूष जुन आफ्ना नाम अनुसार रूप बदल्न सक्थे उनीहरू पनि पीर भएकोले श्री वैद्यनाथ धामको महिमा बढ्दै गयो । अन्यत्र जस्तो सुकै अपराध गरेको भए पनि श्री वैद्यनाथमा शरण लागेमा कुनै पनि राजाले हस्तक्षेप गर्न सक्तैन थिए । यदि कसैले हस्तक्षेप गर्‍यो वा कुनाले वैद्यनाथ धामको इलाकामा प्रवेश गर्ना साथ हिंस्रक जिव–जन्तु उत्पन्न भै तत्कालै उसको जीवनलीला समाप्त गरी दिन्थे भन्ने किंवदन्ति छ ।

यसैले गुठीयार तथा अछामभरका नाथ संप्रदायबाट भएको गल्तीको न्याय निसाफ गरी सजाय दिने काम पीरबाटै हुन्थ्यो । गृहस्थी नाथ जोगीको डण्डकुण्ड मर्‍यो अपुताली श्री वैद्यनाथ धाम गुठमा लाग्ने प्रचलन थियो । नेपाल एकिकरण पश्चात सम्भवतः पीर शिवनाथको पालामा वि. सं. १९३० मा उक्त परम्परा सनदबाट थमौति पनि भएको थियो ।

"समयको प्रवाहमा इतिहासको रचना हुन्छ ।"

–श्री ५ वीरेन्द्र

०२९।९।१

धामको व्यवस्था

पीर मण्डप नाथको पालामा वैद्यनाथ "धाम वरिपरी घनघोर जङ्गल थियो । गुठको संचालन गर्न गृहस्थको पनि आवश्यकता पर्ने भएकोले सर्वप्रथम जङ्गल फडान गर्न लगाई बोरावाडा, श्रीकोट र चाट्थार्पिपल गाउँ बसाल्नु भयो । धामको वरिपरिको मधुवनलाई फाड्न लगाई खेतहरू विराउन लगाए, जसबाट गुठीको स्थायी आयश्रोतको व्यवस्था भयो ।

अन्य श्रोतको हकमा श्रद्धालु भक्तजनहरूले चढाइएको अक्षताको साथै सेलपाखो, दुनी, भासुवन, लिंगुडसेन, वेचाडो, पाताल, बूढाकोट, बस्काटयऐराडो, कमालगाउँ, खाल्सेन गाउँले आफ्नो शक्ति एवं श्रद्धा अनुसार पूजा खर्चको लागि मानापाथी, पायल गाउँबाट बत्तिको लागि पिउला र पाथी (अन्न) दिने चलन चलाए । यसरी पाथी उठाउन वैद्यनाथ धामका पूजारी वा पीरजीले खटाएको कुनै योगी मन्दिरको चन्दन,' विगुत र पीरको प्रतिनिधि हो भन्ने कुनै चिन्ह लिएर जान्थे । त्यहाँ उठेको पूजा खर्च बापतको अन्न गाउँलेले भण्डारमा पुऱ्याई दिन्थे । यसलाई कुनै बोझको रूपमा नमानी श्री वैद्यनाथको

कुनै चिन्ह (खास गरी भैरवनाथ नामको भुक्कुर कर्णाल) गाउँमा आए सुविकाल आउँछ भन्ने जन विश्वाश थियो । तर हाल मानापाथी उठाउने चलन छैन ।

अन्नको भण्डार र प्रयोगः– उल्लेखित श्रोतबाट आउने धान लगायतका अन्न जेठी, माईली, साईली, काईली आदि भकारीको नामकरण गरी भण्डार गरिन्थ्यो । यसरी भण्डार गरिएको अन्नबाट धामको सम्पूर्ण पूजा खर्च चलाईनुका साथै आगन्तुकहरूलाई निशुल्क खुवाउने निम्नानुसारको व्यवस्था गरिएको थियो ।

१. सन्यासीहरूलाई ३ दिन सम्म ।

२. गृहस्थ पाहुनाहरूलाई २ छाक सम्म ।

३. नाथ संप्रदायका योगीहरूलाई उनीहरू बसुन्जेल ।

साथै धामका कामदारहरूलाई जमिन दिएका बाहेकलाई धानै दिइन्थ्यो ।

पर्व पर्व अर्थात् चाडबाडमा र जनतामा अन्न कम हुने मौकामा यो दिनमा यो भकारी खोलिदैछ भनी गुठी र छरछिमेकको गाउँहरूमा डिबडिबी पिटाइन्थ्यो । कुन भण्डारमा कति धान हुन्छ भन्ने आम जनतालाई थाहा हुन्थ्यो । आएकालाई १२ माने पाथीद्वारा तत्कालको दरभाउ अनुसार बिक्री गरिन्थ्यो । पैंचो दिइनाको साथै गरीव गुरूवालाई पीरजीको आदेश अनुसार निःशुल्क पनि वितरण गरिन्थ्यो ।

धामको संभारको व्यवस्थाः–

धाममा रहेका मन्दिर लगायत विभिन्न घरको साफ सफाई संभार र आईपर्ने साना ठूला कार्य गुठीयारको श्रमदानबाट हुने गर्थ्यो । जुन '१२ वेगारी १८ भारा' को नामले प्रशिद्ध थियो । सानोतिनो आईपर्ने काममा महिनाको १ दिन गरिने

श्रमदानलाई वेगारी र खेत रोप्ने, कुलो खन्ने जस्ता ठूला काममा गरिने श्रमदानलाई "झारा" भनिन्थ्यो । यस प्रकारको झारा सालको १८ पटक भन्दा बढी लगिन्थ्यो । जसको वदलामा गुठीयारहरूले घरवास र सवने जति जग्गा भोग चलन गर्न पाउँथे । निम्न गाउँलेले निम्न कामको लागि वेगारी दिनु पर्थ्यो ।

१. भण्डार घर फुसले छाउने – चाटे पिपल ।

२. नारङ्ग फुसले छाउने – श्रीकोट ।

३. भण्डार घरको वाहिरी भाग छिप्ने – वोरावाडा ।

४. श्री वैद्यनाथ शिवको मन्दिर छिप्ने – जोगीवाडी ।

५. शिव मन्दिरको लागि ३२ हाते टाँगो काटी मन्दिरमा ठड्याउने – वोरावाडी ।

६. अन्य टाँगा काट्ने र ल्याउने – स्थानीय ल्यामिवाडी ।

खेतको रोपाईः– श्री वैद्यनाथको खेतमा प्रत्येक जेष्ठ २ गते पोथी सराई (पहिलो दिनको रोपाई) हुन्थ्यो । त्यस दिन गुठमा माथि उल्लेखित चारै गाउँका साथै लुँग्रा, पर्वा, गांज्रा आदि आसपासका सबै गाउँबाट आ-आफ्नो हलगोरू, हलो फाली मई भान्या, रोप्नेरी लगायत खेताला र भद्रभलाद्मी भेला भै वाजागाजाका साथ रोपाई गरिन्थ्यो । त्यहीं पीरको सवारी चलाइन्थ्यो । पीरले पांगोमा (रोप्नको लागि तयार पारिएको हिलो) टेक्नु पर्थ्यो र रोप्नेरी लगायत भद्र भलादमीबाट पीरलाई हिलो छ्यापिन्थ्यो । पीरलाई हिलो लगाई सकेपछि आपसमा

हिलो खेलाखेल गरी रोपाई शुरू भएकोमा हर्ष मनाइन्थ्यो। रोपाई सकेपछि साँझ पख घामभा धेरै जसो खेताला र भलाद्मीहरूलाई पीरबाट भात खुवाउने प्रचलन थियो। त्यसपछि धार्मिक चर्चा परिचर्चा हुनाको साथै खेतालाहरू देउडा खेली मनोरञ्जन पनि गर्थे। त्यस दिन पश्चात अछामभर रोपाई शुरू हुन्थ्यो।

अन्य व्यवस्था:—

नित्यनैमित्य पूजा सञ्चालन कर्ताको रूपमा बालब्रम्हचारी कान चिरिएको योगी, श्रेस्ता मिलाउन बैदार र टहलुवाको नियुक्ति पीरद्वारा आवश्यकतानुसार गरिन्थ्यो। पुरोहितमा सान जोशी, नगार्जी, द्वारे, भण्डारे कार्यकर्ताहरू बंश परम्परा अनुसार हुने प्रचलन यथावत छँदैछ। उल्लिखित व्यवस्था पीर प्रयागनाथको प्रारम्भिक कालसम्म यथावत र त्यसपछि हाल आयश्रोतको कमिले गर्दा प्रतिकको रूपमा मनाउने प्रचलन छ।

✡

हाम्रा सामाजिक मान्यता, परम्परा र संस्कार धर्मबाटै उत्प्रेरित भएर आएका छन् भने हामीले सत्य र असत्य, कर्तव्य र अकर्तव्य न्याय र अन्यायको ज्ञान पनि धर्मबाट सिकेर आएका छौं।"

—श्री ५ वीरेन्द्र

०३३।५।१

मेलमिलापको प्रतिक जमानी मठ

श्री वैद्यनाथबाट रोग व्याधी तथा अनिष्ठ आईपर्दा जसरी यसको समाधान गर्दै आउनु भएको थियो त्यसरी अछाममा जाति जातिका बीच भएको काटमारलाई वन्द गराई शान्ति कायम गर्नमा पनि अप्रत्यक्ष रूपमा प्रभुको कृपा रहेको पाइन्छ ।

प्राचिन कालमा समाजमा बलको निसाफ चल्थ्यो भन्ने सबैलाई जानकारी छँदैछ । एक पटक कालीमाटीका निचल शाह र लुँग्राका अर्जुन खड्का बीच आपसी बैरभाव उत्पन्न भएछ । यसै अवस्थामा अर्जुन खड्काले निचल शाहलाई काटेछन् । आफ्ना दाई निचल शाहको बदला लिन मदन र नरेन्द्र शाहले तत्काल नसक्दा साह्रै खिन्न भएछन् । अर्कातिर जहिले पनि उनीहरू खानबस्दा उनका दाजु अछामी राजा कोटबाट नरसिंगोद्वारा "बदला नलिई खानु बाबु आमाको हाड मासु हो ।" मनाउन लगाउँथे । यो सुनेपछि उनी खाना नखाई उठ्थे । यस प्रकार निज खड्कालाई खोज्दा खोज्दा अन्न बिनानै ९ दिन बिताएछन् । आफ्नो ज्यानको डर भएकोले उनी पनि लुकिछिपी छायातराको जङ्गलमा वस्दथे । त्यहाँ पनि अर्जुन खड्काले

उनीको चेवा लिन छोडेको थिएन । त्यसै अवस्थामा निजले आफ्नो कमारो नग्वा कामीलाई चेवा गर्न पठाएको बेला मदन शाहले चालपाई पक्राउ गरेछन् । शुद्रलाई काट्न वा रगत निकाल्न नहुने प्रचलन अनुसार नग्वालाई जिउँदै कोल्थामा हाली त्यसको मुख बाँधी बूढी गङ्गाको डम्म (ताल) परेको ठाउँमा फ्याँकीदिएछन् । त्यसै दिनबाट उक्त ठाउँलाई अझै पनि "नग्वा बगाएको डम्म"को नामले पुकारिन्छ ।

एकदिन मदन नरेन्द्रले अर्जुन खड्का घोडा चढी आईरहेको बेला (कसैको भनाइछ जाडमा र कसैको पाएलेगाडमा हो) उनीलाई र उनको घोडालाई त्यसै ठाउँमा काटी टाउको छायाँतरा लगी रूखको टोडकोमा लुकाएर बसेछन् । यस प्रकारले काटाकाट हुँदा सबैमा तनाव हुनु स्वभाविकै हो । परम्परा अनुसार बिना गिडको शरीर साथ सति जान नमिल्ने हुँदा निकै दिन बिलाप गरी अर्जुन खड्काको श्रीमतीले आफ्नो पतिको टाउको खोज्दा नभेटिएकोले आफै छायाँतरा गै आफ्नो पतिको टाउको माग्ने निधो गरिन् । उनका दाजुभाईको विरोधको बाजजूद पनि उनी एक्लै छायाँतराको जङ्गलमा गै मदन शाहलाई भेटी आफ्नो पतिको टाउँको मागिन् ।

यसरी गोसी (गर्खालको श्रीमतीलाई गोसी भन्ने चलन) ले "आफ्नो पतिको टाउको दिए श्राप नदिई आपसमा सु-सम्बन्ध कायम गराई दिन्छु" भनी बचन दिदा आफूले बाध्य भै काट्नु परेको कारण बताउँदै मदनले टाउको दिएछन् । धेरै दिनपछि टाउको पाएकोले सडिगली नचिनिने हुनु स्वभाविकै थियो ।

सशंकित भए तापनि ती गोसीले आफ्नो बचन अनुसार दुवै पक्षलाई श्री वैद्यनाथको मन्दिर निकट आफ्नो पतिको चिता तयार भएको स्थानमा भेला गराइन् । आपसमा काटमार गर्दा हुने क्षति र पाप बारे आफ्ना भावना व्यक्त गर्दै **"साँचै नै म आफ्नो पतिको टाउको सित नै सती जान पाएकी हुँ भने ठकुरीको सन्तानमा केही नहोस् खड्काहरूले पनि बदलाको भावना नलिई मेलमिलाप गर्नू । यदि बदला लिन खोजे खड्काको नाश र अर्काको पतिसँग सती जान लगाएको भए ठकुरीको नाश होस्,,** भनी श्री वैद्यनाथलाई जमानी राखी आफू त्यसै चित्तामा सती भइन् । त्यस वेला देखिनै दुवै जातिको दाहसंस्कार गर्ने ठाउँ त्यहि हुन गयो जसलाई जमानि तिथ दनि भनिन्छ । यसरी त्यहाँबाट दुवै जातिमा मेलमिलाप बढ्दै गै आपसमा शान्ति छायो । यसै प्रसंगले गर्दा श्री वैद्यनाथको मन्दिर **"जमानी मठ"**को नामले पनि प्रशिद्ध छ ।

★☆★

"परम्पराले मानवलाई चरित्र र आधारको साथै लक्ष्यपूर्ण अस्तित्वको भावना प्रदान गर्दछ ।"

-श्री ५ वीरेन्द्र

०३०।६।२७

पीर र उहाँहरूको अलौकिक कार्य

प्रथम पीर मण्डपनाथलाई त्रिकालदर्शी अर्थात् भूत, वर्तमान र भविष्य ज्ञाता नै मानिन्थ्यो । उहाँलाई देवरूपमा मानिन्थ्यो भन्ने पहिलानै चर्चा भैसकेको हो जसको प्रमाणस्वरूप अद्यावधि धाममा देवल तथा छुट्टै गादीको व्यवस्था गरी पूजा गरिन्छ । उहाँले जिउँदै समाधि लिंदा मेरो काशी औतार भएमा यस ठाउँमा वडवृक्ष उम्रेला भन्नु भएको थियो रे, नभन्दै यहाँ वडको वृक्ष उम्रेर पाँचै देवललाई आफ्नो काखमा राख्यो भन्ने जनश्रुति पनि प्रचलित छ । त्यसपछिका पीरहरूमा श्री गरूडनाथ र सर्पनाथ अपना नाम अनुसारका रूपहरू वदल्न सक्दथे भन्ने जनचर्चा छ ।

पीर गरूडनाथका कार्यकालमा एक दिन सर्पनाथ घुम्दै आएछन् । दुवै सिद्धको भेट पश्चात् सर्पनाथले गङ्गामा स्नान र वैद्यनाथ मन्दिरको दर्शन गरी आउँछु भनी गङ्गातिर गएछन् । सदाझैं त्यस दिन पूजारी विहान बैद्यनाथ शिवको पूजा गर्न

जाँदा सर्पले शिवलिंगलाई घेरी बसेको र चालचुल गर्दा पनि नगएकोले पूजा नगरिकनै पूजारी डरले पीर गरूडनाथ कहाँ गै वृतान्त बताएछन् । के होत भनी गरूनाथले ध्यान गर्दा सर्पनाथले चाल गरेको कुरा अन्तरज्ञान भएछ । अनि पीरले पुनः पूजारीलाई पूजा गर्न जाऊ आफू पनि आउँछुभनी पठाएछन् । पूजारी मन्दिरमा नपुग्दै पीर गरूडनाथले गरूडको रूप लिएर मन्दिरमा गई ढोकामा के छाप हाने थे सर्प लुसुक्क भागेछ । पूजारी मन्दिरमा पुग्दा त्यहाँ केही थिएन तर ढोकामा गरूडको पंजाले कोतरेको छाप प्रष्ट देखेछन् ।

त्यसपछि सर्पनाथ पनि स्नान गर्दा ढिलो भो भनी भण्डार गृहमा गएछन् । दुवै सिद्धले एक अर्काको परीक्षा गरे तर कुरा गरेनन् । यस्तै केही समय पछि आफ्नो उही उत्तराधिकारी पाई सकेकाले पीर गरूडनाथले आफू जिउँदै समाधि लिने इच्छा प्रकट गरी सर्पनाथलाई पिन्याई बुझाई जिउँदै समाधि लिए भन्ने जनश्रुति छ । पीर मण्डपनाथ, पीर गरूडनाथ र पीर सर्पनाथ लगायत नाम थाहा पाउन नसकिएला अन्य दुई पीरले पनि जिउँदै समाधि लिएको स्थानमा वनाइएको देवलहरू लुंग्रेली गाउँले नभत्काउन्जेल अर्थात् वि. सं. २०२३।२४ साल सम्म छँदै थिए ।

पीर सर्पनाथले सारा गुठीयार छिमेकी गोर्खाहरूबाट पीर मण्डपनाथद्वारा आवाद गर्न लगाइएको जनिकोट खेतमा नदीबाट पानी ल्याउन कुलो खन्न झारा मागे । २।३ दिन भईसक्दा

पनि कुलोको नक्शा बनाउन नसकेकोले श्रमदानीहरू घर फर्कन खोजेछन् । यो थाहा पाई पीर सर्पनाथले "फर्कनु पर्दैन । आज सबै भण्डारमा बस्नु । भोलि विहान गई जता जता सर्प हिंडेको छ त्यतैतिर कुलो खनेमा पानी आउँने छ" भन्ने आज्ञा भएछ । नभन्दै भोलिपल्ट कुलो खन्न जाँदा सर्प हिंडी मलिएको बाटो जस्तो नक्शा बनेको रहेछ । त्यसपछि मात्र सर्प हिंडेको ठाउँ खन्दा जनिकोट सिंचाई गर्न कुलो तयार भएछ । कुलो खन्नको लागि सो नक्शा पीर र सर्पनाथले आफै सर्प भै रेखाङ्कन गरेका थिए रे ।

धामका नागरिकहरू एकपल्ट हाट जान हिंडेछन् । उनीहरू गएको २।३ दिनपछि भण्डार गृहमा पीर गादीमा बसेका र अन्य भद्र भलादमीहरू नजिकै बसिरहेको अवस्थामा अकस्मात पीरजीको कोटको बाहुलाबाट तरर्र पानी बहेछ । यस्तो लीला के हो भनी सबैले सोधनी गर्दा "हाम्रा हाट गएका गुठीयार बसेको नाउ डुब्न गएछ । त्यसैलाई उतार्न त्यहाँ गएको थिएँ । अलिकति ढिलो भएको भए सबै मर्थे । सबै कुशल छन्" भन्ने आज्ञा भएछ । नभन्दै हटेरू फर्के पछि बुझ्दा सबै घटना सत्य रहेछ ।

अर्थात् सिद्धहरूले पिन्याई गरिरहेको बेला अकालमा कसैले मर्नु पर्दैनथ्यो । त्यहाँ कुनै लुच्चा फटाहा थिएनन् । सबै धर्मपरायण नागरिक थिए । जो शान्ति एवं सुख पूर्वक जीवन बिताउँथे ।

★★★

देव न्याय प्रति विश्वास

वैद्यनाथ धाममा प्रभुरूपि सिद्ध पीर हुँदा त्यहाँ जे हुन्थ्यो सबैको चित्त बुझ्दो हुन्थ्यो सरल र न्याय हुन्थ्यो भन्ने कुरा यसमा उल्लेखित घटनाहरूले छर्लङ्ग्याउँछन् । त्यसैले तत्कालिन जनताहरू न्याय माग्न पनि श्री वैद्यनाथ धाममा जाने प्रचलन थियो । जुन केहि रूपमा आजकल पनि प्रचलित छ ।

अन्य देवस्थलमा झैं यहाँ पनि श्री महाकाल भैरवको मूर्ति श्री वैद्यनाथ शिव मन्दिर अगाडि विराजमान छ । यसलाई ठिंगाल (अदृश्य रूपमा राती लाठीको ठिंग ठिंग आवाज गरी हिडछन् भन्ने जनविश्वासबाट यो नामकरण भएको) भैरव पनि भन्दछन् ।

अन्याय परेकाहरू न्याय माग्न श्री वैद्यनाथ मन्दिरमा गई विलाप गर्दै बिन्ति चढाउने परम्परा छ । यसो गर्दा छानबिनको क्रममा शिवजीको द्वारपाल ठिंगाल भैरव राती अदृश्य रूपमा लाठोको ठिंग ठिंग आवाज गर्दै विपक्षीको घरमा जान्छन् । अनेक छल गर्दछन् । आफ्नो घरमा यस प्रकारको

कुनै घटना घटनासाथ ज्योतिष वा धामीसँग हेराई दोष भए तोकेको कुरा गरी दुवै पक्ष मिली पूजा गरेमा केही नोक्शान हुँदैन । वास्ता नगरेमा विपक्षीको घरमा अनेक क्षति गराउनुको साथै घर परिवारलाई हप्काउने जस्ता क्रयाकलाप गराएर वा वास्तविक कुरा गर्न लगाउँछ भन्ने जनधारणा छ ।

आजको युगमा यसलाई अंधविश्वास भन्लान् तर यस्ता कैयौं घट्ना घटेको कुरा सुनिएको मात्र होइन देखिएको पनि छ । श्री वैद्यनाथ धाममा कोही पनि झूठो बोल्दैन भन्ने जनविश्वासले गर्दा गाउँका ठूला ठालूहरू झगडियाहरूलाई धाममा नै भेला गराई छलफल गरी झगडा मिलाउँथे । कुनै कुरामा एक मत नभएमा पीर समक्ष पेश हुन्थ्यो । उहाँ द्वारा गरिएको निर्णय सर्वमान्य हुन्थ्यो । अझै पनि त्यहाँ गई "यो होइन वा गरेको छैन" भनी कुनै आरोपित व्यक्तिले कबुल गर्छ भने माफ गरिदिने सामाजिक प्रचलन कायम छ । सो प्रचलन स्थानीय जनतामा "देव न्याय" को नामले प्रचलित छ ।

★★★

"परम्परा र आधुनिकीकरणका बीच सजीव सम्बन्ध छ ।"

-श्री ५ वीरेन्द्र
३०।६।२७

नेपाल एकिकरणमा श्री वैद्यनाथको आशिर्वाद

राजा देवीचन्द्र शाहद्वारा स्थापित सोमबंशीको प्रथम राज्य अछाम थियो । यतैबाट यिनका २० पुस्ताका सन्तान जांजरकोट र सल्यान तर्फ अघि बढी अलग राज्य कायम गर्दै थिए । यसै बंशद्वारा शासित अछाममा संयोगवंश ४५ पुस्तामा देवचन्द्र नामका नै राजा भए ।

त्यसवेला नेपालमा श्री ५ रण बहादुर शाहको शासनकाल थियो । वहादुर शाहको कुशल शासन व्यवस्था भएको बेला श्री ५ पृथ्वी नारायण शाहले बाँकी छोडेको काम पूरा गर्ने अठोट लिएर नेपाल एकिकरण अभियानको पुन: थालनी भयो । यसै सिलसिलामा श्री शाके १७१२ तदनुसार वि. सं. १८४७ भाद्र ५ गते राती २६ घडीमा अछाम, डोटी र कुमाउ सम्म हाम्रा जगजीत पाण्डेले साईत गरी अघि बढेका थिए । कुनै कुनै इतिहासकारले बाइसे, चौविसे राज्यहरूलाई बि. सं. १८४२ अघि नै नेपालमा मिलाइएको भन्ने लेखेको पाइएतां पनि वि. सं.

१८४७ मा मात्र अछाम, डोटी हाम्रा हाइत गरेको देखिन्छ । यसबाट सम्बत् : १८४७ मानै गोर्खाको पल्टनले कर्णाली नदी तरी (पार गरी) अछाम पार गरेको अडकल गरिएको छ ।

गोर्खालीहरू सँग भएका त्यति वेलाका आधुनिक हतियार बन्दुकको सामुन्ने अछामीहरूका परम्परागत ढाल तरवारको केहि सिप नलागी पछि हट्दै गए । यसरी अछामको पूर्वी भाग सर गर्दै तत्कालिन अछामको राजधानी मोतीपुर (ककडसात नजिक बूढीगङ्गाको देब्रे किनारमा अवस्थित थुम्को) कोट तर्फ गोर्खाली पल्टन बढीरहेको अवस्थामा सारा अछामी उठी जनालीकोटमा घेरा हाल्दा दुवै बीच घमासान युद्ध भएछ । अछामीको ठूलो जमातको सामुन्ने १०० जना मात्र बाँकी रहेको गोर्खाली पल्टनको केही सिप नलागी किंकर्त्तव्यविमूठ भएछन् ।

त्यसै अवसरमा त्यहाँ धर्मात्मा ब्राम्हणको रूपमा एक व्यक्ति प्रकट भएछन् । यिनले गोर्खाली फौजलाई "बुढीगङ्गाको पश्चिम किनारमा श्री वैद्यनाथको प्रशिद्ध धाम छ । त्यहाँ जो सुकैले पनि शरण लिंदा शरणको मरण गरिदैंन र कसैले हस्तक्षेप गर्न पाउँदैनन् । हस्तक्षेप गर्ने वो र श्री वैद्यनाथका वाहनले विभिन्न रूप धारण गरी भष्म धर्दछन् ।" भन्ने महान अर्ति दिए छन् । मृत्युको घडी त्यसै बेला जीवनको प्रकाश पाउँदा रातारात सबै त्यतातिर खनिएछन् । यो चाल पाई अछामी लडाकाहरूले पनि धामसम्म पिछा गरेछन् । भण्डार गृहमा पसिसकेको गोर्खाली फौजको केही दिन सम्म घेराउ गरेता पनि धामको ईलाकामा प्रवेश गर्ने साहस कसैले धर्न नसकी फिर्ता भएछन् ।

शरणार्थीको रूपमा केही महिना धामका विताए पछि त्यति बेलाका पीर आईतवार नाथले शरणार्थी पल्टनको जिम्मा रहेका १०० एकसय नाल भरुवा बन्दूक र केही ढाल तरवार धाममा नै छोड्न लगाई जोगीको भेषमा ५।७ दिनको फरक पारी २।२ जनाको दरले फिर्ता पठाउँने व्यवस्था मिलाई दिएछन् । त्यति बेलाका वन्दूक, केप प्रयोग गर्ने खालका नभई वारूद नेर (छुच्ची) हाडे ढुंगो (झिल्का आउने) बाध्ने र त्यसमा ठिक्काले हान्दा झिल्का उठी वारूदलाई टिपी पड्काउने खालका थिए ।

पीर प्रयागनाथ र त्यस पछिका पीरले ती बन्दूकहरू मध्ये केही विक्री गरेर केही थोत्रा बन्दूक सित सित साटे । केही नाल पीर शुक्रदेवनाथको पालामा साप्पा खेतको सुरक्षाको लागि लिराखेको वेपासका बन्दूक भनी प्रहरीले पक्राउ गरी डोटी गौंडा।ता बुझाएकाले हाल सम्म पनि त्यहीं नै छन् । केही नाल अझै धाममा छँदैछन् । जसले उक्त ऐतिहासिक घटनाको स्मरण गराई रहेका छन् ।

यस प्रकार अछामबाट प्रथम हमलामा पराजित भएता पनि गोर्खाली पल्टनले हरेश नखाई पून : जगजीत पाण्डे र सरदार अम्बरसिंह थापाको नेतृत्वमा कप्तान गोलैया र कप्तान रणवीर खत्री १० पल्टन लिई अछाम, डोटी सर गर्न जाँदा कर्णाली नदी तरी अछामी राजाका तरवारे भद्धतिलाई भगाउँदै आपनो मजबूतिको लागि भैसोले चालसा, ७०० को जुपुमाथि थाना राख्दै अछाम सर गरो श्री वैद्यनाथ धाममा पुगेछन् ।

त्यहाँ पीरसँग आफ्नो पल्टनले पहिला छोडेका बन्दूक तरवार मागी डोटी तर्फ अघि वढ्न खोज्दा सम्पूर्ण पल्टनकै आँखा बन्द भै बाटो नदेखिने तर मन्दिरतर्फ फर्कदा आँखा देखिने यस्तो आश्चर्य जनक स्थिति भई बुझ्दिन अघि वढेने र उक्त फर्कने गर्दैमा वितेछ । अन्तमा लाचार भै घाममा नै वास वसेछन् । त्यसै रात श्री वैद्यनाथ बाबाबाट सरदार अम्वर सिंह थापालाई "तिम्रो पल्टनको जीवन दान दिंदा तिनीहरूले छोडेका आस्त्र घामकै हुने हुँदा तिमीहरूले लान खोज्दा आँखा बन्द भएका हुन् । मेरो यथोचित पूजा गरी पहिलेका सबै हतियार अर्पण गरी जानु । चौरबुट्या नजिक वडि-मालिकालाई जगाई अखण्ड ज्योति "बलाई गएमा तिम्रो काँगडा सम्म विजय हुनेछ" भन्ने सपना दिएकोले भोलि पल्ट श्री वैद्यनाथ शिव मन्दिरमा पूजा अर्चना गरी पहिलेका सय नाल बन्दुक विधिवत अर्पण गरी विजयी भएमा गुठको व्यवस्था गर्न कबुल गरी पल्टन डोटी तर्फ बढेछ ।

सपना वमोजिम चौखुट्या नजिकै सरदार अम्वर सिंह थापाले सफलताको लागि दायाँ कालीका बाँया भैरबका मध्य कालीकाका तीन मूर्ति पूर्वद्वारको इशान कोठामा तेलको "अखण्ड ज्योति" प्रज्वलित गराई शक्ति प्राप्तीको लागि "वडि मालिका"को आराधना गरेका थिए । काँगडा विजयको लक्ष्य राखी यहाँ अखण्ड ज्योति प्रज्वलित गरेकाले गाउँको नाम नै काँगडा-काँगडा-काँडा-डोटी-डोटीकाँडा पर्न गै अखण्ड ज्योति अझै प्रज्वलित भै रहेछ ।

अमर सिंह थापाले अखण्ड ज्योतिको संचालनको लागि गूठको व्यवस्था गर्नुको साथै शिलामय देवल, विशाल धर्मशाला स्थापना गरी निगम (मे) स्वद्रिभूमि १७५४ मिर्मिते शाके सर्मपित : घण्टा श्रीमालीका देव्य नर हिसेन धर्मत ॥१॥

मन्त्री अमर सिंहस्य तनयेन कानियसा ॥शुभम्–धार्नी १५ लेखी चढाएको घण्टाले सम्वत् १९०४ को लालमोहर तथा उक्त गुठीबाट श्रावण पूर्णिमामा, जेटीबाट मालिका जाने पल्टनले १ चौथाई घिउ जौ तिल र रू ५।- भेटी लिई मालीकामा चढाउने परम्परा अझैं कायम रहेको प्रचलनले यथार्थता दर्शाउँदछ ।

अछाम सर भएता पनि अछामी राजा देवीचन्द्र र मुख्य मुख्य मानिसहरू भूमिगत भएछन् । गोर्खाको सीमित शक्ति देखि डोटी र अछामका राजाका समर्थकहरू मिली गोर्खाली पल्टन बसेको ठानामा हमला गरी बि. सं. १८४८ मा कब्जा गरेछन्। यो खवर जाजरकोटे राजा गजेन्द्र शाह कहाँ पुगी उनीले दलवल लिई अछाम कब्जा गरेको कुरा यसैको अन्तिम पानामा रहेको गोर्खाधिशले जाजरकोटे राजालाई लेखेको सामरिक पत्रबाट थाहा हुन्छ।

वि. सं. १८४९ मा पून: अछामी राजा र तिनका भारदारहरूले अछाममा विभिन्न ठाउँमा ठाना वनाई वसेका गोर्खालीहरूलाई ट्याम्को (दमाह) को सान (संकेत) मा एकै चोटि काट्ने योजना वनाई कार्यान्वयन गर्दा जुपु माथिको ठानाबाट एकजना सिपाही उम्केर गई नजिकैको दर्ना गाउँको

रूद्र शाहको कोठमा शरण लिन पुगेछ । । उनले श्री वैद्यनाथ धाममा गै पीरसँग सल्लाह गरी एकजना जोगीको साथमा लगाई गोर्खाधिश कहां खवर पठाउन मद्दत गरेका थिए ।

अछामीले कुल्याई गरेको खवर पुगेपछि गोर्खाधिशले सल्यानी राजा कृष्णशाह समेतलाई पत्र लेखी कप्तान कालु पाण्डेको नेतृत्वमा अछाममा फौज पठाए । कालिमाटीका वदन शाह लगायत अन्य गाउँ गाउँबाट मुख्य मुख्य कुल्याहा (विद्रोहीहरू) लाई खोजेर पक्राउ गरी हालको दैलेख जिल्लाको वेलखेतमा जम्मा गरेर कर्णाली नदीको तीरमा कुल्याहाको दुवै कानमा वत्ती राखी वाल्न लगाउन र वत्तीले कान पोल्दा टाउको हल्लाए पछि वोका पर्स्यो भनी त्यहाँ अवस्थित ठूलो ढुंगोको अचानो (उक्त ढुंगो वेलखेतमा अझै छँदैछ) मा काट्दै कर्णालीमा वहाएका थिए । संयोगवंश गाँज्राका कालु बुढाथापा खड्कालाई काट्ने पालो उनकै मीतको परेछ "मीत हत्या कसरी गरौं ? आफै कर्णालीमा हाम फाल्नुस्" भन्दा अछाम वान्निगढी अवस्थित सोडषा देवी (जुन श्रीवरदा देवीको नामले सुप्रसिद्ध छिन्) र श्री वैद्यनाथलाई सम्झेर यो कर्णाली पार गर्न सकुं । प्रत्येक वर्ष गाँज्राको डौठे गडामा कार्तिक पूर्णिमाको दिन छाडी राँगो (राँगोलाई दगुऱ्याई काट्ने) र श्री वैद्यनाथमा प्रत्येक महाशिवरात्रीमा पर्गलो चढाउने छु" भन्ने भाकल गरी भाद्रमासको उर्लदो कर्णालीको भेलमा हाम फालेछन् । भगवती वरदा देवी र श्री वैद्यनाथको आशिर्वादले गर्दा पौडी खेल्न नजान्ने कालु बुढाथापा खड्का कर्णाली पार भएछन् । त्यसै सालबाट गाँज्रामा कार्तिक पूर्णिमाको दिन छाडी राँगो हान्ने र शिवरात्रीमा गाँज्रावाट श्री वैद्यनाथमा छुट्टै पर्गलो चढाउने परम्पराको थालनी भएको हो ।

श्री वैद्यनाथकै कारणले बिद्रोही राजासँग मैत्री सन्धी

गोर्खाली पल्टन सँग पराजित भै राज्य गुमेपछि अछामी राजा वेवीचन्द्र शाहले आफ्नो साथमा लान सक्ने सवै सम्पत्ति श्री वैद्यनाथमा अर्पण गरी आफ्नो वैठके, सुसारे र नोकर चाकरहरूलाई समेत साथमा लिई ज्वाँईको देश भारत काँशीपुर गई निर्वासित जीवन विताए। केहि वर्ष पछि उनको त्यहिं मृत्यु भयो।

काँशीपुरमा धेरै गर्मी एवं चोर डाँकाको भय हुनको साथै ज्वाँई छोरीको राज्यमा शरणार्थी भै बस्नु उचित नलागेर रानी पटौनीदयान आफ्ना नावालक एक मात्र छोरा श्री मोहरशाहलाई साथ लिई कर्णाली नदीको पश्चिम किनारा अवस्थित कायजुवा नामक ठाउँमा आई कोट वनाई वसेकी थिइन्। त्यसको केही समय पछि राजकुमार मोहर शाहले कायजुवामा कोट वनाई वसेका छन् भन्ने कुरा चौ. पुस्कर शाहले थाहा पाई तन्नेरी राजकुमार जीवितै हुँदा अछाम राज्यमा फेरि पनि विद्रोहको

ज्याला सक्किन सक्छ भन्ने संभावनालाई मध्य नजर राखी आपसमा घनिष्ठ सम्बन्ध गांस्न बोलउँदा एक्कासी आउन नमानेकोले श्री वैद्यनाथलाई साक्षी राखी लिम पठाउँदा श्री मोहर शाह डोटीमा पुस्कर शाहलाई भेट्न गएछन् । दुवै पक्ष बीच आपसी वार्तालाप भै एक अर्काको दुश्मनी नगरी नेपाल एकिकरण अभियानमा एक भै संलग्न हुने प्रण गरी गराई मोहर शाहलाई कायजुबामा नबस्ने अनुरोध गर्दै पुस्कर शाहले पुरानो कोट मोतिपुर दक्षिण चिउरीनाउँ र चायरवामा घरवास र खेत लेखी दिएछन् । यसपछि पुस्कर शाह अछामबाट निश्चित भए, यसरी वैद्यनाथ प्रति दुवै पक्षको आस्था र विश्वासले नै मेल मिलापको वातावरण सृजना भै नेपाल एकिकरणमा ठूलो टेवा पुगेको थियो । यस घटनाबाट नेपाल नरेश र उनका भाई परिवारको उद्धार शासन व्यवस्था र पुस्कर शाहको कुटनैतिक कुशलताको प्रमाण मिल्छ । यस प्रकार दुवै समूह बीच मित्रता बढ्दै जाँदा पछि गएर श्री मोहर शाहको छोरा रण भीम शाहले जग्गा बढाउन पाएका थिए भन्ने यिनका छोरा टिका भूप शाहसँग श्री ५ गिर्वाण युद्धले आफ्नो छोरीको छोरी अर्थात् बझाङ्गी राजा गजराज सिंहकी सुपुत्री त्रिभुवनेश्वरी शाहको विवाह गराई पुनः राज्य प्रदान गरेको इतिहास साक्षी छ ।

***

"देशको विकास भन्नु नै गाउँको विकास हो ।"

–श्री ५ वीरेन्द्र

०३५।९।१

राजगुठीमा परिणत

वि. सं. १८४९ मा अन्तिम पटकको विद्रोह समन भै अछाम राज्य नेपालमा पूर्ण विलिन भयो । नेपाल एकिकरण अभियानमा श्री वैद्यनाथ शिवजीबाट गोर्खाली पल्टनलाई भएको प्रत्यक्ष वा अप्रत्यक्ष सहयोग वारे विस्तृत रूपमा श्री ५ रण वहादुर शाहमा जाहेर भयो । कसैको भनाईमा श्री ५ रण वहादुर शाहलाई नै श्री वैद्यनाथबाट सूचना भए अनुसार श्री वैद्यनाथका पीरलाई राजधानी वोलाइएको थियो ।

त्यसपछि श्री ५ रण वहादुर शाह समक्ष पीर स्वयम उपस्थित भै परापूर्व कालका राजाहरूले गरिदिएको ताम्रपत्रहरू पनि पेश गर्दा पहिलाका "राजा रजौटाहरूले गुठी चढाए अनुसार हामीले थामी बक्स्यौं " भनी वि. सं. १८५२ भाद्र १५ रोज २ मा पीर आइतवार नाथका नाउँको लालमोहर बक्सी सम्पूर्ण गुठी राजगुटीमा परिणत गरि बक्सेको थियो । यसै परम्परालाई कायम गर्दै बौरावाडा, श्रीकोट र चाट्या पिपल गाउँ, चाट्या पिपल २ खेत, साप्या खेत, ४० गैह्लाली ३ खेत, सालातडि

स्याउले २ खेत र जनिकोट, हुड्क्या टाँगा, थारू बगर समेत २ खेत समेत गरा ९ खेत ४० मुरी माटाको गुठ थामी पूजा आरती गरी खानु भनी श्री ५ गिर्वाण युद्ध, श्री ५ राजेन्द्र, श्री ५ सुरेन्द्र र श्री ५ पृथ्वी वीर विक्रम शाहदेवबाट आ–आफ्नो शासन कालमा श्री वैद्यनाथ श्री महाँकाल भैरव, श्री मण्डप नाथलाई पुकारी लालमोहर (पूर्ण विवरण यसैको लालमोहरको पृष्ठमा पढ्नु होस्) बक्सेको थियो । यसबाट मध्ये पश्चिम क्षेत्र र सुदूर पश्चिम क्षेत्रमा पर्ने बिभिन्न गुठमा सबै भन्दा ठूलो राजगुठी श्री वैद्यनाथ हो भन्ने प्रमाणित हुन्छ ।

श्री ५ बाट बक्स भएको लालमोहर अनुसार त्यस बेला श्री बैद्यनाथको विधिपूर्वक नित्यनैमित्य पूजा संचालन भै राजा प्रजामा सुख समृद्धि छाएको थियो । हाल भने आर्थिक श्रोत नभएकोले नाम मात्रको पूजा भैरहेको देखिन्छ । श्री ५ रण बहादुर शाहबाट बक्स भएको लालमोहरमा "अघिका राजाबाट भएको ताम्रपत्र अनुसार" भन्ने उल्लेख भएकोले श्री बैद्यनाथमा ताम्रपत्र थिए भन्ने प्रष्ट हुन्छ । तर हाल त्यहाँ कुनै ताम्रपत्र भेटाउन सकिएको छैन । पीर पूजारीबाट नै नष्ट भए वा त्यति वेला नै काठमाडौं रहे एकिन हुन सकेको छैन ।

लालमोहरहरू पनि पीर शुक्रदेवनाथ योगीले पुनः निर्माणको माग गर्ने सिलसिलामा काठमाडौं ल्याई त्यहाँ स्थित मृगस्थलिका महन्त क्षिप्रानाथ ज्यू जिम्मा राख्नु भएको थियो । पछि पीरज्यूको परलोक भएकोले लालमोहरहरू पनि यतै रहेका हुन् । ती लालमोहरहरूको फोटोकपी यस पुस्तिकामा राख्ने विचारले संकलकले मृगस्थली गई महन्त जी सँग अनुरोध गर्दा वहाँद्वारा लालमोहरको खोजी भयो । तर वृद्ध अवस्थाले गर्दा राखेको ठाउँ विर्सनु भो या किराको गाँस भईसकेकोले हो लालमोहर पाउन नसकेकोले फोटो कपी राख्न सकिएन । ★

श्री वैद्यनाथको अक्षता मालीकामा

नेपाल एकिकरण अभियानमा श्री वैद्यनाथले दिएको सपना अनुसार काँडामा सरदार अमर सिंह थापाले प्रज्वलित गरेको अखण्ड ज्योतिकै सन्दर्भमा हो वा पहिलेका राजाहरूकै पाला देखि नै हो श्री वैद्यनाथबाट मालिकामा चढाउन अक्षता लाने परम्परा कसरी शुरू भयो भन्ने वारे अझै कतैबाट प्रकाशमा आउन नसकेकोले अनुसन्ध्यय छ।

तर स्कन्द पुराणको मानस खण्डका १७१।१७२ संख्यक अध्याय २ को मालीका महात्म्यमा देवतटनामा पर्वत भन्दा पनि अति उत्तम पर्वत गिरिनामा छ। जहाँ महादेवी मालिका बिराजमान छिन् त्यहाँ देवता, ऋषि, सिद्ध, गन्धर्वादिले पूजा आरधना गरिरहन्छन्।

दक्षप्रजापतिको यज्ञमा सतीदेवीको भौतिक देह भू-मण्डलमा छुटेपछि तेजरूपि सूक्ष्म देहको पतन हुँदा व्याकुल भै देवताहरूले ब्रम्हाजी सँग विन्ति गर्दा सतीदेवीको तेजोरूप यसै पर्वतमा

गुप्त रूपले रहेको छ । त्यहाँ होम, यज्ञ, स्तुति, पाठ गरी प्रशन्न गराएमा हिमालय पर्वतकी पुत्री पार्वती भै अवतार हुनेछ भन्ने जवाफ पाएकोले देवताहरूले त्यहाँ गै स्तुति गर्दा बरदान पाएका हुन् भन्ने उल्लेख भएकोले जगतमाता पार्वतीको अवतारको दृष्टिबाटै भक्तिपूर्वक अक्षता चढाउने परम्परा आदिकालबाट हुँदै आएको हुन सक्छ ।

यसै परम्परालाई पालन गर्दै डोटी गोंडा (जि. का.) बाट मालीकमा मेला लाग्ने दिन श्रावण चतुर्दशी–पूर्णिमामा त्यहाँ पुग्ने गरी जाने पल्टनले दिपायलको दिप्लेश्वर महादेवको खेतबाट भुडुरी (धानको वेर्नाको पातको बनाएको कलात्मक थुंगा) र चौखुट्या काँडामा अमरसिंह थापाद्वारा प्रज्वलित अखण्ड ज्योतिको गुठबाट एक चौथाई (चार किलो) घ्यू-जौ तील र रू. ५।– भेटी लिई आई पञ्चमीको दिन वैद्यनाथ धाममा पुगी त्यहाँबाट जेष्ठ २ गते रोपिएको खेतको ५ माना नयाँ चामलको अक्षता, जौ, तील, पाँचमोहर भेटी र एउटा ध्वजा मालीकामा चढाउन लैजाने र पल्टन फर्कंदा त्यहाँको प्रसाद धाममा दिएर जाने प्रचलन अध्यावधि चलेकै छ । आशा छ यो हिन्दूराष्ट्र रहेसम्म आफ्नो यो विशेषता कायम राख्ने छ ।

★★★

श्री वैद्यनाथ मन्दिरको निर्माण र त्यसको सेरो फेरो

नेपाल एकिकरण पश्यात सुदृढ शासन व्यवस्थाको लागि श्री ५ राजेन्द्र वीर विक्रम शाहबाट डोटी–अछामको शासकमा चौ. पुस्कर शाहलाई नियुक्ति गरी पठाइबक्सेको थियो । उहाँको मुकाम डोटी सिलगडीमा थियो । श्री वैद्यनाथको महिमा त्यतिबेला राजधानी सम्म प्रचलित भैसकेकोले श्री ५ राजेन्द्रको सम्मतिमा चौ. पुष्कर शाहले काठमाडौंबाट कर्मी ल्याई वैद्यनाथ धाममा ईंटा झिङटी समेत पार्न लगाउनु भयो । संभवत: वि. सं. १८९३।९४ साल तिर होला साविक मन्दिर जस्तै पसाह ८ पाटे दुईतले कलात्मक काठका थाम, टुँडाल, मठ्ठल भएको र झिगटीद्वारा छाइएको पूर्व तर्फ ढोका भएको, हनुमानढोका स्थित मन्दिर शैलीमा इटाको मन्दिर बनाउन लगाउनु भै सुनको जलप सहितको गजुर पनि चढाउनु भएको थियो । मन्दिरको चारैतर्फ पर्खालले घेरिएको थियो । तल मैदानबाट मन्दिरको पर्खालको ढोकासम्म लामलाई उत्तर र

पूर्वतर्फ १०१।१०१ खुट्किला भएको सुन्दर सिंडी थिए । बुढापाकाको भनाई अनुसार चौरबाट मन्दिको गजुर हेर्दा टाउकोबाट टोपी खस्थ्यो ।

मन्दिरको पर्खाल बाहिरको भिरालो पाखोमा बेल, ढाँक–असुरो, धुस्सु आदिका रूखहरूले भरिएको थियो । त्यही मन्दिरको मूलढोकाको सामुन्ने श्री महाकाल भैरव स्थापना गरिएको र केही तल ३२ हाते ठूलो सालको टाँगो (ध्वजारोहण गर्ने) गाडिएको हुन्थ्यो ।

भिरालोको तल अं. ५०० गज लामो र ३०० गज चौडाई भएको ठूलो चौर थियो । जसको उत्तर पूर्व इटाको दिवाल र झिंगटीको छत भएको इटाको ठूलो धर्मशाला थियो । त्रिवेणीको उत्तर र मन्दिरको दक्षिण बुढीगंगाको किनाराबा स्थानीय वासिन्दाहरूको साथै लुँग्रेली खड्का र कालिमाटीका ठकुरीको ऐतिहासिक साझा चितास्थल थियो । मन्दिर देखि लुँग्रेली गाड्मिलने ठाउँ सम्म बागमती नदीमा बनाएका ढुंगाको सिंडी झैं बुढीगंगाको दाहिने किनारमा पनि बनाइएको थियो । उक्त चौरको चारैतर्फ जोडी मिलाई लगाएका पचासौं वर पिपलका बृक्ष र चिनेका चौतारा थिए । पूर्व नदीपार लगायत मन्दिरको चारैतिर साल, सिमल, आँप आदिका ठूला ठूला रूख भएको भयङ्कर झाडी थियो जसले गर्दा "झाडखण्ड वैद्यनाथ धाम" नामको सार्थकता दर्शन्थ्यो ।

मन्दिरको उत्तर तर्फ १ हजार गज भन्दा पनि टाढा भण्डार गृह थियो जहाँ पीरहरू विराजमान हुन्थे । मन्दिर र भण्डार गृहको

मध्य भागमा भञ्ज्याङ्ग जस्तो थियो । जसको वरपर ठूलठूला वर पिपलका बृक्षहरू थिए । त्यही भञ्ज्याङ्गका ठाउँ ठाउँमा तागत नाप्न अथवा तागत देखाउनको लागि र विभिन्न आकार तौलका ढुंगाका अखाडा राखिएका थिए । घाममा आउने जानेहरू तिनलाई उठाई आफ्नो बल नाप्थे । त्यहीं नजिकै गोखुर भन्ने ढुंगो थियो जो गाईको खुर जस्तै थियो र त्यसमा पाती चढाउँथे ।

भण्डार गृह घेरै लामो थियो र त्यसमा झण्डै डेड दुई सय मानिसहरू अटाउन सक्थे । पहिलो तलाको दिवाल इटाको थियो भने दोश्रो तला सालका पटराले घेरिएको र छाना फुसले छाइएको थियो । यस्तै प्रकारको पाहुना घर तथा आगन्तुक जोगी आश्रम थियो । यसै शैलीमा गुठीयारका घरहरू हुन्थे जसको दृश्यचित्र पछिल्ला पृष्ठमा छ ।

भण्डार गृहको अगाडि ठूलो पटाङनी थियो । जहाँ होरी पनि खेलिन्थ्यो। यसका चारै तिर गुलैंची आदि फूलहरू थिए भने छेउमा नारंग्या (काठका खम्बा माथि काठका पटरा बिछ्याई तला बनाएको र फुसको छाना भएको) र टाँड थियो । नारंग्याको मुनि धान कुट्ने सातवटा ढुंगे ओखल थिए । जहाँ भण्डार तथा त्यहाँका कामदारहरूको धान कुटिन्थ्यो । चाडवाड खास गरी होरीमा नारंग्यमा कालिमाटीको मैयाँहरू र टाँडमा अन्य महिलाहरू बसेर रमिता हेर्थे भने अरू समयमा घाममा आउने भद्र भलादमीहरू बसेर छलफल गर्ने तथा साधु महात्माको उपदेश श्रवण गर्ने स्थानको रूपमा

गरिन्थ्यो । त्यसको नजिकै पीर मण्डपनाथ, गरूडनाथ, सर्पनाथ समेत जम्मा ५ जना पीरज्यूहरुका ढुंगाद्वारा बनाईएका सुन्दर देवलहरू (समाधिस्थल) पनि थिए । त्यहीं नेर जमिन मुनि अन्न धन्न नामको भकारी माथि त्यस्तै ढुंगाको देबल थियो, जहाँ बिहान बेलुकी भोग लगाई सो गाईलाई खुवाए पछि मात्र पीर पूजारीले खाना खान्थे । श्री वैद्यनाथको मन्दिर भित्र आफै उत्पत्ति भएको शिवलिंगको साथै गणेश, कृष्ण, नारायण, नाग नागिनी, सीताराम, लक्ष्मण, वाद्यनृतात्मक मूर्ति, भगिनी, हनुमान, भक्तिनी, महाकाली, महर्षि मर्दीनी, भगवती, नागराजका प्रतिक मूर्तीहरू । भण्डार गृहको श्री मण्डप नाथको गद्धी रहने स्थानमा भगवती दुर्गा, भगिनी, हनुमान, गरूढ, भैरव, सिंह, गणेश, शिवलिंग, कृष्ण, नारायण लगायत अन्य अपरिचित पुरातात्त्विक दृष्टिकोणले पनि अति महत्वका अनेक प्रतिकहरू (मूर्तिहरू) छन् ।

बृद्धा अवस्था हुन लाग्दा पनि आफ्नो कुनै सन्तान नहुँदा कप्तान भवानीसिंह स्वाँरले कलकत्तावाट ताम्रपत्र झिकाई पहिलेको झिंगटीको सट्टा श्री पशुपतिनाथको छत झैं ताम्रपत्र द्वारा श्री वैद्यनाथको मन्दिर छाई सुनको गजुर चढाएका थिए । मन्दिरको जिर्णोद्धार गरी ठूलो पूजा लगाएका थिए र निम्तेरूका लागि चौरमा सालका पात ओछ्याई स-साना थुम्का झैं भातका ठूला ठूला थुप्रा लगाएका थिए भन्ने अझै जनचर्चा छ । यसैको प्रतिफलमा छोरा नभएता पनि छोरी जन्मी स्वाँर निसन्तान हुनवाट मुक्त भएका थिए ।

एवं प्रकार चलिरहेको बेला वि. सं. १९८६ भाद्र महिनामा ठूलो डोल भै वुढीगंगा आसपासको हजारौं रोपनी धान खेत मात्र वहाएको होईन श्री वैद्यनाथ मन्दिरका ताम्रपत्र, घण्ट आदि धेरै पुरातात्त्विक एवं महत्त्वपूर्ण सामग्रीहरू वुढीगंगाको गोदमा विलिन भए । अचम्मको कुरा के छ भने शिर्वालिग र त्यसको वरिपरिका कुनै पनि सामग्रीलाई केही क्षति भएन । सुरक्षाको लागि, हाल मन्दिर रहेको ठाउँमा मन्दिर बनाई शिर्वलिग लगायत देव मूतिहरू सारेका हुन् । त्यसपछि मन्दिर रहेको सुन्दर ढिस्को मात्र होइन, लुँग्रेली गाडले भण्डार गृह, देवलहरू समेत बगायो र बगाउँदै छ ।

हालको श्री वैद्यनाथ शिव मन्दिरको बाँया तर्फ २०१८ सालमा महाशिवरात्रीको दिन पीर शुकदेवनाथ योगीले श्री गोरखानाथको मूर्ति स्थापना गरी अर्को मन्दिर बनाउन लगाउनु भएको थियो जुन अझै छँदैछ । पीर मण्डमनाथको पूरानो देवलका ढुंगा ल्याई मन्दिर पछाडि सिद्ध मण्डपनाथको देवल पनि बनाइको छ । त्यहाँ नित्यनैमित्य पूजा अर्चना भै नै रहेकोछ ।

***

"हिन्दू धर्मको स्वरूप र प्रकृति समग्रमा उदार उदात्त र व्यवहारिक छ"

–श्री ५ वीरेन्द्र

२०३७।१२।६०

श्री वैद्यनाथ धामको अवनतिको कारक तत्व

पीर मण्डवनाथ देखि शुक्रदेवनाथसम्म श्री वैद्यनाथ धाममा २२ वटा पीर भैसकेको मानिन्छ। आज सम्म थाहा भए अनुसार मण्डपनाथ, देवनाथ, डबलनाथ, विद्यानाथ, शुभनाथ, गरूडनाथ, सर्पनाथ, घिरजुनाथ, गणेशनाथ, सुकलनाथ, भरतनाथ, (बौलाए), आईतबारनाथ, सेवानाथ, नरिन्द्रनाथ, भुँडेश्वरनाथ (बौलाए) नरिमाननाथ, शिवनाथ, प्रयागनाथ, टिकानाथ र शुकदेवनाथ योगीहरू धामको ओजस्वी "पीर" को गादीमा आरूध भएको पाइन्छ।

पीर आइबारनाथ सम्म श्रीवैद्यनाथ धाम धार्मिक दृष्टिले मात्र होइन कि भौतिक दृष्टिले पनि सम्पन्न थियो। कालक्रम बदलिदै जाँदा सिद्धहरूमा पनि त्यति पवित्रता रहेन। उहाँहरू पनि सांसारिक सुख लिप्सा तिर उन्मुख हुन थाल्नु भयो। श्री प्रयागनाथ माथि एक दमिनीको वात लाग्न गै उहाँले गद्धी त्याग गर्नु पर्‍यो। यसबाट जोगीहरू प्रति जनआस्था निकै घट्न

उनले खजाना गाडेको ठाउँ बताएमा धन सम्पत्ती दिन्छु भनेर त्यस बेलाको द्वारे जुवा भन्ने जँमान कठायत (दिपा कठायतका बाजे) लाई लालच देखाएछन् । दुर्भाग्यवस सो लालचमा निज द्वारे जुवा कठायत फस्न गई सबै गुह्य उक्त जोगीको कानमा फुकेछन् । आखिर मौका छोपी एक सुनसान रातमा सारा धन सम्पत्ती गाडेको ठाउँबाट झिकी योगीहरु चम्पट भएछन् । त्यसको केही दिन पछाडि ठाँटिघरको दार काट्न निज द्वारे सहित धामका मान्छेहरू जङ्गल गएछन् । दार काट्दा-काट्दा थकाई लागेकोले निज द्वारे कठायत सुस्ताउने भनी रूखको शितल छायाँमा पल्टेछ । तर ओजस्वी सिद्ध पीर मण्डपनाथको श्राप त्यसै खेर कहाँ जान्थ्यो र ? माथि काट्दै गरेको दार मध्ये एउटा लुटकेर आई निज कठायतको टाउकोमा लागी फुटी उ त्यहीं मरेछ ।

वि. सं. १९८५ मा अछाममा महासर्पट अर्थात् जग्गा नापी भयो । यस वखत पनि तत्कालिन पीरसँग मिली धुर्त गुठीयारहरूले "गुठी पनि रैकर सरह नापीने" निर्णय छ भन्ने निहुँमा धामका प्रत्यक्ष नियन्त्रणमा रहेका स्याउले, विढरीसेरा, चट्पापिपल आदि खेतहरू पनि आ-आफ्नो नाममा नापी गर्न सफल भए ।

धाममा पनि विभिन्न आरोप लागेका बाबा र माताको जमघट हुन थाल्यो । धर्मको नाममा विकृती आउन थालेको हुनाले नै होकि प्रभुबाट असह्य भै वि. सं. १९८६ को भाद्रमा छिपेखोला फुटेर बुढीगंगामा ठूलो डोल आयो । हजारौं

रोपनी धान खेत बगरमा परिणत भयो । मन्दिरका वेरै जसो मूल्यवान बस्तुहरू गंगामा बहे । मन्दिरको छतमा रहेको ताम्रपत्र समेत नदीले बगायो तर देव ईच्छा शिवलिंग लगायत प्राचीन देवमूर्तिहरू भने जस्ताको तस्तै आ–आफ्नो ठाउँमा सुरक्षित रहे ।

मन्दिर रहेको सुन्दर थुम्को नै नदीले कटान गरी लान थालेकोले दक्षिणतर्फ अर्को मन्दिर बनाई मूर्ति सार्न शिवलिंग उठाउन जाँदा कसैले उठाउन सकेनन् । अन्तमा श्री वैद्यनाथका पुरोहित वंशका भोटे उपाध्यायलाई अकस्मात सन्को चढी उहाँले शिवलिंग उठाई नयाँ मन्दिरमा प्रतिष्ठापन भएको थियो ।

वि. सं. १९८६ भाद्रको भिषण डोलले गर्दा खाद्यान्न र कपडामा आत्मनिर्भर अछामको भाग्य नै लुटियो । घरका छाना ढुंगाले छाईए तर पेट भोकै र शरीर नाङ्गै रह्यो । यसैको प्रतिफल अछामीले भारत बम्बई चहार्नु पर्ने बाध्यता आई लाग्यो । अझै पनि छिपे खोलाले कहिले काहीं आफ्नो विकराल रुप धारण गर्न छोडेको छैन भने लुँग्रेली गाड पुरानो भण्डार रहेको स्थान तर्फ बढ्दै छ । सिद्ध देवलहरू समेत बगाई सकेको नदीको समयमा नियन्त्रण नहुने हो भने सबै उच्चो भाग काटेर नदीजति सबै कालिमाटी गाउँमा नपस्ला भन्न नसकिने अवस्था सृजना हुँदैछ ।

घामको तहस नहस भै सक्दा पनि राणाकालबाट वार्षिक रू. २८१।– का दरले उठाएर लाने संस्थानले नयाँ नयाँ ठाउँमा हेर बिचार गरी रहेको भएता पनि यस राज गुठीको बेवास्ता गरी रहेको छ भन्ने आम धारणा छ ।

वि. सं. १९८६ को डोल पछी डोटी गौंडाबाट आएको पल्टनले बाँसको कोठी बनाई ढुंगा भर्न लगाए तापनि अर्को साल पुन: बाढी आई बाँधिएका कोठी सहित थप भागलाई पनि बगरमा परिणत बन्यो । त्यसपछि डोटी गौंडा लगायत कुनै निकायबाट पनि तत्सम्बन्धमा प्रयास सम्म भएन ।

पीर टीकानाथ योगीको समयमा पवित्रता ल्याउने कसैबाट प्रयास भएन । वि. सं १९९७ मा हालको दुनी गा. पं. को लिगुडसैनीको गजे साउद पागल भै वैद्यनाथ धाममा आई एक्कासी भण्डार गृहमा प्रवेश गरी पूजारी गोरेनाथ र निजकै बहिनी पानीपाते पारूलाई भान्छा कोठामा खुकुरीले काटी जघन्य नरहत्या गऱ्यो । यस्ता अनेक लक्षण देखा परे पनि पवित्रता ल्याउने तर्फ कसैको ध्यान सम्म गएन । फलस्वरूप धामको स्थिति झन-झन नाजुक हुँदै गयो । पीर आइतवारनाथका सन्तान (गुरूचेला) चेतनाथले स्वास्नी राखी पदबाट हटाईए । पछि त्यसपछिका पीरहरूमा सुख – भोगलिप्सामा लिप्त पीर प्रयागनाथ र सर्वभोगी पीर टीकानाथको गलत आचरणको कारणबाट नै पवित्र सुन्दर एवं शान्त स्थल श्री वैद्यनाथ धामको दुरावस्था भएको हो भन्ने स्थानीय जनधारणा छ ।

★★★

"प्रत्येक नेपाली जन्मैं देखि स्वतन्त्र भएर हुर्किएको हुन्छ र आफ्ना पूर्खाको रगत, पसिनाले रक्षा गरेको राष्ट्रिय माया उसको आफ्नो मुटु भन्दा प्यारो हुन्छ ।"

–श्री ५ वीरेन्द्र

०३१।६।३

परम्परागत पूजा संचालनको लागि गर्नु पर्ने व्यवस्था

सनातन देखि नै भगवानको नित्यनैमित्य पूजा गर्ने र त्यसपछि मात्र अन्य कार्य गर्ने चलन चल्दै आएको हो । हरेक स्थितिमा हिन्दूशास्त्रोविधि अनुसार पूजा गर्ने परम्परा छ । यसै अनुरूप श्री वैद्यनाथ शिवजी र उहाँका सानवानको नित्यनैमित्य र पर्व पर्वको विशेष पूजामा चाहिने सामग्री तथा त्यसमा लाग्ने खर्चको लागि तत्कालको दरभाउ अनुसार वि. सं. १९७६ मा डोटी गौंडाबाट पंजिका खडा गरिएको थियो । उक्त पंजिलमा उल्लेख दर र हालको चलती दरको तुलनात्मक रूपरेखा जानकारीको लागि यसैको खर्चको विवरणमा उल्लेख गरिएको छ ।

उक्त पंजिल अनुसार हाल धाममा खर्चको अप्रयाप्तताको कारण तोकिएका सबै पूजा संचालन हुन सकेको छैन । सुदूर पश्चिमको एक मात्र विशाल राजगुठीको दूर्दशा देख्दा हाम्रो परम्परा र धर्मको यस्तै दूर्दशा भैरहेकोत छैन ? भनेर सोच्नु बाध्य हुनु परिरहेछ ।

त्यसैले हामी हिन्दूहरू आफ्नो परम्परा प्रति यसरी निरास भए हामीमा मात्र हैन हाम्रा सन्तान दर सन्तानमा पनि आध्यात्मिक शान्ति लोप हुन जानेछ । यसको फलस्वरूप रथ विनाको पांग्रा झैं हाम्रो जीवन हुनेछ । देशका ठाउँ ठाउँमा रहेका यस्ता पवित्रस्थलको पवित्रता जोगाई त्यहाँ विधिपूर्वक पूजा संचालन गर्दा नागरिकमा आध्यात्मिक भावनाको जागरण भै देशमा शान्ति सुव्यवस्था एवं स्थायित्व ल्याउनमा अप्रत्यक्ष रूपमा ठूलो सहयोग पुग्दछ । आजको भौतिक सुख सुविधाले आकर्षित समाजमा आध्यात्मिक भावना जगाउन अझ ठूलो खाँचो छ । त्यसैले पवित्र मन्दिरहरूको परम्परागत पूजा संचालन गर्न कुनै व्यक्ति तथा ठाउँ विशेषको लागि मात्र नभई समाज र देशका लागि नै आवश्यकता ठहरिन्छ ।

धेरै जसोको विचार अनुसार पूजा अनियमितता भएबाट नै ऐश्वर्यशा धाम वासी बगर वासी भएका हुन् भने यसबाट समाजमा पनि अनेक विकृतीको जन्म भएको छ । तर वि. स. १९७६ को पंजिल अनुसारको पूजा व्यवस्था चलाउन मूल समस्या आयश्रोतको छ । वि. सं. १९८६ को आम्दानी रू. ६५०।४६।१ बाट २०२३ सालमा रैकर सरहको मालपोतबाट रू. २४४१/ थियो भने ०३७ सालमा २० रोपनी सम्मलाई मिनाहा भए अनुरूप उक्त रकम घटेर रू. २४/ मा आई पुग्यो । गुठीका खेतहरू वि. सं. १९८६ को भिषण डोलले बगरमा परिणत गरेपछि बाँकी रहेको साँफेको खेतबाट जम्मा २० मुरी धान मात्र धाममा आउँछ ।

हालको अनुमान अनुसार परम्परागत प्रचलन अनुसारको पूजा लगायत सम्पूर्ण कार्य संचालन गर्दा रू. ७७६६८/८५ लाग्ने अनुमान गरिएको छ । यति ठूलो रकमको आवश्यकता महसुस गरिएको बेला २० मुरी धान र नगद रू. २४।– हात्तीको मुखमा जीरा पनि हुन सक्तैन।

यस अवस्थामा वि. सं. १९८६ देखि नै बाँकि कसर खाँदै आएको संस्थानले सम्पूर्ण अभिभारा सम्हाल्नु उसको नैतिक दायित्व हो ।

यसमा गुठी संस्थानले पूर्णतया बेहोर्न सक्ने अवस्था नभए गुठी संस्थान स्थानीय प्रशासन र जनप्रतिनिधि मिली संयुक्त रूपमा धामको व्यवस्था संचालन गर्ने विधि अपनाउनु पनि सम सामयिक नै होला । यसबाट सबैमा दायित्व बोध हुनाको साथै सुसंचालनको लागि ठूलो टेवा मिल्नेछ ।

पूजा संचालन कसरी र कुन रूपमा गर्ने भन्ने पनि यसको एक धार्मिक समस्या छ । धर्मशास्त्र एवं नीतिशास्त्र विदहरूको पनि राय अनुकूल हुन्छ भन्ने हाम्रो वर्तमान समाज एवं आर्थिक व्यवस्था हेर्दा निम्नानुसारमा परिणत गरेमा युक्ति संगत हुन्छकि भनी समस्त जनप्रतिनिधि र सम्बन्धित निकायमा निवेदन गर्दछु ।

१. पीर पुजारीको स्थानमा पूजारी ब्राम्हणको नियुक्ति–

आज शुद्ध एवं नैतिकवान योगी पाउँन दुर्लभ भैसकेको छ । यस अवस्थामा गृहस्थ नाथ योगीलाई पूजा संचालन गर्न राख्दा

हाम्रो परस्पराको विपरित हुनाको साथै शुद्धता पनि नहुने भएकोले कर्म काण्ड जान्ने एक जना चरित्रवान ब्राम्हणलाई पण्डित पूजारी पद सिर्जना गरी तलवीमा राख्ने । यसो गर्दा वहाँबाट दैनिक पूजा संचालनको साथै पर्व पर्वमा गरिने पाठ आदिको लागि वेग्लै दक्षिणा दिनु पर्ने छैन ।

आज कर्म काण्ड जान्ने ब्राम्हणको पनि अभाव हुन लागेको यस अवस्थामा कर्म काण्ड सम्बन्धी ज्ञान दिद त्यहाँ कक्षा पनि संचालन गरी स्थानीय ब्राम्हणहरूलाई दिक्षीत पार्ने व्यवस्था गर्न सकिन्छ । जसबाट स्थानीय भेकमा कर्म काण्ड जान्ने पण्डितहरूको लोप हुनबाट वचाउन सकिन्छ ।

२. पूजा खर्च सामग्रीलाई कटाउने:-

हाम्रो परम्परा देखिनै वोकाको वदला हाँस तथा पेठाको पनि वली दिने चलन चल्दै आएको हो । सोही अनुरूप अन्य पर्वमा वोकाको वदला पेठा र वर्षमा २२ वोकाको वदला १ वोका र बाँको पेठाको वली दिने प्रचलन चलाउनु पर्दछ । यस प्रकारले सामग्रीलाई घटाउँदा पर्सको पानामा रहेको पंजिलको सामग्री कटाउँदा लाग्ने खर्चको महलमा उल्लेख भए झैं वर्ष भरमा रू. २९८९३।३५ ले मात्र शास्त्रोवत विधिमा बाधा पर्न नगई पूजा संचालन हुने देखिन्छ ।

३. धाम व्यवस्था र पूजा संचालन समिति:-

जिल्ला प्रमुखको अध्यक्षतामा पण्डित-पूजारी सदस्य सचिव रहेको ५ सदस्यीय समितिको गठन गरी पूजा संचालन गर्न पण्डित पूजारी, टुहलु वा नगार्जि नियुक्ति तथा तलवको लागि स्थानीय नीति तयार पारी तदनुरूप संचालन गर्ने ।

४. पूजाको लागि आय श्रोतको व्यवस्था:-

१. सर्व प्रथम रू. १ लाखको रकम जम्मा गरी स्थानीय बैंकमा अक्षय कोषको स्थापना गरी सोको ब्याज मात्र पूजामा लगाउने ।

२. कैलाली जिल्लाको टीकापुर विकास समितिमा वा अन्यत्र सिंचाई हुने १० देखि २० विघा जमिन धामको नाममा व्यवस्था गरी सो को ठेक्काबाट आउने रकम ।

३. गुठी संस्थान र जि. पं. बाट वार्षिक कूल खर्चको क्रमशः ५० र २५ प्रतिशत वार्षिक छुट्याइने रकम ।

४. मन्दिरमा चढ्ने भेटीबाट उठेको ५० प्रतिशत पर्वका पूजामा संलग्न रहने ब्राम्हण, बाबा र माताहरूलाई वितरण गरी बाँकी रकम अक्षयकोष जम्मा गर्ने ।

५. डोलले बिगारेको मन्दिर वरिपरिको जमिन जुन आवादी गरिएको छ । उक्त आवादी गर्ने व्यक्ति विशेषलाई अतिक्रमण गर्न नदिई त्यसलाई पुनः धामको नाममा नै दर्ता गराई त्यसबाट आउने धानबाट मन्दिरमा लाग्ने सिधा अक्षताको खर्च व्यहोर्ने ।

★★★

"प्रत्येक नेपाली जन्मै देखि स्वतन्त्र भएर हुर्किएको हुन्छ र आफ्नो पूर्खाको रगत, पसिनाले रक्षा गरेको राष्ट्रिय माया उसको आफ्नो मुटु भन्दा प्यारो हुन्छ ।"

श्री ५ वीरेन्द्र

०३१।६।३

श्री वैद्यनाथ धामको पुनर्निर्माणको आवश्यकता

श्री वैद्यनाथ धामको गुठी नेपाल अधिराज्यको ठूला ठूला गुठी मध्येको एक हो। एकैचोटि ९ खेत ४० मुरी माटोको लालमोहर अन्यत्र भएको जानकारी छैन। पहिलेका राजाहरू र तात्कालिन नेपाल नरेशले साधारण महत्वमा यति ठूलो राजगुठी बनाए होलान भन्न सकिन्न।

यसैले दयनीय अवस्थामा रहेको यस धामको ऐतिहासिक एवं धार्मिक महत्वलाई नबिर्सी यसको पुनरोद्धार गर्नु प्रथमतः गुठी संस्थान र सम्पूर्ण हिन्दू राष्ट्रवासीको मुलभूत दायित्व मध्ये एक हो। यसमा पनि पीर अथवा जोगीहरूले व्यक्तिगत रूपमा जिम्मा लिएको अवस्थामा धामको सुप्रवन्ध हुनु र श्री ५ को सरकार एवं गुठी संस्थानको संरक्षणमा आउँदा पनि यसको दूर्दशा हुनु एक अनौठो र अशोभनिय कुरा हो। किनभने वि.सं १९८५ देखि नै आम्दानीबाट खर्च कटाई बाँकी हुन गएको कसर माल अड्डा मार्फत सरकार भनौ वा गुठी संस्थानमा जम्मा गराउँदै आएको छ भने संभार तर्फ कतैबाट ध्यान गएको देखिदैंन।

त्यसैले श्री ५ को सरकार, गुठी संस्थान एवं जनप्रतिनिधिहरु मिली जनसहभागिता समेत जुटाई धामको पुनर्निर्माण लागि जो जहाँ रहे पनि लागि पर्नु परेको छ। जसबाट धामको भौतिक विकास भै त्यसको ऐतिहासिक एवं धार्मिक विशेषता प्रति सनातन देखि चल्दै आएको मान सम्मान र विश्वासको पुनर्जागरण हुन गै एक नैतिकवान तथा स्वस्थ मन मस्तिष्कको समाजको सृजना गर्न प्रत्यक्ष तथा अप्रत्यक्ष प्रभाव परोस्। किनभने समाजमा जति आध्यात्मिक भावनाको कमि हुन्छ त्यहाँ त्यति नै समाज खलवलिएको हुन्छ। राम्रो चारित्रिक उन्नतिको लागि यस प्रकारका मठ मन्दिरको अहम् भूमिका हुन्छ। यसैले श्री वैद्यनाथ धामको ऐतिहासिक एवं धार्मिक विशेषतालाई कायम गर्न सरकारी तथा जनप्रतिनिधि भएको निम्नानुसारको कार्यकारिणी र मूल समिति गठन गरी निर्माण कार्य सञ्चालन गरेमा उपयुक्त एवं सामयिक हुने देखिएकोले स्थानीय तहदेखि केन्द्रसम्म पुगेका सबै जन प्रतिनिधि तथा सम्बन्धित ईकाइहरू समक्ष निम्न अनुसारको व्यवस्था को लागि आफ्नो विचार प्रस्तुत गरेको छु।

श्री वैद्यनाथ विकास समिति अछाम

(क) संरक्षक:- श्रीमान् सेती अंचलाधीश,

अछामका वर्तमान एवं भू. पू. रा.पं.स.हरू।

(ख) कार्यकारिणी समिति:-

अध्यक्ष:- अछाम जि. पं. सभापति पदेन।

कार्यकारी अध्यक्षः– अछाम प्र. जि. अ. पदेन ।

उपाध्यक्षः– प्र. पं. श्री वैद्यनाथ गा. पं.

सदस्यः– गुठी संस्थानका प्रतिनिधि

सदयस्य ५ जना छिमेकी प्र. प. वा जनसहभागिता जुटाउन सक्ने व्यक्तिहरू ।

" प्राविधिज्ञ, सा. निर्माण शाखा ।

प्र. जि. अ. ले तोकेकोव्यक्ति एक जना ।

" प्रमुख – जि. प्र. का. अछाम ।

" सचिवः– धर्मप्रति आस्थावान एवं निर्माण कार्यमा रूची भएको व्यक्ति ।

(ग) मूल समितिः–

१) माथि लेखिएका सबै व्यक्तिहरू । २) वर्गीय संगठनका जि. का. स. सभापतिहरू पदेन । ३) जि. पं. का. उपसभापति एवं जि. प. स. हरू पदेन । ४) ७५ गा. पं. का प्र. पं. हरू पदेन । ५) व्यापारी वर्गबाट ५ जना । ६) शिक्षक वर्गबाट ५ जना । ७) समाजसेवी, लब्धप्रतिष्ठित बुद्धिजीवी एवं विकासप्रेमी मध्येबाट प्र. जि. अ. बाट मनोनित ५ जना, जि. पं. स बाट मनोनित ५ जना । ८) स्थानीय जिल्ला विकास अधिकारी पदेन । ९) मालपोत कार्यालय प्रमुख पदेन । १०) पीर पूजारी पुरोहित ११) गुठीयारका मुखियाहरू ।

(घ) गर्नुपर्ने कार्यहरू:–

१) सर्वप्रथम निर्माण सम्बन्धि गुरू योजना तयार पार्ने ।

२) कम्तीमा रू २ लाख र बैंकमा जम्मा गरेर निर्माण कार्य शुरू गर्ने। ३) सरकारी स्तरबाट हालको मन्दिरको उत्तरतर्फ रहेको लुंग्रेली गार्डको दुवै किनारा तथा बुढीगङ्गा देखि स्याउल्या (अं. २०० मिटर) सम्म जाली द्वारा तटबन्धनको व्यवस्था गर्ने गराउने। ४) श्री वैद्यनाथ धामका पहिलेका खेतहरू का बगरलाई पुनः आवाद गराई धामकै नाममा नापी गराई अतिक्रमणबाट जोगाउने। ५) मन्दिर अगाडिको बगरमा अभियानको रूपमा वृक्षारोपण गरी गराई सुरक्षाको प्रवन्ध मिलाई प्राचिन झाडखण्डको रूपमा परिणत गर्ने।

(ङ) आयश्रोतको व्यवस्था:—

१. जिल्ला पंचायत र ७५ गा. पं. बाट अनुदान प्राप्त गर्ने। २. श्री ५ को सरकारको आर्थिक सहयोग। ३. गुठी संस्थानबाट। ४. धामको शिलापत्रमा नामराख्ने सर्तमा श्रद्धालु भक्तजनहरूबाट रू. १००१।– का दरले चन्दा संकलन गर्ने। ५. विभिन्न महानुभावहरुबाट चन्दा संकलन।

नोट— पुरानो रूपमा ल्याउन नसके पनि हालको हाम्रो परिकल्पना अनुसार निर्माण गर्न कम्तिमा रू. ७ लाख को आवश्यकता पर्नेछ। सो पूर्तिकोलागि जि. पं. र गा. पं. बाट रु. १ लाख श्री ५ को सरकारबाट रू. ३ लाख, गुठी संस्थानबाट १ लाख र न. ४।५ मा लेखिए अनुसार को चन्दाबाट रू. २ लाख प्राप्त गर्न सक्नु पर्दछ। ☆

श्री ५ महाराजाधिराज रण बहादुर शाहबाट बक्सेको लाल मोहर

श्री दुर्गा सहाय: १

श्री वैद्यनाथ श्री महांकाल भैव श्री मण्डप नाथः

स्वस्ति श्री मन्महाराजधिराज कस्य रुक्का–

आगे. पीर आइतबारनाथ जोगीले अछाममा ………को घाट्या पिपल वोहोरावारि घर. तेस जग्गामा बस्न्या घरवारी जोगीको पुरानु रिछा समेत् जागो जति कुरिया छन् तनलाई. अघिका राजा राजाले तांवापत्रमा लेषि तिनै …लाई गुठि चढाई. तिम्रा पूर्षालाई पीर पूजाहारि. दियाको रहेछ । सोहि बमोजिम् आज हामीले पनि घाट्या पिपल् वोहरावारि. तेस् जग्गामा वसन्या. घरवारि जोगिको पुरानु रिक्ता. पीर पूजाहारि समेत् थामि बक्स्यौं. परा पूर्वका रिक्षित–अखण्ड गरि. नित्य नैमित्तिक पूजा गर्नु. हाम्रो सोभ्रो चिताई. जय मनाई सेष रह्याको भोग्य गर्नु. तहांका अमालि बाटमा आउंन्य जान्या. भारा छोटा वडा. सिपा सय पाचले. ई जोगि. ईनका गाउंका मानिसलाई. लुटपिट् बेठ वेगार. धुमधाम गरि कसैले दुष नदिनु.

हामि माफ बवसयाको छ. जो दुष देला सो अप्नरिया होला—इति सम्बत् १८५२ साल भाद्र शु. दि. १५ रोज २ मुकां कान्तिपुर राजधान्य शुभम् मार्फत अभिमानसिंजु रूजु त्रिभुवन षवास. रूजु दामोदर पाँडे रूजु प्रव राना.



"जसरी माहुरीले अनेक फूलबाट मह सञ्चय गरी आफ्नो धार बनाउछ, त्यसरी नै देश बिदेश गई स्वदेशको हावापानी र माटो सुहाउँदो सीप र ज्ञान बोकेर प्रत्येक नेपालीले एक सबल आधुनिक राष्ट्रको रचना गर्ने कामना संलग्न रहनु परेको छ।"

श्री ५ वीरेन्द्र
०३५।९।१

श्री ५ महाराजाधिराज गिर्वाण युद्ध विक्रम शाहबाट बक्सेको लालमोहर

श्रीदुर्गा १ श्री वैद्यनाथ-स्वस्ति श्रीमन्महाराजा धिराजकस्य रुकाआगे आईतबारनाथ के का पुजा गादिको पिर अछाम भरको मंडलाई र बमोजिम तपसिलका गाउ षेत अघि देषि आजसंम षाईं चंचि बेहोरी आयाको जग्गा जिमि थामी बक्स्यौं पातीर उचा लग......को पुजा आहुति गरि मंडलाई जानी चलन नर-तपसील-अछामका अम्वल मध्ये ९।४० चाट्य पिपल षेत १/. स्या (सा प्याबेट । षेत ३/. बालातडी स्याउल्या २/. नजिकोय (जनीकोट) सोतोरिठा आरूबगर पछाडी हुड्क्याँ ढाका समेत् २/. सिर्कोट च्याट् पिपल जोरा वाडी स्मेत गाउ १ इति सम्बत् १८७२ साल मिति मार्ग सी सुदि ९ रोज ७ शुभम् मार्फत भीमसेन थापा मार्फत प्राणसाह मार्फत रणध्वज थापा ईत्यादि-

★

श्री ५ महाराजाधिराज राजेन्द्र विक्रम शाहबाट बकसेको लालमोहर

श्री १ श्री वैद्यनाथ १ श्री ५ को सरकार २ स्वस्ति श्रीमच्चौतरियाजानसाहकस्य पत्रम्-आगे पिरजी आदित्यवार-नाथको जयोचित उप्रान्त चाट्या पिपलि भन्याको जगा अघि-बुढाकोटि कबरको हो. उनबाट तेसै जगामा बस्न्या साउदले रूपया हालि लियाको थियो उस्तै बिचमा ढोटि अछामको लडाजी... हुंदा तेहि चाट्या पिपलि जगा अछामि राजाले कबर साउदबाट रनिकठायेत्लाई भरबट दिंदा कठायेत्बाट १ लाई चह्राउदा २ बाट पनि तेहि जगा गुठ गरी लाल मोहोर गरि बक्स्या-को हो आज कबरले साउदलाईतम्रो रूपो लेउ जगा छोडिदेउ भनी टंटा गर्छन्। जगा भन्या गुठि भयाको छ भनी तिमीले भन्दा हिजोका राजाका राजाले पनि साउदबाट झिकयाको रहेछ आज २ बाट पनि लाल मोहर भयाको रहेछ तेस्मा तिन्को लाग् लाग्दैन २ को जय मनाई नित्य पुजा गरी लाल मोहोर बमोजिन १ को जगा गुठि जानी बलं गर इति संबत् १८८८ साल मिति मार्गसिर्ष बदि ५ रोज ४-शुभम्— ★

श्री ५ सुरेन्द्रबाट बक्सेको लालमोहर

श्री दूर्गा ज्यू–

श्री वंजनाथ, श्री महाँकाल भैरव, श्री मण्डप नाथ........

लाल मोहर—

स्वस्ती श्री मनमहाराजा धिराज कस्य रोक्का: .. ..

आगे अछाम बस्ने विर नरीमान नाथकै .. १ को गुठीको पि–यांई अघि मुन्डेश्वर नाथले पाई खाई आएको २७ सालका बालिलाई निज मुन्डेश्वर नाथलाई खोसी निज नरीमान नाथले बक्स्याको छ सो १ का गुठीको जग्गा गुठीबाट भोग गरी आए बमोजिमको जग्गा हाली निज मुन्डेश्वर नाथको सनद खिची लिई नरीमान नाथलाई पिन्याईको लाल मोहोर गरी दिनु भन्ने हुकुम बक्सी सदर दफ्तर खानाबाट पुराना पिन्याई जवद भई गुठी कचहरीका तोयदाती ढडामा दर्ता भएको फिर्ता गरी थामी बक्स्याका हुनाले निज नरीमान नाथका नाउमा भएको २७ साल साउन सुदि वाह्र रोज २ को रुक्का दस्तखत वमोजिम रिपोर्ट कोसलमा जाहेर गराउदा कौसल ३ नं. अड्डावाट अड्डावालाले ठहराई ल्याएको मनासिव

ठहराई तोक खेखियाको ३२९ नं. का रिपोर्ट कोसल गोश्वारावाट पनि सो तोक मनासिब ठहराई - २ र श्री भद्राज कुमार कुमाराजमक श्री कमाण्डर ईन्चीफ जनरल रणोद्वीप सिंह कुवर राणाका हजुरमा विन्तो पार्दा निज ... - २ र भद्राज कुमार कुमारात्मज श्री कमाण्डर इन चि–फ जनरल रणद्विप सिंह कुंवर राणावाट पनि हाम्रा हजुरमा विन्ति पार्दा जाहेर भो। अछामना... १ गुठी जग्गा पुराना श्रेस्ता सित समेत अघिका राजाले गरिदियाका तामापत्र बमोजिम थामि बक्स्यो। पुजा गरी शेष रह्याको भोग गर्नु पर्ने मुद्दाको १८५२ सालमा सरकारवाट आईतवार नाथलाई सालमोहर गरिबक्स्याको रहेछ सो लामोहर बमोजिम निज आइतवार नाथले र निजका सन्तानले ९ साल सम्म सो मोहर बमोजिम पुजा चलाए शेख रयाकोलाइ आयाका रहेछन् ६ सालमा निज आइ-तवार नाथले सन्तान भरिचेनाथले स्वास्नि राख्दा निज खारेज भै. पु. मुण्डेश्वर नाथ सोही गुठीको पिर भै ११ सालमा निज मुण्डेश्वर नाथका नाउमा रुक्का समेत भै निज मुन्डेश्वर नाथले पिन्याई चलाई आएको हो। १६ सालमा निज मुन्डेश्वर नाथलाई २० साल देखी पिर थामी वक्स्यो भन्ने लालमोहर गरी वक्सेको २४ साल आषाढ को १२ रोक्का दिन गोर्खा सरकारवाट राखेका गुठीको तामा पत्र, सिला पत्र, लाल मोहर दान पत्रमा जौन जौन धर्म गर्नु भनी लेखिएको छ सो बमो-जिम धर्म चलाई कामदारको खानगी दिई सेख बांकी रहेको गुठीयार पुजारीले खानु भनी लेखिएको जो छ उनै

उनैलाई ध्यान दिनु यस्ता जग्गा गुठी कचहरीका वहीवाट खारेज भै तालुक गरी जस्का नाउँमा सनद भएको रहेछ उनै उनैका सन्तानका जिम्मा गरी दिनु भन्के बिग्रेको पनि उसैले वनाउनु भन्ने लेखी छाप लागेको रूक्का गुठी कचहरीलाई २ बाट गरी बक्सेको हो हाल सनदवार वाला आईतवार नाथको सन्तान महुं मुन्डेश्वर नाथ होईन - २ बाट गरी बक्सेका लेखी छापको रूक्का बमोजिम मं पाउने हुं भनी निज नरीमान नाथले बयान बन्दी लेखी गुठी कचहरीमा दिदा र आईतहार नाथ मेरा कान्छा बाजे हुन् भन्ने मुद्दाको निज मुन्डेश्वर नाथले दिएको रिपोर्टमा लेखिएको रहेछ यी कागज पत्र गैह्र २ र श्री भद्राम कुमार कुमाराज्नक कमाण्डर इनचिफ जनरलरणोद्वीप सिंह कुंवर राणाबाट बुझिहेर्दा र यो नरीमान नाथ आईतवार नाथको सन्तान हो होईन भनी निज मुन्डेश्वर नाथले २ र श्री भद्राज कुमार आत्मज श्री कमाण्डर ईन्चीफ जनरल रणोद्दिप सिह कुंवर राणाका हजुरमा विन्ती गर्दा आईतबार नाथको सन्तान मुन्डेश्वर नाथ नभए पछि यो पिन्याई गुठी मुन्डेश्वर नाथले पाउदैनन् आईतवार नाथको सन्तान नरीमान नाथले यो पिन्याई गुठी पाउँछन् निज मुन्डेश्वर नाथको नाउँमा भयाका ११ साल कार्तिक वदि ६ रोज १ का दस्तखत १९१६ साल मार्ग वदि ११ रोज ३ का लाल मोहर समेत निजवाट लिची तिम्रा पूर्वा आईतवार नाथका

नाउँमा १८५२ साल भाद्र सुदि १५ रोज २ मा भयाका मोहर बमोजिम-१ गुठीको पिन्याईं मण्डल्याई २४ सालका बाली देखी थामी बक्स्यो निज आईतबार नाथका नाउँमा भयाका ७२ साल मार्ग सुदि ९ रोज ७ का लालमोहरमा लेखिया बमोजिम दर्ता भएदेखि २६ साल सम्म गुठीबाट भोग चलान गरी आए बमोजिम तपसिलका जग्गा साँचो हो भने निज नरीमान माथले लेखि दियाका मुचुल्का बमोजिम अघि चलन गरी आए बमोजिम चलन गरी पैदावार लिई सनद पत्रमा लेखिया बमोजिम अघि देखी चली आए बमोजिमका गुठी पुजा गैह्र र अरू जो जो चलाउनु पर्ने हो कति नघटाई चलाउनु-१ धानमा भत्क्या बिग्रे पनि बनाउनु सनद पत्रमा लेखीया बमोजिम अघि देखी चली आए बमोजिम गुठी पुजा र अरू जो जो चलाउनु पर्ने न चलाई भत्के बिग्रेको नबनाएको भने ऐन बमोजिम सजय समेत भै गुठी पिन्याई मण्डल्याई देखी दर्खास्त होला आफ्ना खातिर जमासंग अघिदेखि चलाई आए बमोजिम पुजा गुठी गैह्र कती नघटाई चलाई भत्के बिग्रेको बनाई गुठी पिन्याई मण्डल्याई जानी हाम्रो जय मनाई शेष रहेको लिई भोग्य गर... ... — — ... ...

तपसिल

अछामका अम्बल मध्ये... ., ...	९१४०
वाट्या पिपल खेत — —	२१-
आपे खेत — — ... . —	१४०

गैह्ला खेत — ... ... — ३।–

साला तडो स्याउले खेत... ... ... २।–

जनीकोट सोतो रिठ्ठा आरू वगर ...

पाहारी हुक्यां टांगो समेत .. .. २।–

सिरकोट, चाट्या पिपल बोरा माडो समेत गाउँ .. १

ईति सम्बत् १९२७ साल मिति चैत्र वदि १२ रोज १ शुभम् . ...

किनारमा

श्री मर्दति प्रचन्द्र भूज दण्ड ईत्यादी श्री श्री श्री मन महाराज जंगवहादुर राणा जि. सि. वि. प्राईमिनिष्टर एण्ड कमाण्डर ईन्चीफ ... १. – – – ...

पद्धाडिपट्टीको किनारमा

मार्फत— श्री कमाण्डर ईन्चीफ जनरल रणोद्विप सिंह कुँवर राणा

मार्फत— गुरू पुरोहित पंजावी राम देव पण्डीत ज्यू

मार्फत— गुरू पुरोहित अमरराज पण्डीत ज्यू

मार्फत— चाँतरिया रणशेर शाह

मार्फत— चिफ कर्णेल डिल्ली सिंह बस्न्यात क्षेत्री ।

मार्फत— व्रिगेडियर कर्णेल रन सिं सिजापती क्षेत्री

मार्फत— कम्पाण्डर जनरल जगत शम्शेर राणा

मार्फत— धिर सम्सेर जंग राणा

पांठ— डोटी अम्राम माल दा. २००६।१।१६।२

★

श्री ५ पृथ्वी वीर विक्रम शाहवाट वक्सेको लालमोहर

श्रीः श्रीवैजनाथ १ श्रीमहांकाल भैरव २ श्रीमण्डपनाथ ३–

स्वस्तिश्री गिरिराजचक्रचूडामणिनरनारायणत्यादिविविधरूदावली विराजमानमानोन्नतश्रीमन्महाराजाधिराज श्री श्री श्री महाराजारपृथ्वीवीरविक्रम जंगवहादुरशाहवाहादुर सम्मेर देवानामसदासदांसमरविजयिनाम्–

आगे पिरशिवनाथ जोगीके. १. २. ३ का गुठिको अघाम भरको मंडलाई तिमिला ···(इत्यादि)··· ···आइतबारनाथ ·· ··· सिकोर्ट चाट्या पिपल वोरावाडी स्मेत गाउँ १ इति सम्वत् १९५३ साल मिति भाद्र शुदि ११ रोज ६ शुभम्

★★★

"नेपाली राजमुकुट प्रजाको निम्ति, नेपाली प्रजा राजमुकुटको निम्ति, राजा र प्रजा दुवै नेपाल र नेपालीको निम्ति, यहि प्रण र त्यागले मात्रै यस हिमाली राष्ट्रको गौरव सगरमाथा संग दांजिएर रहन सक्नेछ।"

श्री ५ वीरेन्द्र
०३१।११।१२

गोरखाधीशले जाजरकोटी राजालाई लेखेको सामरिक पत्र सम्बत् १८४८

श्रीदुर्गा सहाय: १

स्वस्तिश्री गिरिराजचक्रचूडामणिनरनारायणत्यादी विवविरूदावली विराजमानमानोन्नत श्रीमचहाराजाधिराज श्री श्री श्री महाराजरण-वहादुर साहवहादुर सम्सेर जंगेगेबाना सदासमर बिजयिनाम् लि. स्वस्ति श्री गगनराजचक्रचूडामणिनरनारायणत्यादिविविधविरूदाव ली विराजमानमानोन्नत श्रीमन्महाराजाधिराज श्री श्री श्री स्त् गजे-न्द्रसाह हदेवेषु सदास र विजयिषु सलाम पुर्वकपत्रमिद याहां कुशल तहाँ कुशलचाहिये आगे याहाँको समाचार भलो छ षलिता पत्र आयो अर्थ जाहेर भयो उप्रान्त अघि यदाको भारा फौज कुमाउ, गडवालमा छंदै थीयो फेरि थपी पठायाको फौज बडी अछाम पुग्दा अछामले कुल गर्‍यो हाम्रा गयाका मानिसको याहा छैन पाठकका ठानाका मानिस पर्‍या डोटीको राजा पनि आई डोटी पस्यो भनी षबर आउदा काजी भारा फौज समेत ली म पछि गयां भनी विस्तार लेष पर्दछ सब जाहेर भयो परन्तु टाडाको वारता याहाँवाट गुहार सम्बत पुग्यो (सम्म पुगी) हानो भन्यात विलम्ब हुन्या बिरिई जान्याछ तेता काज पर्दाको घडी तेतावाट संभार राष्या पुर्‍या छ सोहि जानि मारा फौजली गुहारि हान्न आफै जानु भयेछ वहुतै वढिया गर्नु भयेछ कालि पश्चिमका सगुता राजा राजा र अरू देशलाई डको भारा भै

हे महादेवी ! त्यसपछि कालिन्दीका बीचमा रहेको तिर्थमा जानु / मानिसले यहाँको सूर्य [जहाँ देवलको भग्नावशेष पाइएको छ त्यहाँ त्यो कुण्ड थियो] नाम गरेको कुण्डमा स्नान गऱ्यो भने त्यो मानिसले सूर्यका जस्तो कान्ति भएको हुन्छ ।८६।

ततस्तु शाँकरे तीर्थे गत्वा स्नात्वा च शंकरम् ।।८७।
पूजयध्रद मध्ये वै विधानेन नरः शुचिः
पितृकृतुं विधयाशु मम लोके महीयते ।।८८।।

त्यसपछि शाङ्कर नाम गरेको तीर्थमा गएर स्नान गरी तलाउका माझमा विधिविधानले शुद्ध भएर शङ्करलाई पूजा गर्नू र त्यहीं पूजा गर्ने वित्तिकै श्राद्ध गर्नु जसले यो कुरा गर्छ त्यो मानिस मेरो लोक [कैलाश] मा प्राप्त हुन्छ ।८७।८८।

ततस्तु वृद्धगङ्गायामीशानं देवपूजितम् ।
मध्ये स्नात्वा विधानेन पूजयित्वा जलान्तगम् ।।८९।।
मानव स्तारये तत्र दश पूर्वान् दशोत्तरान्

त्यसपछि स्नान गरी बूढीगङ्गाका माझमा जलभित्र रहेका देवताले पनि पूजा गरिएका ईशानलाई विधिपूर्वक पूजा गर्नाले त्यो मानिस-का दशकुल अघिका र दशकुल पछिसम्मका सबै प्राणीहरु तर्दछन् ।८९।

ततस्तु ब्रह्मकुण्डे वै विमालायास्तु मध्यगे ।।९०।।
स्नात्वा सन्तर्प्य च श्राद्धं पितृणाँ चैव तर्पणम्

कृत्वा ममास्पदं पुण्यं प्राप्नुते मानवः शुभे ॥९१॥

हे शुभदायिनी पार्वती ! त्यसपछि विमलाका मध्य भागमा रहेका ब्रह्मकुण्डमा स्नान गरी पितृहरूको तर्पण र श्राद्ध गरी तृप्त गराउने काम गर्नू / यस्तो गर्ने मानिसले मेरो पुण्य स्थान कैलाशको प्राप्ति गर्छ ।९०।९१।

ततस्तु बृद्ध गङ्गायाः सरस्वत्यास्तु मध्यगो
स्नात्वा संपूजयेद्देवं वैद्यनाथं त्वया सह ॥९२॥
मुण्डनं चोपवासं च स्नात्वा तत्र महाह्लदे
पूजयेद्वैद्यनाथाख्यं लिङ्गं मे वरवर्णिनि ॥९३॥

त्यसपछि स्नान गरी बूडी गङ्गा र सरस्वतीका बीचमा रहेका वैद्यनाथ देवतालाई तिमीले सहित पूजा गर्नू र त्यहाँ भएको त्यो ठूलो तलाउमा मुण्डन र उपवास गरी स्नान गरी वैद्यनाथ नाम मेरो लिङ्गलाई पूजा गर्नु पर्छ ।९२।९३।

कुमारं चापि संपूज्य त्वाँ चापि वरवर्णिनि
कुलानाँ शतमुत्तार्य सायुज्यं प्राप्नुते नरः ॥९४।

फेरी त्यहाँ स्वामिकार्तिकेयालाई तिमी सहित पूजा गर्नू / यसप्रकारको पूजा गर्ने मानिसले आफ्ना एकशय कुललाई उद्धार गरी अन्त्यकालमा त्यो मानिसले सायुज्य [मुक्ति] प्राप्त गर्दछ /९४/

ततो चाणाख्यके तीर्थे तीर्थ गो मध्यगो शुभे
स्नात्वा नरो ममगृहं प्राप्नुते नान्यथा क्वचित्
॥९५॥

हे पार्वती ! त्यसपछि तीर्थको माझमा रहेको शुभ चाणनामक तीर्थमा स्नान गर्नाले मानिसले मेरो घर अर्थात 'कैलाश' प्राप्त गर्दछ / यो कुरा कहिल्यै पनि अन्यथा हुँदैन /६५/

ततस्तु पद्मनाथाख्ये पद्मजासंग मध्यगे

स्नात्वा संपूजयेद्देवं पद्मनाभं वरेश्वरि ||९६||

कृत्वा श्राद्धं ह्रदोपान्ते कुलानां तारयेच्छतम्

हे वरेश्वरी ! त्यसपछि पद्मजा [पायले गाड] नाम गरेको नदीको नजिकैको मध्य भागमा रहेको पद्मनाभ नाम गरेको तीर्थमा स्नान गरेर पद्मनाभ नाम गरेका देवतालाई पूजा गरेपछि त्यहाँको तलाउका किनारमा श्राद्ध गर्नू / यस्तो गर्ने प्राणीले आफ्ना ज्य कुललाई तार्दछ [उद्धार गर्दछ] /९६/

ततः कैलाश गङ्गायाः संगमे स्नानमाचरेत ||९७||

तत्र मध्ये महादेवं कैलाशेशं प्रपूजयेत्

शतरुद्राभिषेकेण अभिषिच्य महेश्वरम् ||९८||

गवाँ कोटि प्रदानस्य फलमाप्नोति मानवः

त्यसपछि कैलाश गङ्गाका संगममा स्नान गर्नू / अनि त्यहाँ रहेका कैलाशेश नाम गरेका महादेवलाई पूजा गर्नू । अनि ती महेश्वरलाई शतरुद्रिका नियमले अभिषेक गर्नू यति गर्नाले मानिसलाई कोटी गाई दान गरेको फल प्राप्त हुन्छ /

इति श्रीस्कन्दपुराणे मानस खण्डे वैद्यनाथ माहात्म्ये
सप्तषष्टयुत्तर शततमोऽध्यायः

अछामका सोमबंसी राजाहरू

पृष्ठ भूमि :— कश्यप सागरको सम्पूर्ण दक्षिण तटना आजभोलिको सोभियत रूसको जर्जिया प्रदेश छ। यसको तल उपत्यकामा अजर बैजान छ। यसको प्राचिन नाम "आर्य बिर्वान" थियो।

प्रलय पछि यस भूखण्डमा वरुणको नेतृत्वमा आदित्यहरुले प्रलयमा बाँचेका परिवारहरूको बस्ती बसालेका थिए। यहाँसम्म अत्रि कृषिले आफनो उपनिवेश स्थापित गरेका थिए। यि नै अत्रि ऋषिद्वारा शाषित प्रदेशको नाम "अत्रि पतन" राखिएको थियो। कालान्तरमा "अत्रि पतन" को अपभ्रंश हुँदै हालै "एट्रोपेटन" को नामले प्रशिद्ध छ। यहाँ भएको आट्रिक नदी नै हाम्रो पुराणको अत्रि नदी हो। अत्रिको यो भूमि "तपोवन" भनिन्छ। यस स्थानमा बन नामको प्राचिन नगर छ।

यस एट्रोपेटन प्रदेशको डेमावन्ड पर्वत संसारमा एक यस्तो महत्वपूर्ण स्थान छ जहाँ सूर्य कहिल्यै अस्ताउदैनन्। अर्थात यहाँ रात दिन प्रकाश रहन्छ। यस तपोभूमिलाई आजभोलि "तपुरिया" प्रान्त: भनिन्छ। इरानीहरू यस स्थानलाई "पैराडाइज" भन्दछन् अत्रिको यस स्थानलाई पुराणमा "परेण हिम वन्तम" भनिन्छ। जस्को अर्थ "आर्यावर्त" हो। पर्सियन इतिहासमा यो स्थान एट्रोपेटन र अजर-बैजानको आट्रिक नदीको किनारमा कश्यप सागरको निकट मानिएको छ। यसैमा बैकुण्ठ, बाहिस्त र सत्यलोक थिए। पुराणमा यस भूमिलाई कामधरा भनिएको छ। त्यहाँका निवासीलाई अत्रियस अथवा अत्रिगोत्री भनिन्छ भनी आचार्य चतुर्सेनले "वयं रक्षाम" को

परिच्छेद १९ मा वर्णन गर्नु गएको छ ।

यिनै महान ऋषि अत्रिका सन्तानहरू पछि गएर अत्रि गोत्र, मध्यान्नि शाखा तिन्नै प्रवर र श्री षोडसा देवीका उपाशक भए ।

अत्रिका सन्तान गोपाल ऋषिको जन्म दक्षिण जालन्धर(जम्मु कास्मिर) देशको समल महरना भएको थियो । यिनकै बँशक्रमानुसार जमुना, अविगत, बिग्त, व्यास, वीरकेशर र त्यस पछिका काशि-नाथले भण्डलदेश कन्नौजको गगाको तीर हरिनागाउँमा बसाई सरे । त्यहाँ निजका छोरा विष्णु र क्रमानुसार जय दास, देवदास, हरिदास, बिशारवर, इमुत्र र निमुत्र भए । निमुत्रका चार छोरा भए ।

माइला छोरा विलल्ल डोटी हुँदै सिञापति श्री ५ महाराज समुद्र बंशी पालको राजधानी कोल्टीकोटमा जानु भएछ । विलल्ल ज्योतिष तथा धर्म शास्त्रका त्यसताकाका ठूला विद्धानहरूको साथै रूपवान पनि भएकोले आयोजित स्वयम्वर समारोहमा श्री ५ समुद्रको महारानी तारादेवीको कोखबाट जन्मेकी हारमता मैया मोहित भै तिनलाई बरमाला पहिराईन् । यसपछि महाराजले जुवाई छोरीलाई जुम्लाको सामा:चौरमा घरवास दिइ बसालेछन् ।

त्यसै गाउँमा सम्वत् १०७२ साल असोज शुक्ल बिजया दशमीको गोधूलीको मुहुर्तमा हारमता मैयांको कोखबाट दाहिने हतकेलामा चन्द्रमाको आकार लिई श्री देवचन्द्रशाहको अवतरण भयो । देव चन्द्रवालिग भै सकेपछि आफूले दिएको वचन अनुसार श्री ५ समुन्द्रले पूर्व लालु लोखाडा, राखमदेखि दूल्लु मध्ये स्यूबाग्देवी, दक्षिणमलबा-राका ५२ गाउं, पश्चिम निपालीबोट, सेती, चौखुट्या, उत्तर भगवती ढुंगो (हाल बाजुरा) को चरा किल्ला भित्रको क्षेत्रलाई "अस्मान्बु" नामक स्वाधिन राज्य घोषित गरी त्यसबेलाका नीतिज्ञ अँमुगाज् रो बोरा धकते, थापा, चिउने बिष्ट, पास्तोली चलाउने तथा अन्य वानी, काँगुकाल्या, साल्या भाँड, खिर्सेनी भाट, बाजकोटी ढोली, सेको, लाकु, खुची केटी र "स्वस्ती श्री सक्रचुडामणि नरनारायणी त्यादि

श्री श्री श्री मन महाराजधिराज देवचन्द्र शाह देवोजयतु" भन्ने बेहोराको वि. सं. ११०२ को माघ औंसीका दिन लक्सेको कनकपत्रमा उल्लेख छ। यो प्रशस्तिको सम्मान यस वंशका अन्तिम स्वाधिन राजा देवचन्द्र शाहले वि. सं. १८४६ सम्मपा पाएका थिए।

देवचन्द्र शाहका साथमा आएका काजी चिउने विष्टका सन्तान घोडासैनी र नदुकानी हुन्। संकुते थापाका सन्तान कुन थापा हुन् भन्ने अनुसन्धेय छ। अमुगाजरो वोरा त्यसबेलाका सबैभन्दा शक्तिशाली थिए। पास्तोली चलाउने बसेको ठाउँको नाम पास्तोली रहे झैं वोरा बसेको ठाउँको नाम अमु'गाँजरोगाउँ' हुन गएको हो। कालान्तरमा उनका सन्तान बस्ने ठाउँलाई अमुगाउँ र नजिकैको अर्को गाउँलाई 'गाँजरो' नामाकरण हुन गएको हो भन्ने जनश्रुति छ।

सम्वत् १११२ सालमा श्री श्री श्री मन्महाराज देवचन्द्र रानी सुखावतीका साथ अछाम बूढी थर्पुमा पदार्पण गरेका थिए। त्यसवेला उक्त चार किल्ला भित्रको राज्य विभिन्न टाकुरे राज्यमा विभक्त थियो। मौकापाउँनासाथ टाउको उठाउन खोज्ने सबै टाकुरे राजालाई नियन्त्रण गरी सुदृढ अछामको निर्माण गरे पश्चात् समुद्र वंशी महाराज र रानी तारादेवी स्वयम् बूढी थर्पुमा आई देवचन्द्र शाहको राज्याभिषेक गरेको भन्ने किंवदन्ती छ। यसपछि स्वाधिन अछामको करीव ८०० वर्षसम्म यस वंशको एक छत्र राज्य रहेको इतिहास छ।

बँशानुक्रम :—

२) धाराचन्द्रशाहा, (३)पाराचन्द्र, (४) जयचन्द्र, (५) खराचन्द्र शाह

६) हिराचन्द्र :— यिनले मौसमी राजधानी वान्नी गढीमा सारेका थिए।

७) मानिक चन्द्र, (८) मुकुन्द चन्द्र, (९) मुरारी चन्द्र शाह,

१०) हेमचन्द्र राय :— यिनले वाइकोट सेराबाट राजधानीकौ वालेखकौमा सारे ।

११) रामचन्द्र राय

१२) गम्भराय (१३) तम्मराय (१४) डेडी (देउ) मल्ल, (१६) बाम मल्ल, (१७) अघोर मल्ल वा अढाई मल्ल

१८) अशोक मल्ल :— यिनले कौवालेखबाट शितकालिन राजधानी कैलाशको पश्चिम किनारा अवस्थित सुजौलीकोटमा सारे । अछाममा यिनकै पालामा ठाउँ र काम अनुसार सबै जातको नामाकरण र वर्गिकरण गरियो । जस्तो कालागाई, बजगाई, कडायत, पुडासैनी, कुइकैल, थापागाई, रूपागाई, रेग्मी, ढुङ्गाना, घोडासैनी, भुसाल, रिजाल, ढकाल, रिसाल आदि त्यस्तै काम र घटना सँग सम्बन्धित स्वार, खड्का, थापा, भण्डारी, वोहरा, अधिकारी, सुनार, पण्डित, जोशी, भाट, खुलाल, कंवर, भुल, ठकुल्ला, घिताल, साउद आदि ।

यिनका भाई अडाई मल्ल, गौताम गए । तिनका पुत्र भवानवा भूपाल मल्लका जाजरकोट– सल्यानी हुन् । तिनका कान्छा छोरा नर्तन मल्लका रुकुम कोटी– पर्वतका हुन् ।

१९) खरामल्ल (२०) पूर्ण (पुनम) (२१) अभय मल्ल, (२२) जनक मल्ल, (२३) जोरा मल्ल– भाइ जबाजोरावा जंगिकान बाधारी हुन् ।

२४) सुन ब्रह्म– भाइ नरसमका बिनाएकका हुन् ।

२५) हंश ब्रह्म :– यिनले सुजौलीकोटबाट थपुं काढ्या जहाँ पहिले सिजापती मयूर भंजनको दरवार थियो, त्यहाँ शितकालिन राजधानी सारेका थिए ।

२६) जैतम ब्रह्म (२७) जसु ब्रह्म, (२८) सुर्ति ब्रह्म,

२९) सुजानी ब्रह्म :— यिनका जेठा भाई जगमका बिमकोटे–दर्नाली हुन् । यिनी धेरै सिधा थिए । विजया दशमीको टीका पहिराउन

आएका प्रजाहरूलाई टीका आफ्ना भाई सुजानीलाई पहिराउन अह्राएछन् । राजाज्ञाअनुसार प्रजाहरूले टीका सुजानीलाई पहिराउनका साथै उनीबाट टीकाग्रहण गरेछन् । त्यसपछि प्रजाहरूले हामीले सुजानीलाई टीका पहिराई सकेपछि राजा पनि यिनलाई मान्छौं भनेकोले प्रजाको इच्छा र प्रचलन अनुसार सुजानी राजा भए ।

हुन पनि त्यस क्षेत्रमा पानीचल्ने जातमा जमरा टीका आफू भन्दा ठूला कहाँ लिएर जाने र आपतमा टीका आदान प्रदान गर्ने चलन अहिले सम्म छँदैछ । तल्लो जातिले सालको पातको टपरीमा १ माना चामल, सुखा सिन्क्रिक, टीका राखी मान्यजन कहाँ लाने र उनले पनि टीका ग्रहण गरेर आफ्नो तर्फबाट जमरा, टीका, चामल वा नगद थपिदिने प्रचलन अद्यावधि भएकोले सत्यताको नजीक पुगिन्छ ।

३०) मेदानि ब्रम्हः- यी राजा जनप्रिय, बिद्वान एवं शासन व्यवस्थामा निपूर्ण थिए । उनले विशाल अछामको निर्माणको सपना देख्दथे । उनको स्वप्नानुसारको हरकतबाट तर्सेको सीतापुर गढीको नवावले राज्यको दक्षिणी भागको भ्रमणमा गएको बेला मित्रताको बहानामा आफ्नो राज्यमा लगी धोकादिई बन्दि बनाइए । यो समाचार अछाममा थाहा भयो । केही तत्वले आफै राजा हुने तयारी गरी नगरा लगाउन थालेछन् । यसबाट जसु बिष्टकी आमालाई घेरै चोट लागि काजी भएर राजाको खोजीगर्न नसक्ने भनी धिकार्दा आपसमा सल्लाह गरेछन् । सबैको सल्लाहनुसार उनी र जसु स्वाँरलाई हुड्के भेषमा गै राजाको पत्तालगाउन भनी पठाए । यसरी हुड्केको भेषमा गएका बिष्ट र स्वाँरले पत्तो लगाउँदै जाँदा आफ्नो राजालाई नवावले थुनिराखेको ठाउँमा पुगेछन । त्यहाँ बन्दी राजासँग आँखा जुध्ने, आँखाको इसारा भएछ । त्यस दिनबाट राजाले बिमारीको बहाना गरी खानाखान छोडेछन् । उत्ता हुड्केहरूले कला कौशल प्रदर्शन गरी नवावलाई मोहित पारेछन् । नवावले तिनीहरूलाई त्यहीं

राख्न लगाएछन् ।

राती मौकाछोपी बाहिरबाट आग्लो लगाएको छिंडीको ढोका खोली राजासँग भेट गरी भाग्ने सल्लाह गरेछन् । सबैभन्दा शंका गरी पक्राउ गरिने संभावनालाई दृष्टिगत गरी राजाको बदला एक जना उनीकै लुगा लगाई बस्नु पर्ने भएछ । जसु विष्टको छोरा भैसकेको तर जसु स्वाँरको नभएकोले राजाको भेषमा विष्ट बस्ने भएछन् । यो निधो पछि स्वाँर र बिष्टले आफ्नो रगत मिलाई जुठोखाई आजबाट भाई भयौं भन्ने कबुल गर्नुको साथै राजाले उचित कदर गर्ने यसमा जसले धर्म छोड्ला उसको नाश होस् भनी श्री वैद्यनाथ प्रभुलाई साक्षी राखी प्रतिज्ञा गरेछन् । त्यसदिनबाट आफ्ना पूर्वज प्रति आस्थावान व्यक्तिहरू आपसमा (जसु विष्टका सन्तान र स्वाँर) बिहावरी गर्दैनन् ।

यसरी जसु स्वाँरले राजालाई भगाई अछाममा पुऱ्याए । जसु बिष्ट कहिल्लै फर्कैनन् । संभवतः नवाबद्वारा उनी त्यहीं काटिए । यस घटनाबाट राजा धेरै अनुग्रहित भै सन्तान दरसन्तानले पाउने गरी जसु स्वाँरलाई पनि काजी पद बक्सेछ । महाराज मेदनीसे पालनी गर्नु भएको यो परम्परा अति लोकप्रिय हुन गै :–

"सोमवंशी राजा, स्वाँर विष्ट काजी, मोस्टो दण्हाली देउ,
धर्तिमा रहे सम्म, हुँदैन अन्याय, ढुक्क बसि रउँ ।"

भन्ने उखान जनजिब्रोमा श्रद्धाकासाथ प्रयोग हुन थाल्यो ।

महाराजा मेदनीका सम्वत् १३८३ र १३९५ का ताम्रपत्र प्राप्त भएकोले यिनको राज्यकाल १३५० देखि १४०० सम्मको हुनु पर्छ भन्ने श्री पूर्ण प्रकाश नेपाल "यात्री" ज्यूले अनुमान गर्नु भएको छ ।

बन्दी बनाइएका राजा मेदनी नभई जसु ब्रम्ह हुन् र यसो

ब्रम्ह पनि यिनै हुन् भन्ने पनि एक थरीको मत छ ।

३१- रूद्र ब्रम्ह :-

३२- यशो ब्रह्म :- विशाल अछाम राज्यको कल्पना गर्नाको साथै सिजापतिको इतिहास निर्माण गर्ने शलीवाट प्रभावित भै आफ्नो राज्यको जयगढ, दर्ना, घोडासैंन, पातल, कौवालेख कालापानी लगायत बिभिन्न भन्ज्याङमा विषेश गरी "ओम मणी पद्म हुँ" भन्ने शिला लेखको स्थापना गरेका थिए, जुन अहिले पनि सुरक्षित देखिन्छन् । जयगढमा पाइएको " ओम मणि पद्मे हुँ" । महामण्डलेश्वर बुद्धकुलावतार श्री मन्मताराज यशो ब्रह्म स्थित जयतु सर्पु कोट शाके १२७६ " शिलालेख यिनको हो भन्ने जनविश्वास छ । यिनले धारा, पौवा, पाटी धेरै बनाएका थिए । बान्नीगढलाई स्थायी राजधानी पनि यिनले बनाए ।

३३)- इन्द्रब्रह्म

३४)- मलै ब्रह्म :- खिलमका वीखतका र संग्रामका नाडाका हुन् ।

३५) जगति ब्रह्म :-

३६) जितारी ब्रह्म :- भाई सुरत (सुर्तान) ब्रह्मका घुँघुर कोटे भए ।

३७) जयतु ब्रह्म :- रतम (मूर्ति) ब्रह्मका - सिउँडीका हुन् ।

३८) साइम ब्रह्म :- भाई बाग्ब्रह्मका - पातलकोटे हुन् ।

उदय ब्रह्म बिखमका तोषिका भए ।

सूर्य ब्रह्माका कोल्टी रूगिनका मल्ल भए ।

३९) विनोदी शाही :-

भाई पुनिका बाड ठाँडो ठकुरी र पायले-सावाका हुन् ।

" विखिका ससुकालो ठकुरी,

" विक्रम शाहीका रिडीकोटे हुन् ।

यिनलाई पनि तपस्वी एवं शक्तिशाली राजा मानिन्छ । यिनले आफ्नो पालामा काजीको माथि मन्त्रणा दिनेलाई बूढाथापा (हालको

प्रधानमन्त्री) भन्ने चलन चलाए / प्रवाफादीपा बूढाथापा यिनका मूख्य मन्त्री थिए। डोटेल राजाले समय समयमा अछामलाई हैरान पार्ने भएकोले अछामी राजा र मन्त्रीको मन्त्रणा भै दिपाको राजासँग वैमनुस्यता भै निजलाई वर्खास्त गरेको हल्ला फिजाई दिपाले डोटी दिपायल गढीमा रैका राजाको दरवारमा शरण लगे। दिपा बूढाथापाको भिनाजु दिपा कठायत रैकाका काजी थिए। चतुर दिपा बूढाथापा डोटीका राजा प्रजाको प्रियमात्र वने। सबैको बिश्वास पात्र वनिसकेपछि एउटा कुटनीतिक चाल चली उनले राजासँग अछाम हान्ने सल्लाह गरे। उनको बिश्वास मानी अछाम हान्ने तैयारी भै सारा बालिग डोटेलको पल्टन लिएर राता रात आई चौखुट्या पुगे। उत्ता दिपा काजीले गुप्तचर द्वारा अछामी राजा कहाँ पल्टन आउँदैछ रातमा ७ थाना बाँसमाथि बत्तीबाल्ने व्यवस्था गरीराख्नु भन्ने खवर पठाई सकेछन्। चौखुट्या पुगेर बान्नीतिर हेरी रैका राजाले कहाँको बत्ती हो भनी सोधनी गर्दा अछामी राजाको घोडा तवेलाको बत्ती हो भनी बताएछन्। यसवाट पनि डोटेली पल्टन भित्र भित्रै हरेस खाए। आज त्यहाँ पुग्न सकिन्न भोलि राती बान्नी गढीमा आक्रमण गर्ने सल्लाह गरी पल्टनलाई साँफे नजिकको बगरमा राखेछन्। पल्टनलाई खस्सी लगायत खानाको व्यवस्था मिलाई दिपा बूढाथापा घर तर्फ गएछन्। उत्ता यिनकै सल्लाहले अछामी राजाले बूढीगङ्गासँगको पानी नखानु भनी राज्य भर ढर्दि फैलाई मालिकावाट बिषका भारीको भारी ल्याउन लगाई मौरे नजिक बिष चुटाउँदै नदीमा बहाउन लगाएछन्। नदीको किनारमा लुकेर बसेको रैकाको पल्टन बूढी गङ्गाको पानी पिउँदै बगरमा पल्टँदै प्राण त्यागेछन्। यसरी सारा पल्टनलाई सखाप पार्न लगाई सुनको पिंजरामा बिराजमान भएका बिना शुभ मुहूर्त नभई वाहिर ननिस्कने रैका राजालाई अछामी राजाले बालपाई बितायो भागौं भनी निजलाई भगाई डोटी पुऱ्याई

दिएछन् । त्यस दिनबाट डोटेल राजाले अछाममा चढाई गर्ने शाहास गरेनन् । दुवैराजाको मन्त्री अर्थात भिना सालामा नराम्रो वैमनुस्यता थियो। दिपा बूढाथापाको ठूलो जुगाँ भएकोले तिम्रो जुगांको घट्टको कुच्चो बनाउँछु भनो कठायतले र मसिना नलिका घट्टाका कटकटे बनाउने छु भन्ने दिपाको प्रतिज्ञा थियो रे। यसमा दिपा बूढाथापाको जीत भयो भन्ने किम्बदन्ती छ । महाराजले कालिमाटीमा गढी बनाउन लगाई शितकालिन राजधानी बनाएका थिए ।

४०) भैरव शाही :- यी राजा धार्मिक प्रवृत्तिका हुनाले यिनले श्री बैद्यनाथ नजीकै विनोद शाहीको शितकालिन राजधानी कालिमाटीमा राजधानी सारेका थिए । यिनी वैद्यनाथबाट धेरै प्रभावित थिए भन्ने जनश्रुती पाइन्छ । राजाज्ञा जारी गर्दा सर्व श्री वैद्यनाथ लेख्ने चलन थियो भन्ने जनश्रुतीको मानशाहको ताम्रपत्रले पुष्टि हुन्छ । यिनले ककड् सातको पश्चिम बूढी गङ्गाको किनारमा अवस्थित मोतिपुरमा कोट बनाएका थिए ।

मोतीपुर कोट र ककड सातको बीचमा मानव निर्मित ठूलो भञ्ज्याङ्ग छ । सुरक्षाको दृष्टिले यिनै राजाले रैतिद्वारा भंञ्ज्याङ भन्न नसुहाउने चिरो बनाउन लगाएका थिए । तर कोही भन्दछन् त्यति-बेला "बीर" भनिने भूतको पनि निक्कै चलतिकाला थियो । खन्दा खन्दै चिरो रातारात खनी बूढीगङ्गा फर्काई राजाको कोट बहाउने बिचारले भूतले खनेको हो । तर विहान भएकोले बाकिरहेको हो भन्ने छ । बिज्ञान तर्फ रूचि राख्नेहरू प्राकृतिक घटनाबाट नै त्यहाँ नेरको भूभाग भाँसिएको अनुमान गर्छन् ।

४१) भोपति शाही :- भाई माधो राज शाहीका सैनाबस्याल हुन् ।

४२) भानु भन्ने भान शाहा :-

अछामको स्थायी राजधानी कालिमाटी गढीबाट शासन चला-उन राजामा यिनको ठूलो ख्याती थियो । यिनको सबयना देश बन-

धान्यले पूर्ण एवं शान्ति थियो भन्ने बिभिन्न आश्रय नबाट झल्किन्छ । यीनको २ महारानीबाट धेरै समय भैसक्दा पनि कुनै सन्तान नहुँदा सारै खिन्न थिए। यिनको धेरै समय पूजापाठमा नै बित्दथ्यो। एक-दिन थलाराठिगका पं. शिवराम जोशी यिनका दरवारमा आएछन्। उनीले हरिवंश पुराण लगाएमा पुत्र प्राप्ति हुने संभावना बताएछन। उनको उपदेश मानी दरवारमा हरिवंश पुराण लगाएछन् । हरिवंश पुराणका कृपाले निजको जेठी महारानीबाट क्रमश: ३ बेतमा राम, मान, जहन्त, ३ छोरा र जगत र शक्ति जुम्ल्याहा भै ५ छोरा जन्मेछन् भने कान्छी महारानीबाट ७ महिनामा नै भियाँको जन्म भएछ। यो कुराको कालिमाटीगढीको ठिंगाल गाउँका गुरु घरानाबाट पाइएको :—

वैद्यनाथे तटे क्षेत्रे वृद्ध गङ्गा सरस्वती,
तत्रस्थले रजस्थाने भानु शाह नृप भवेत,
राबद्वारे गतं सिपं शिवरामञ्च पंडितम् ॥
हरिवंश पुराणन्तु समुमिदान सञ्चितम् ।

श्लोक सहितको पत्र र भानशाहको निम्न बमोजिमक भूमि-दान गरेको ताम्रपत्र (जुन अक्षर सुधारी दिन्छु भन्ने बहानामा पण्डितलाई भुक्याई पायल गाउँका गोइच्या सुनारले लगी बेपत्ता पारी दिएछ। हाल सरोट मात्र सुरक्षित छ) बाट पुष्ठि हुन्छ भने बिनोद शाहीको पालाबाट शितकालिन राजधानी रहेको कालिमाटी गढी अर्थात् वैद्यनाथमा भान शाहाका पालासम्म करिब १०० वर्ष सम्म त्यसपछि मोतिपूरमा समेत मिलाई यस क्षेत्रमा करिब २०० वर्ष सम्म अछामको राजधानी रहेको कुरा पूर्णरूपले प्रमाणित भएको छ।

श्री वैद्यनाथ — कालभैरव

१

श्री मान शाह — पीर सर्पनाथ

१ — २

श्री गणेशाय नमः ओम स्वस्ती श्री साके १६२८ श्री सम्वत् १७६३ श्री महाराजा भान शाह राजपद श्री रेंजयुतु श्री भान शाही राजपुत्र शाहीज्यूले कालिमाटी सिरान मतागाउँ भित्र ३ कुल खेत ४ कुल उज्यालो पाखो रेखा साँद तलको कोल सिरानको कुलो मयामें ठिंगाले शिवराम जोशीले नारायण जोशीले देव जोशीले पायो सर्वकरडाकर

मरी पायोज्यू,

दात्र साछी

सूर्य चन्द्र भूमण्डलको साछी, ...

श्री वैद्यनाथ कालभैरव वृद्ध गङ्गा साछी, ...

पीर सर्पनाथ साछी, ...

कान्सा राजा प्रबल शाही रतिम शाही, ...

षप्तडी अइतु बूढा साछी, ...

पर्वा षुलाल बप्तडी साछी, ...

कौवालेखका आनन्द बिष्ट साछी, ...

जसु भण्डारी साछी, ...

दामंचन स्वाँर साछी, ...

देवान केशु बिष्ट साछी, ...

सविता मान साछी, वृद्ध पाध्या साछी, ...

भगिरथ पाध्या साछी, कपलखेतका शिवराज जोशी साछी, टिमिलसे-नका गच्चु पाध्या साछी, ...

स्वदपं परदत्तं वा –

यो हरान्ति वसुन्धराम् ।

षष्ठि वर्ष सहस्त्राणि,

विष्टायां जायते कृमिः ।

(भावार्थ:- आफूले वा अरू कसैले दिएको भूमिदान (त्यसमा पनि अझ ब्राम्हणलाई) जसले अपहरण गर्छ उस्ले ६० हजार वर्ष सम्म

न्गुहुको किरा भएर रहनु पर्दछ)

जो विनोद बम भान शाहको चेला नाती हो तो यो धर्म राखी लियो । जो हाम्रो वंश हवन जार पुत्र, हवस त्यो धर्म खोइ हन सो बुझी ब्रम्ह अंश छोडिदियो शुभम्

यी भान शाह राजाको जेठी महारानीबाट जन्मेका पुत्र गर्भ जेठा भए तापनि कान्छी महारानीबाट ७ महिनामा नै भिया शाहको जन्म भएबाट राजा यिनीनै भए । जेठी महारानी पट्टिका गर्भ जेठा भएबाट टीका जेठो जेठी महारानीपट्टिका सन्तानको हुने निर्णय गरेबाट कुलदेवी पुज्ने लगायत जेठोले गर्नु पर्ने पारिवारिक कार्य कालिमाटी गढिका ठकुरीले ऐले सम्म गर्दै आएका छन् । यिनकी कान्छी महारानी दुलाल राजाकी छोरी हुन् र यिनले भाँड, जनाला जै गठि ल्वार, सुनारकोटी भूल समेत दाइजो ल्याएकी थिइन् । जेठी माहारानीको माइत कमाउगढ भएकोले उनले २१६ देउडा भएको होरी र घमारोका देउडा भएको पुस्तक तथा सोको तालमा नचाउन जान्ने जुतारे दमाई सहित झालेमाले गाई र गोरुको बथान ल्याएकी थिइन् भन्ने जनश्रुती छ ।

राजाकहाँ भाद्र १ गते बादीले बिउँदै सुगुरलाई दाँतले टोकी मार्ने मलौरे जात्राको आयोजना हुने र २ गते वैद्यनाथमा मनाउने प्रचलन छ । गढवाली भाषाको होरीको देउडाको वही कालिमाटीमा हुनु र सबै भन्दा राम्रो होरो यहाँको मानिनाको साथै जुत्तारे दमाईको सन्तान पनि कालिमाटीमा भएको, १ दिन होरीको समयमा होरी खेल राजा कहाँ लाने प्रचलन हुनु, शक्ति शाह बाबुका मूल परेकोले मावली घर कुमाउ पठाएको, राजा स्वर्गारोहण भै सकेपछि मात्र फिर्ता ल्याए-का कुरा बाट उल्लेखित जनश्रुतिको पुष्टयाई हुन्छ । भान शाहका भाइ प्रबल शाहीका पंचांगी हुन् ।

४३- भिया शाह:- जेठी मुमा पट्टिका भाइहरूलाई कालिमाटी गढी छोडी नजीकैको मोतिपुर कोटलाई राजधानी नै बनाए । भाइ रामको

अपुताली र कालिमाटीमा मानका पिपलरूखे, जहन्तका दहखेती, जर्गतका सिमलरूखे तथा शक्तिका तल्लो सिमलरूखे हुन् ।

४४- मूर्ति शाह:- भाइ हरि शाहका तिखुलाकोटका र भगिउन्तका वाग्नातोल्लीका हुन् ।

४५- कृष्ण शाह:- भाइ सुन्दर शाहका वागापाटी हुन् ।

४६- देवचन्द्र शाह:- यिनी यस वंशका अन्तिम स्वाधिन राजा हुन् । ३।३ पटक विद्रोह गर्दा पनि केही नलागी सम्वत् १८४९ मा आफ्नो लान नसकिने सम्पूर्ण सम्पत्ति श्री वैद्यनाथमा चढाई सपरिवार स्वनिर्वासनमा भारत काशीपुर गए । पूर्ण विवरण पृष्ठ ४४ मा पढ्नु होस् ।

४७- राजकुमार श्री मोहरशाह.- श्री पुष्कर शाह सँग सम्झौता गरी मोतिपुरको निकट ककड़सातमा वसोबास गरी राष्ट्रिय एकिकरणमा सघाउ पुर्याउँदै जीवन व्यतित गरे । पूर्ण विवरण पृष्ठ ४५ मा पढनुहोस् ।

४८- श्री रणभीम शाह:- यिनले निजी जमीन जोडी शान्ति पूर्वक जीवन व्यतित गरे ।

४९- श्री टाँकाभूप शाह:- तिनका आमाप्ट्रिका भाई बाँकाबीर भन्ने बलदेव शाह थिए । बाँकावीर नामानुसार निकै सुरबीर भएकाले अछाममा यिनको निकै दवदवा बढ्दै थियो । उनी अछामलाई स्वतन्त्र पार्न गुरिल्ला किसिमको युद्धको तयार गर्दै थिए । तर कसैको भनाई छ यिनको बढ्दो प्रभावबाट आँतिएर यो झुटा आरोप लगाई त्यतिबेलाका अछाममा प्रमुख भूमिका निर्वाहगरी रहेका भवानी सिंह स्वाँर र कालु सिंह स्वाँरले श्री ३ जङ्ग बहादुर राणामा जाहेर गरे । फलस्वरूप उनीहरूलाई वाकावीरको टाउँको काटी ल्याउनु भन्ने अह्राट भएछ । आफ्नो नाममा प्रमागी भए तापनि निजहरूले रूद्रसिं स्वाँरलाई र सरूपसिंह स्वाँरलाई षडयन्त्रमा मिलाई बाँका वीरसँग मिल्न लगाए । बाँकावीर विश्वासमा परेपछि वि.सं.

१९०६ को वर्षा ऋतुमा एकदिन स्नान गरिरहेको बेला रूद्रसिं स्वाँरले बांकावीरलाई काट्न सफल भै टाउको लिई काठमाडौं पुगे। यो काममा आत्मग्लानी भै सरूप (सर्भू) सिंहस्वाँर मधेशमा नै बसे। टाउको काठमाडौंमा पुऱ्याउँदा सबै काम भवानी सिं र कालुसिंले आफैं गरेको जाहेर गर्दा खिन्न भै रूद्रस्वाँर भारत लागे। उनका सन्तान भारतको उ. प्र. हलद्वानीको कोटाभावर कप्तानगंजमा छन्। यस कार्यबाट भवानी सिं मधेशका कप्तान र कालुसिंह बैतडीका बडाहाकिम भएका थिए। पछि झिकाइएका स्वरूप सिंहले सुबेदारी दर्जा पाएका थिए। मेदनी राजा, जसुस्वाँर र जसुविष्ट ले वैद्यनाथ साक्षी राखी गरेको प्रतिज्ञा बिश्वासी भएर भंग गर्न लगाएकोले प्रायश्चित स्वरूप श्री वैद्यनाथ मन्दिरको जिर्णोद्धार एवं महापूजा गरेतापनि भवानी र कालु सिंहस्वांरले अपुतो भै मर्नु परेको थियो भन्ने जनश्रुती छ। हाल वनगढी निवासी श्री ललिजंग स्वाँर सँग रहेको निम्न पत्रबाट पनि बाँकावीर काटिएको पुस्टि हुन्छ।

१– श्री मिनिष्टर

स्वस्ती श्री भद्राज कुनारतमज श्री कर्णेल खड्ग बहादुर कुवर राणाजी कस्यपत्रम् आगे सरूप सिंह स्वाँरकै यथोचित उप्रान्त भगुवा भारदारका मद्दतले हानी माथि दगागर्न आउन्या अछामका बलदेव साहीलाई काटी आउनु भनी भवानी सिं स्वाँर कालुसिंह स्वाँ-रलाई पठाएको हो। अराया बमोजिम बलदेव शाहीलाई काटी आउँदा हाम्रो दाजु सरूप सिंह स्वाँर मधेश रह्याका छन्। झिकाई बक्सनु हवस् भनी विन्ति गर्दा भगुवा भारदार सँग मधेश गया को तकसीर माफ गरी आउनु भन्या वोजतटकार दसकत १— दाजे ब्यूबाट आउँदा नआइ छिला गऱ्याको क्या अर्थ हो अझ पनि भगुवा भारदारका रेकवमा पनि सिकिस्त हुन्याछ। कुनैको सन्देह नराखी खातिर जामासंग दरकत देखत चाँडो ५।७ दिनमा यहाँ आइपुग्न्या काम गर इति संवत १९०६ साल मिति: पोष सुद्धि १५ रोज ७

शुभम् ।

यस प्रकार वि. सं. १९०६ सम्म पनि यदा कदा अछाममा बिप्लवको झिल्का देखिने हुँदा सधैंको लागि साम्य पार्न दरवारले श्री ५ गिर्वाण युद्ध की छोरी र बझाङी राजा गजराज सिंहबाट जन्मेकी भाञ्जी मैयाँले चिनिने राजकुमारी त्रिभुवनेश्वरीको विवाह यिनी टीकाभूप शाहसँग गराइयो। यसबाट यिनको दरवारसँग राम्रो सम्बन्ध बढ्यो। यिनले काठमाडौंबाट कर्मी झिकाई हावा-पानीको दृष्टिले अतिनै राम्रो मानिएको मंगलसेनमा मौसमी दरबार (हालको प्रशासकिय भवन) निर्माण गर्न प्रारम्भ गराएका थिए। यिनै कर्मीलाई झिकाई राजा जय पृथ्वीले बझाङमा दरवार बनाएको थिए रे।

तत्कालिन नेपाल नरेशबाट यिनलाई नानकारी राजा (पंचवत हेर्न) दिने व्यवस्था मै रहेको अवस्था छोरा कुलदिप, दत्त बहादुर, थिर बहादुर टेक बहादुर र छोरी सुरत कुमारीलाई छोडी कलिलो उमेरमा देहावसान भएको थियो। यसरी पतिको चाँडो मृत्यु भएकोले त्रिभुवनेश्वरी शाह छोरा छोरी सहित धेरैजसो काठमाडौंमा नै बस्न थालिन्। यसबाट यिनका छोराहरूको धीर शंसेरका छोराहरूसँग हेलमेल बढ्न गयो। जुन कुरा जगत जङ्गलाई सह्य भएन। यसको बदला लिन अवसर खोजी रहेकै बेला पल्लाजोलका वक्तवार शाहीकी ठकुरानी श्री ३ जङ्गकी नेवारनी पट्टिको छोरी सेतीमैयाँसँग कुलदीपको अवैध सम्बन्ध रहेको पोल खुल्यो। यी कुराको चालपाई श्री ३ जङ्गले भाःजी मैयाँलाई छोरालाई बाहिर भगाई दिने सल्लाह दिएका थिए। रानीले पनि छोरालाई संझाएकी थिइन् तर वक्तावारलाई कमजोर संझने कुलदीपले मुमाको सल्लाह मानेन्। फलस्वरूप जगत जङ्गको सहारा पाएका बखतावारले मुद्दा उठाए। त्यतिबेलाको नियम अनुसार टुडीखेलमा डोरीको चारतहको बार लगाइयो। कुलदिपले खुकुरी लिएर दगुरे डोरी काटेर भाग्न

सके माफि हुने र अघिनै बक्तावारले भेटे काट्ने गरि दुबैलाई दगुराईयो । कुलदिपले डोरी काटेकै हुन् तर त्यहाँ जगत जंग द्वारा तैनाथ गरिएका व्यक्तिले पिस्तोलले कुलदिपको खुट्टामा फायर गरी ढाले । त्यहाँ पुगी बक्तावारले काटेछ ।

जवानी अवस्थामा नै वैधव्यरूप धारण गर्नु परेको त्रिभुवनेश्वरीलाई दुःखनै थियो भने वैद्यव्य धारणा गरी दुःखै दुःखले हुर्काइएका जेठा पुत्रको यस प्रकार इहलिला समाप्त हुदाँ कस्तो विस्मात भयो होला अकल्पनीय छ । यस अवस्थामा नेपाल नरेशवाट सान्त्वना दिनको लागि पंले बाटै दिने सुरसार भै सकेको अछाम राज्यको नानकारी राजापद उनकै माइला सुपुत्र दल बहादुर शाहलाई बक्सेको थियो ।

५०– राजा दल वहादुर शाहः–

यिनलेराजापद पाएर अछाममा आई ३ पुस्ता पछि पुनः राज्य बन्दोवस्त तर्फ लागे । यिनको उदय र राजदरवारको सम्बन्धले गर्दा अछाममा स्वाँरहरूको भूमिका मा चिसो पन आउन स्वाभाविकै हो । यसैले यिनका त्रुटी भेटाउने प्रयासमा एक थरी लागि परेकै थिए । पंले यिनकी मुमाले पित्रेना भवत्रवंककी छोरी कदम शोभालाई राजदरवारमा केटीको रूपमा चढाएकी थिइन् । उनी रूपवती भएकोले त्यहाँ उनले कर्म कुमारी नामकी छोरी जन्माइन् । तिन लाई त्यस बेलाका जंगिलाठ देव शंसेरले बिवाह गरे । उनीलाई रोलमा चलाउन हाम्री भान्जी हुन् भनी स्वीकारी हुक्का नली चलाई देउ भन्ने देवसमशेरवाट अनेकन प्रलोभन दिई दवाव पर्दा "केटीकी छोरीलाई भान्जी भन्न सकिदैन" भनेकोले देवसमशेर यिनीदेखि चिढिए । यिनै कृष्ण कुमारी तर्फका जगत, बहादुर र मासुरी शंसेर हुन् ।

यस घटनाबाट देवशंसेर रिसाएको छनकपाई पल्टाउने प्रयासमा लागेकाहरूले दल बहादुरले आफूलाई स्वतन्त्र राजाघोषित गरी श्री ५ बाट बक्सने लालमोहर मैं लालमोहर गर्छ भन्ने पोल गरी निम्न लिखित पत्र (कुण्डालीको) पेश गरेछन् ।

श्रीः १

स्वस्ती श्री मन्नत गिरिराज इत्यादी श्री राजा दल बहादुर शाहाकस्य रूक्का ....
आगे महन्त कल्याणगीरीके प्रति अछाम . . . का पुजारी कमर भर अछाममण्डलाई र अघि देखि गुठी रहेको कालाढुंगो खेत–मुरी १० को बाली र मण्डलाई दस्तुर ली पैरापुर्वाको रितसँग विधिपूर्वक नीत्य नैमित्य पुजा गरी शेष रहयाको भोग्य गर भन्ने बेहोराका १९२६ सालमा मेरा नाउमा लालमोहर भयाको छ । सो लालमोहर बमोजिम भर अछामका संन्यासी घरलाई परिआयाको डंड कुण्ड आम्दानी र लेखिएका गुठी रहेको भोग-गरी आयाको थिया । अगरामा ५१७ वर्ष नेपालमा बस्नु पर्दा अछामभरका जगा जगाका अमालीहरूले सो संन्यासी घरको डंड कुंड आम्दानीगुठीमा नबुझाई आफै आफै खाई दिन्छन् स्बुका अमर भरका सन्यासी घरको र गुठीमा बस्न आयका कुरियाको डंड आम्दानी तिमीले लिई सो आम्दानी गुठीका पैदावारले १ को नित्य नैमित्य पूजा गरि शेष रहयाको भोग्ये गर्नू भन्या हजुरबाट पनि मेरो नाउमा सनद गरि पायाँ हजुरको पनि जय मनाई बस्ताहुँ प्रभु जो मर्जि भनी तिमीले हाम्रा हजुरमा बिन्ति गर्दा जाहेर भयो । तसअर्थ भर अछामको सन्यासी घरको मंडलाई वस्तु काला ढूङ्गा खेतमुरी ९०, घर खेत मुरी १० को बाली पैदावार १ को नित्य नैमित्य पूजाचलाई शेष रहयाको भोगेगर भन्या तिम्रो नाउमा भयाका लालमोहर बमोजिम भर अछामका सन्यासी घरको र गुठीमा बस्याका कुरियाको ऐनले हेर्न

नहुन्या वाहेक हेर्ने हुन्या सम्मको झगरा त्यस गुठीमा छौंन्यार अमालीले छौंन्या दसोद छेंटौं बुझाई बाँकी आम्दानी अमालीबाट बुझिली ल्याई स्वर आस्दानी सो गुठी लगतमा गावी आम्दानी समेतले ...१... को नित्य निमित्य पूजा चलाइ शेष रहयाको तिमिले भोग्य गर भन्याहामीबाट पनि रूक्का वस्कत गरिबक्स्यूं । इति सम्वत् १९४४ साल मितिः फागुन वदि ९ रोज २ सुभम् ।

यस पत्रबाट यिनीमाथि देवशंसेरले राजद्रोहको मुद्दा प्रारम्भ गराए । भाईको दवावमा आई श्री ३ वीर शंसेरले राजा दलवहादुर शाहलाई राज्यच्यूत गरे । तर पछि "राज्य फर्काउँला तत्काल ब्रम्हदेव बजार अड्डाको ठेक्का लगिजाउ" भनी संझाई पठाए । यसै अवस्थामा वीर शंसेरको मृत्यु भै देवेन्द्रशंसेर श्री ३ भएकोले अन्योलमा परेका वेला केहि महिनामा नै देव शंसेर हटि चन्द्र शंसेर श्री ३ हुँदा दल बहादुरको भाग्य पुनः फर्क्यो ।

पूर्व इतिहास थाहापाएका श्री ३ चन्द्र शंसेरले काठमाडौं वोलाई यिनलाई पुनः राजापदको साथै अछामको ठेक्का राज्य (तोकिएको रकम सरकारमा बुझाई बाँकी आफ्नो पजनी गर्न पाउने) दिएका थिए ।

दलवहादुर शाह राजाबाट बर्खास्त भएको बेला संभवतः वि. सं. १९४९ तिर अछामको तोकिएको रकम बुझाई बाँकी आफू खान पाउने गरी लक्ष्मी स्वाँरका छोराहरूले ठेक्का पाएका थिए । लक्ष्मी स्वाँरका छोराहरूलेलाई पनि हातहतियार राखेको-मा राजद्रोहको लागि पक्राउ परे । सर्वस्वहरण भयो । यस अवस्थामा पक्राउ पर्नबाट बचिेका अछामका मात्र नभई राष्ट्रका बिभूति नेपाली भाषाका प्रथम नाटककार श्री पहलमानसिं स्वाँरलाई राजा दल बहादुर की बहिनी सिगाहीकी प्रख्यात महारानी सुरत कुमारी शाहले आश्रय दिई साहित्यिक सिर्जनाको शुभ अवसर

दिएकी थिईन ।

हिन्दु राज परम्परामा राजा बिते संतान नभएको अवस्था रानीले पनि गद्दी पाउँछ भनी यिनलाई साछी राखी महारानी सुरत कुमारीले ब्रिटिसकोर्टमा मुद्दा दिइन्‌ तर राजाले बहिनी भएतापनि झुट्टा बोल्दैन भनी उक्त कुराको इन्कार गरेका थिए। यसबाट बहिनी चिढिए पनि सत्यबादी थिए भन्ने यिनको अर्को प्रमाण मिल्छ ।

आफ्ना बुवाले अधुरै छोडेको मंगलसेनको दरवार यिनले पुरा गराएका थिए । यसै क्रममा दरवारका ठूला बिम ल्याउन पूर्व दक्षिण अछामबाट मद्दत मगाएका रहेछन्‌ । बिम ठूलोहोलान हात्‌ वेत गर्दै ल्याउने भनि अह्राई पठाएछन्‌ । उनीहरूले १ हाथ १ वेतका टुक्रा टुक्रा पारि ल्याए । यो देखदा उनीलाई कति रिस उठ्यो हीला अनुमान गरौं । तर उनी नरिसाएर गाउँमा कसैले आगो नदिनु भन्ने उर्दिफिराई खानाको लागि चामल राखेको डालोका बीचमा घीउको बत्ति बाली दिए छन्‌ । बेगारीमा आएका ती रैतीले आगो कतै नपाई भात खान नसकेको जाहेर हुँदा वास्तवमा अज्ञानीनै रहेछन्‌ भनी त्यसै बत्तिबाट आगो सल्काउन अह्राए छन्‌ । यसबाट उनको वास्तविकता पत्ता लगाएर मात्र निर्णय दिने गुण झल्किन्छ ।

५१– राजा गजेन्द्र बहादुर शाह :– यीनले साँफेदेखि चिउरी नाउ सम्म आधुनिक पाराको सुरूंग (ग्वालेमा) समेत भएको नहर खनाए, त्यस्को भग्नावशेष अझै छँदैछ ।

अछामको भ्रमणमा आउँदा डोटी गौंडाका जर्नल बहादुर शम्शेर राजाका खास मान्छे माथिनै काँठी कसी चढ्‌न खोज्ने जस्ता शोषण अत्याचारकोविरोध गरेकोले यिनी सँग मनोमालिन्यको विज टुसाउँदै गयो । यसैको हाराहारीमा बि. सं. १९७५ मा यिनको साला टेक नरसिंह राणाको अछाममा दौडाहा हुँदा बहा–

दुर शंसेरले राजालाई मिलाउन अनेक प्रयास गरे तापनि यिन लाई नसघाई आफ्ना सालालाई सघाएका थिए । यसबाट बहादुर संशेरलाई निकै पोलेको थियो । त्यस पछि जर्नलले अछामका टालुहरूलाई प्रलोभन देखाउन थाले । प्रभाका भवान सिं बुढा-थापा लगायत केही ठालुलाई हातमा लिई बि. सं. १९८५ मा भिटा समेत नाप्न लगाई महासर्पट नापी गराए, जसबाट अछाममा एकैचोटी अन्याय पूर्व-क मालपोत बढ्यो । त्यति मात्र होईन मालपोत-को वदला सिलगढीमा रहने ५०० पल्टनको रासनको लागि चामल बुझाउनु पर्ने प्रथा लादियो । यहाँ देखिनै "अछामका गोदामेलाई फुलौटी उकालो" भन्ने देउडा गितको उत्पत्ति भएको हो ।

राजा र घोडावैनका लोकमान बिष्ट समेतले अन्याय पूर्ण नापी भयो भनी श्री ३ मा विन्तिपत्र चढाए । राजा स्वयं लोकमान विष्ट समेतलाई प्रतिनिधि लगी काठमाडौं गए । नापी ठीक भयो भन्नको लागि भवान सिं समेतको टोली बहादुर शंसेरले पठाए । यस्को कुनै टुंगो लागेन । चामल गोदामको सक्रिय बिरोध गर्ने प्रभाका डवल बहादुरलाई श्री ३ भिमले नाम अनुसार उल्टो डवल मालपोत तिर्न पर्ने आदेश गरेका थिए । यिनले डवल तिरो तिरे तापनि जीवन भर चामल गोदामको बिरोध गर्दै रहे । हालको प्रभाको विद्यालय यिनले नै स्थापना गरेका हुन् । सबै अन्याय अत्या-चारको बिरुद्ध संघर्ष गर्दा गर्दै आर्थिक स्थिति नाजुक हुन गए तापनि गान्धिद्वारा प्रभावित डवल बहादुर जीवन पर्यन्त संघर्ष गर्दै रहे तर अपेक्षित जनसहयोग पायनन् ।

आफ्नो बिरोधमा उत्रेका भन्ने प्रतिशोधको भावनाले ग्रस्त भै ज. ब. ले राजाले तिरेको रकममा गोलमाल गर्न लगाई बकौता उतारी बि. स. १९८७ तिर अछामी राजाको दरवारमा रहेको मन्दिरको सामान बाहेक नगद, जिन्सी, घोडा, गाई, गोरुसमेतको जायजात गरी सिलगढीमा लिनलगाई राम्रो समान आफूले राखी अन्य लिलाम गराए । दरबार

र जमिन पनि लिलाममा चढाए । यो खवर सुनी नापीको बिरोधमा गएका राजा काठमाडौंमा श्री ३ को दरबार धाउन थाले । उक्त अछामबाट राजाको कान्छी महारानी रत्नकुमारीले यिनको भिनाजु मेघराज शंसेर मार्फत जाहेर हुने गरि श्री ३ भिम शंशेर छेउ बिन्तिपत्र पठाइन् । जाहेर हुँदा बहादुर शंशेरलाई रू. २५। दण्ड गरी जायजेथा संपूर्ण फिर्ता गर्नु भन्ने आदेश गरे । गाई, गोरु, घोडा लगाएत संपूर्ण आफ्नै सम्पत्ती पाए मात्र फिर्ता लिने अडिड लिएकाले दरवार लगीन बाहेक अरू फिर्ता लिन सकेनन् ।

यस प्रकार बहादुर शंशेर सँग यिनको विरोध बढ्दै गएका र मालपोत बढाएको, चामल गोदामले गर्दा जनतालाई परेको मर्काको विरोध गर्दा पनि कैलास उत्तर पश्चिम अछामका ठालुले साथ नदिएकाले बहादुर शंशेरको अधिनमा नबस्ने भन्ने बोट्टी लगी कैलाश पूर्वको अछाम वैलेख गाभे । यसरी तिगो अछाम डोटी र दैलेखमा बाँडियो । अन्त्यमा राज्यको बदला राजापद धारण गर्ने गरी आफ्नो जिवताभरको लागि केही गाउँको छापमाना चामलको मात्र प्रयोगी गराए । यसरी नापीको बिरोध गर्दा गर्दै वि सं. १९९२ श्रावण महिनामा यिनको देहावसान भयो । राजा बल बहादुर र यिनले अछामको शितकालिन राजधानि मोतिपुरकोट नजिकै ककडसतलाई कायम गरेका थिए ।

यिनका पालामा २ टुक्रामा विभाजित अछाम स्व. श्री ५ महेन्द्र सरकारको २०१३ सालमा डोटीमा भएको सवारीको वखत जनताले माग गरे अनुसार २०१४ सालमा अछाममा माल र अदालत स्थापना हुन गै अछामको पुन: एकिकरण भएको थियो । तर वि. सं. २०१८ सालमा जिल्ला बिभाजन गर्दा राजनैतिक स्वार्थ-वस ८०० दरका तत्कालिन १३ गा. पं. लाई डोटीमा गभिए । अछामकै सपुतको प्रयासबाट पुन: ८०० दरा अछाममा मिलाइएको हो । तै पनि बहादुर शंशेरका पालादेखि फैलिएको कैलाश बारी र

पा रीको भावना अझै निर्मूल हुन सकेको छैन भने व्यक्तिगत स्वार्थले क्षेत्रिय भावना फैलाउने प्रयास यदाकदा अझै भएकै पाइन्छ । जुन दुर्भाग्यको बिषय भएको छ ।

यिनका भाई लोक बहादुर शाह भारतको पल्टनमा कप्तान हुनु भएको थियो । यसै सन्दर्भमा उहाँ बेलायतमा रहँदा राजा जय पृथ्वी बहादुर सिंहबाट प्रभावित भै उहाँ सँग मानवतावादको प्रचार गर्दै बिश्वभ्रमण गर्दा सँगै रही फर्केर आउँदा भारतको सिगाहीमा जीवनको अन्तिम समय व्यतित गर्नु भएकी थियो।

५१:- राजा गजेन्द्र बहादुरका छोरा राजकुमार योगेन्द्र बहादुर शाह, राजकुमार महासेनानी तपेन्द्र बहादुर शाह (काठमाडौं बसाई) र राजकुमार एकेन्द्र बहादुर शाह । यिनीहरू राणाका भाञ्जा भएबाट राजा पद नपाएता पनि २०१६ साल सम्म छापमाना चामल कायम थियो ।

द्रष्टव्य :-

(१) तत्कालिन अछामी राजाले धेरै पटक विद्रोह गर्ने प्रयास गरेकोले भूमिगत र निर्वासित जीवन व्यतित गर्नु पर्दा अछामी दरवारमा रहेका शासन व्यवस्था सम्वन्धी श्रेस्ता अलपत्र परि नष्ट भएका र वचेका पनि मे. ज. वहादुर शशेरले राजा गजेन्द्र वहादुरको सर्वस्व गराएकोले सबै ऐतिहासिक सामाग्री सलाप भएबाट अछामको शासन व्यवस्था सम्बन्धी कुनै ठोस प्रमाण भेट्टाउन नसकिएकोले यस्मा मिती आदिको प्रस्ट रूपमा उल्लेख गर्न सकिएको छैन ।

अतः अछामभर कतै यस प्रकारको ऐतिहासिक कनक पत्र, ताम्रपत्र आदि कसैसग छन् भने विज्ञजनबाट उतार गरी पञ्चायतबाट प्रमाणित गराई अछामको ऐतिहासिक तथ्य प्रकाशमा ल्याउन र

(२) प्रथमतः अछाम वासीका बिभिन्न जातजातीको वंशावली

पनि प्रकाशमा ल्याउने लक्ष राखिएकोले आ आफ्नो वंशाव-
लीको प्रतिलिपी उपलब्ध गराई सहयोग गर्न हुन समेत साग्रह
अनुरोध छ।

कालीमाटोगढीका एक शाखा

१- महाराज भाग शाहका काँइला सुपुत्र जगति शाह (२) जयब-
हादुर (३) भिमबहादुर (४) कालु शाह (५) जोगा शाह (६) नरब-
हादुर-हीराका (७) (क) देवबहादुर र (ख) धनबहादुर ७ (क) देव
बहादुर- रेवतीका-कुलबहादुर र प्राकर्म शाह

७- (ख) धनबहादुरका प्रेम यिनका रणबहादुर (अपुताली) गोकुल र
पदम (अपुताली) गोकुलका बीरेन्द्र र सुरेन्द्र।

८ (ख) प्राकर्म शाहका भंकर बहादुर जिनका प्रकाश, पुस्कल, नरेन्द्र
र कमल

८ (क) कुल-पद्मावतीका-चन्द्र, हस्त, तिल बिक्रम, उजित र छोरी
लक्ष्ली (डुरराकोट)

९ (क) चन्द्रबहादुर-मन शाहका-सुरत, कमल छोरी रत्ना, कृष्ण
र भद्रा (डुरराकोट) तथा देवी (झाँडेपानी कैलाली)

९ (ख) हस्तबहादुर-धनकलाका – टेक, दीपेन्द्र, रवीन्द्र छोरी गुलाब
(कोटातुलसीपुर) र ललिता (दार्चूला)

९ (ग) स्व. तिल बिक्रम -पद्माका – क्षेत्र, खगेन्द्र, प्रेम, छोरी झुपा
(दैलेख) र बृहस्पति।

९ (घ) स्व. उजित-हर्कमति, सूर्याका – महेन्द्रछोरी नर (बाजुरा)
शोभा (कोटातुलसीपुर) द्वारीका र देव तथा सूर्या तर्फका
जगतबहादुर।

१०(९क) १- सुरतबहादुर-विमलाका-महेश बिक्रम, छोरी विद्या तथा
भावना र छोरा उमेश बिक्रम र

२- कमल- ललितका- योगेश, नरेश र छोरी भाग्यवती

१०(९ख) टेकबहादुर- बिष्णुका – निराजन शाह।

प्रजातन्त्र पछि अछामको नेतृत्व

मानानिय संसद सदस्यहरू :-

१) श्री दिलबहादुर बुढाथापा क्षेत्र नं. ७२ | ०१५-०१७ मार्ग भसास्त
२) श्री इन्द्र बहादुर रावल क्षेत्र नं. ६१ |

माननिय रा. पं. स. हरू :-

१) श्री नृप बहादुर स्वाँर – २०१९–०३० रिडीकोट
२) श्री टेकबहादुर रावल – २०३०–०३२ जुपु
३) कृष्णबहादुर रावल (बलिगाउँ) | २०३२ ०३७
४) श्री देवेन्द्रबहादुर शाह (विमकोट) |
५) श्री नैन बहादुर स्वाँर (रिडीकोट) | २०३८–०४२
६) श्री वर्नाली राजा देवेन्द्रबहादुर शाह |
७) श्री जनक बहादुर शाह (विमकोट) | २०४३–
८) श्री बिजय बहादुर कुवर (श्री .कोट, |

जि. पं. सभापतिहरू :-

(१) राज कुमार श्री एकेन्द्र बहादुर शाह (२) श्री नर बहादुर स्वाँर (३) श्री हरिप्रसाद भण्डारी (४) श्री हम्वर बहादुर स्वाँर (५) श्री कृष्ण बहादुर रावल (६) श्री राम बहादुर शाही (७) श्री देवेन्द्र बहादुर शाह (मगलसेन) ०३९-०४३ (८) श्री राम बहादुर शाही- ०४४-

---

"बिकासको हाम्रो तात्पर्य भौतिक उपलब्धी मात्र होइन, हामीले खोजेको बिकास मानिसको संपूर्ण आध्यात्मिक, बौद्धिक एवं भौतिक बिकास सित अपरिहार्य रुपमा सम्बध राख्दछ ।"

२०३६।१।१

—श्री ५ वीरेन्द्र

योगी नरहरि नाथज्यूको दृष्टिमा हाम्रो संस्कृति र वैद्यनाथ

मूल कैलाशको उर्ध्वार्ध भाग लिएर राष्ट्रिय टोपी बनेको हो। मध्यार्ध भाग लिएर राष्ट्रिय मुकुट बनेको हो। ... ... कर्णालीको हिम- शुभ्र जल प्रवाहको प्रतीक कल्की बनेको हो। कैलाशका पर्वरेखाहरू राजपट्ट बनेका हुन्। पञ्च कैलाशको लघु प्रतीक ५ वटा चाँद बनेको हुन्।... —

मन्दिर –स्तुप –घुमाउने घर गजूरको निर्माण गर्ने शैली मूल कैलाशको टाकुराबाट लिएको हो। घण्टा ढाल्ने पीठथवादि शिवलिंग-को रचना गर्ने शैली कैलाश शैलीबाट लिएको हो।.....

भोटो, चोलो बक्खु यसै कैलाशका दक्षिण त्रिवेणीका प्रतीक हुन्।

पूर्व– पश्चिम् –उत्तर -दक्षिण चारै दिशाबाट हेर्दा पञ्चकैलाश मध्ये तिन कैलाश मात्र देखिन्छन् –.... तिनै तिनको प्रतीक लिएर ''त्रिशुल'' को रचना भएको हो। – ...

पूर्णचन्द्र मण्डलाकार (गोलाकारको प्रतीक लिएर भेटी, दुन्दुभि-दमाया, टयाम्का आदि अतोद्यावाद्य विशेषको रचना भएको हो। - — . रावणदहका हुट्रिक आकृतिको प्रतिक लिएर हुड्का, डमरू मादल, ढोल आदि दुवै तिर बजाउने बाजाको रचना भएको हो। ... ...

नौखुवा अछाम (अच्छाम्भ) का मण्डली साँध्या वैद्यनाथको ऐतिहा-सिक मन्दिर श्री कोटमा बूढ्गङ्गाको पश्चिम् तटमा छ। — — हजारौं वर्ष पुराना पुलिक आदि पुरातत्व छन्। 'हाम्रो देश दर्शबाट'

मूल कैलाशको एउटा मुखाकृति थुम्को लिएर एकानन शर्वलि-गको रचना भएको छ। चतुर्दल परिवार लिएर चतुरानन शिवलिंग

(शिवमूर्ति) को रचना भएको छ। चतुर्दल समेत मूल कैलाश लिएर पन्चानन (शिवमूर्ति) को रचना भएको हो।... . ...।

हिमालमाथि कैलाश कुट व्योम कुट आदि शिखरको प्रतिक शिरमा शिखा राखिन्छ।... ... ...

हिउँचुली जस्तो गरी चुल्याएर मानापाथि भर्ने चलन कैलाश कुट आदि हिमाल चुलीहरूको स्मारक हो।... ... ..

मानव समाजलाई स्वस्थ सुखी चिरायु राख्ने यस्तै हितकारक मौलिक वैज्ञानिक नियम धारक हुनाले धर्म भनिएको छ।... ... ...

हिमालमा जन्मेको हाम्रो आर्यजाति जगद्जेष्ठ हो। आर्यजाति को उदात इतिहास वैदिक साहित्य जगज्जेष्ठ हो। वैदिक भाषा संस्कृत जगज्जेष्ठ हो र विश्वभाषा जननी हो।... ... ...

हाम्रो जातिय एकताका प्रतीक केन्द्र कतिपय मुख्य ऐतिहासिक तीर्थस्थल . . . . ज्वाला खेचरनाथ, खोचर, भद्रनदी, कर्णाली मूल मानसरोवर गौरीसर: = गौरीकुण्ड कैलाश बडिमालिका वैद्यनाथ = साँप्या वैद्यनाथ शिर:कोट रिकसैन ... ., तीर्थस्थलहरुमा पुरातन शिद्धमहर्षिहरूका अनुसन्धाय जन्म भूमि कर्मभूमि छन्।

—हाम्रो मौलिकताबाट,

"असत्यमाथि सत्यको बिजय हुन्छ, अहकार भन्दा क्षमा र कल्याण नै ठूलो हुन्छ र प्रत्येक मानविय प्रयासमा दैवि शक्तिको रहस्य लुकेको हुन्छ।"

०२६।७।१ -श्री ५ वीरेन्द्र

छाप्ता छाप्तै

श्री ५ महाराजधिराज सरकार तथा श्री ५ वडामहारानी सरकारको जुनाफमा श्री वैद्यनाथ मन्दिर अछामको प्रांगणमा अछाम भरका प्रमुख पञ्चहरू, शिक्षकहरू, बुद्धिजिवी समाजसेवी, श्रद्धालु भक्तजन एव स्थानिय प्रशासक समेतको उपस्थिति रहेको ०४४।१।१२ को विशाल जनभेलाले ०४३ मा सु. प. क्षे को सवारीको शुभ अवसरमा श्री वैद्यनाथ मन्दिरको मर्मत र सभारको लागि मौसुफ सरकारवाट निगाह पूर्वक रू १ लाख बकस भएकोमा संपूर्ण अछामबासीका तर्फबाट हार्दिक कृतज्ञता चढाउने निर्णय गऱ्यो।

साथै भू. पू. रा. पं. अध्यक्ष श्री नैन बहादुर स्वाँर, माननीय रा. पं. स. द्वय श्री जनक बहादुर शाह, श्री विजय कुँवर तथा सेती अञ्चलाधीश पदेन संरक्षक भएको १६५ जनाको मूल समिति एवं निम्नानुसारको कार्यकारिणी समिति गठन र वैद्यनाथ विकासको लागि करिव रू. ७ लाखको गुरुयोजना स्विकृत लगाएत बिभिन्न २१ प्रस्ताव पारित गरेको जानकारी हुन आएको छ।

श्री वैद्यनाथ विकास समिति, अछामका पदाधिकारीहरु

१) अध्यक्ष- श्री राम बहादुर शाही- जि. पं. सभापति पदेन।
२) कार्यकारी अध्यक्ष :- श्री नारायण प्रसाद लम्साल- प्र. जि. अ ,,।
३) उपाध्यक्ष श्री हस्त बहादुर शाह- भू. पू. प्र. पं. -कालिमाटी।
४) सचिव-: श्री डण्डीराज जोशी- प्र. पं. वैद्यनाथ गा प ,,।
५) सह सचिव-: श्री गोवर्धन नाथ योगी- पुजारी वैद्यनाथ मन्दिर।
६) सदस्य- श्री स्थानिय विकास अधिकारी पदेन।
७) ,, - श्री प्रहरी प्रमुख जि. प्र. का. अछाम ,,।
८) ,, ,, श्री नन्द सिह कुँवर- प्र. पं. पायल गा. पं. ,,।

९) „ „ श्री धर्नसिंह खड्का „ लुंग्रा गा. पं. „ ।
१०) „ „ श्री कृष्णराज सुवेदी- „ जालपादेवी „ „ ।
११) „ „ श्री नर बहादुर कुँवर „ सिद्धेश्वर „ „ ।
१२) „ „ श्री लोक बहादुर कुँवर „ मष्टामाण्डौं „ खालसैना ।
१३) „ „ श्री नर बहादुर कुमाल „ रिडीकोट „ पदेन ।
१४) „ „ श्री तेज बहादुर विष्ट „ मंगलसेन „ „ ।
१५) „ „ श्री कृष्ण बहादुर शाह प्र. अ. नि मा. वि. खाल्सैन ।

सल्लाहकार

प्रहरी निरीक्षक श्री सुरत बहादुर शाह- कालीमाटीगढी ।
ओमर सियर श्री घनश्याम शर्मा- डोटे ।

"आधुनिकता यस युगको माग हो तर आधुनिकताको लक्ष्यतिर अगाडि बढ्दा नेपाली आफ्नो पनबाट कतै बाटो नभुली आफ्नो परम्पराको महान आदर्श र नेपाली आत्मालाई दरो पार्दै अग्रसर हुनु पर्छ ।"

०३०।६।२० श्री ५ वीरेन्द्र

... 'हामीले यस चाडको आदिकाल देखिको महत्वबारे मात्र होइन यसको प्रत्यक्ष प्रतीक रुपमा रहि आएका हाम्रा मन्दिरहरूका अवस्था बारे पनि उतिकै ध्यान दिनु आवश्यक छ ।"

०३३।६।१७ श्री ५ वीरेन्द्र

श्री वैद्यनाथ स्तुती

द. नं. १४२५

श्री वैद्यनाथ कन कर जोडी म पुकार गर्छु ।
गरिदेउ दुःखनाश हामी सबको भनी पाउ पर्छु ॥

अनिष्ट अत्याचार भवमा जति छन् हजार
ती सब हरावोस् भनी कन गर्छु पुकार ॥

तिम्रो प्रताप प्रभु मइले सबके जानु ?
तिम्रै दयामा उदित छन् चन्द्र औ भानु ॥

आशा भरोसा प्रभुँकै म पर्छु ।
अज्ञानी मूढ मत छु अब के पो सक्छु ॥

यो राष्ट्र तिम्रो, तिमीनै पिता हौ ।
हामी फगत प्रभुका सन्तान मात्रै ॥

सन्तान माथि समता दिलाउ ।
नेपाल शान्ति क्षेत्र हो जगमा चिनाउ ॥

पक्का छ विश्वास तिमीले दिने छौ साथ ।
दिए नौ यदि भने हुनेछौं अनाथ ॥

आशिष बर्षा रसकै गराउ ।
हे ! वैद्यनाथ प्रभु सबका दिलमा समाउ ॥

अस्तु

NEPAL SANSKRIT UNIVERSITY पुस्तकालय

"जन्म देखि मरण सम्म, सूर्योदयदेखि-
सूर्यास्त सम्म, इहलोक देखि परलोकसम्म
जीवनका–प्रत्येक क्षणका हाम्रा संपूर्ण
क्रियाकलापलाई सनातन–हिन्दु धर्मले-
निर्देशित गरेको हुन्छ।"

–श्री ५ वीरेन्द्र